# प्राचीन नेपाल

पुरातत्त्व विभागको द्वैमासिक मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या १२८-१२९
फागुन २०४८-जेठ २०४९

Number 128-129
February-May 1992

सम्पादक
साफल्य अमात्य

Edited by
**Shaphalya Amatya**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्ति स्थानः–
साझा प्रकाशन
पुलचोक, ललितपुर
नेपाल।

To be had of:-
Sajha Prakashan
Pulchok, Lalitpur
Nepal.

मूल्य: रु. १०।–

Price: Rs. 10/-

Printed at Matribhoomi Press, Kamal Pokhari, Kathmandu, Phone: 414076, 412501 & 410284

संख्या १२८–१२९
फागुन २०४८–जेठ २०४९

Number 128-129
February-May 1992

सम्पादक
साफल्य अमात्य

Editor
Shaphalya Amatya

CORNELL UNIVERSITY LIBRARY ITHACA, N.Y.

# विषय–सूची
# Cont nts

| | | Page |
|---|---|---|
| Restoration of Viswanath Temple at Patan Durbar Square | —Shobha Shrestha | 1 |
| Gold Gilding | —Sukra Sagar Shrestha | 5 |

**नेपाली खण्ड**

| | | पृष्ठ |
|---|---|---|
| सद्योजात | –जनकलाल शर्मा | १ |
| नेपालमा सूर्यमूर्ति र उपासना | –मोहनप्रसाद आचार्य | ११ |
| प्रधानमन्त्री जङ्गबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री | – | १५ |

# Restoration of Viswanath Temple at Patan Durbar Square

– Shobha Shrestha

The city of Patan, founded around third century A.D., is situated south-east of Kathmandu. It was the capital of an independent kingdom among many such kingdoms in the valley of Kathmandu. Patan is also known as Lalitpur, which, literally, means the city of fine art. The Durbar Square of Patan has been praised by many writers for its outstanding beauty and richness of its monuments. In this complex, more than thirty monuments, palace buildings, courtyards and a palace garden stand side by side. The Durbar Square, with all these monuments, presents one of the most beautiful examples of Nepalese architecture. The picturesque view of the square, with the palace on the right side and the temple on the left and the Himalayas in front, is enchanting and unforgettable. (Fig. 1 )

The palace consists of three main courtyards . The central one is Mulchowk, built in 1668 by King Sriniwas Malla. Taleju Temple on north-west corner of this courtyard was built by King Siddhinarasingh Malla. On the south of the Mulchowk is the beautiful Sundari Chowk, which was also built by King Sriniwas Malla as royal residence. The famous Tusha Hiti, which served as royal bath, is in the centre of this courtyard. This hiti (water fountain) is encircled by beautiful metal and stone images. On the north of the Mulchowk is Mani Keshav Narayan Chowk, which was built by King Yoga Narendra Malla in 1733/34. The entrance of this palace complex is decorated by artistic gilded door and Torana above it, which represents the image of Shiva Parvati.

Other important monuments of this Durbar Square are the famous temple of Krishna, Hari-sankar, Degu Tale, Bhimasena and Viswanath temple. Most of the temples besides Krishna Mandir are built in Pagoda style. The Viswanath temple which is supposed to be built by the Guru of King Siddhinarasingh Malla collapsed about two years ago after a heavy rainfall. In this article, I have tried to give a brief description of the restoration works carried out by the Department of Archaeology with the financial help from UNESCO.

It is worth recalling that Nepal signed the World Heritage Convention in 1978 under

UNESCO's initiation. In 1979, UNESCO listed seven important monument areas in World Heritage List. They are three Durbar Squares of Kathmandu, Patan and Bhaktapur; and the Pashupatinath, Changunarayan, Swayambhunath and Baudhnath sites.

Viswanath temple of Patan Durbar Square is one of the important temples of that area. It was constructed during the reign of King Siddhinarsingh Malla in 1625 A. D. (Nepal Samvat 747). The two tiered brick temple with tiled roof is built on a square base of brick plinth with finely carved-stone threshold. The sanctum is enclosed by an arcaded passage. The carved pillar of this arcade is, topped with equally carved torona (tympanum) with images of Shiva. There is an open space between the temple wall and the support pillars, which serves as a pradakshina. The roof struts have images of Surya, Ganesh, Annapurna, Shiva and Parvati. The temple has four doors, the western being the main entrance. One-faced Shiva linga is installed inside the temple. The stone made Nandi is placed on a raised platform of the western gate. On the same side, there are two lions and two human statues. The eastern entrance is flanked by two guardian elephants bearing the images of the donors who have constructed this temple.

The Viswanath temple is erected on two tiered plinth in harmony with its two roofs. The first and second roofs are supported by highly decorative struts. The struts are carved with different figures of gods & goddeses. The windows on all sides of both stories are also beautifully carved;and the central one is topped by a beautiful torana. The roof edges were decorated by bronze windbells .The carvings and decorations of this temple represent contemporary art and architecture of 17th century Malla period.

This temple was repaired in A. D. 1956 during the late King Mahendra's coronation. During His Majesty King Birendra Bir Bikram Shah Dev's coronation in 1974, major restoration works of the roofs were undertaken. Unfortunately, this beautiful temple suddenly collapsed on 6th of August 1989 injuring seven persons (Fig-2).

Firstly, the four sides of the top roof came down causing the eastern and southern roofs of the first floor to fall. But the northern & western roof of the first roof remained in a dangerous position. One of the main causes of collapse of this temple is the vibration produced by vehicles on the square. It is clear that most of the temples, palace wings, Patis and historical monuments in this square are very old and are in a delicate condition. They need immediate care and attention. Considering the fragile conditions of these monuments, the Government has now restricted traffic in the Durbar Square. At the same time, it was also decided that the bridge at Sankhamulghat will be constructed only as a foot bridge, which would help protect the monuments of this square from the vibration of the heavy traffic. After the collapsed of this temple, the remaining roofs were dismantled to save it from further damage.

For the restoration of this temple, the Department of Archaeology,through the Ministry of Education and Culture, Nepal National Commission for UNESCO, requested World Heritage Committee UNESCO,Paris to provide necessary assistance from its Emergency Rescue Fund. On 23rd October 1989, the Education Ministry, HMG received a telex from UNESCO stating that it would provide the fund for the work. The total amount of fund required was NPR 1022132.After receiving this funding approval, preparation for restoration

started. As it took a long time to get the fund released from UNESCO. the Department provided some loan to start the work in December. (Fig-3) The then Minister of Education and Culture Mr. Parsu Narayan Chaudhari initiated the restoration work by carving one of the struts. On this occasion,UNDP Resident Representative Mr. Jerrold Berke, Mr. Ramesh Jung Thapa, the then Secretary of Ministry of Education and Culture and distinguished people of Patan were present.

The supervision and implementation of the restoration works was done by the same technical staffs of the Department, who were working at Patan Durbar Keshab Narayan Chowk. But there was a technical committee to supervise and monitor the work regularly The D.G. of the Department of Archaeology was the co-ordinator of this committee other members included the representatives of Department and Nepal National Commission for UNESCO. Theoretically and practically, almost all the work was approved by this committee before making any payment, because the committee was very keen for the quality and standard of the work.

During the restoration work, different problems came up. Firstly, funds did not come timely. Secondly, necessary timber was not available in Kathmandu. It took months to bring timber from western part of Nepal. As a result, the restoration work could not be completed on schedule time. Timber was replaced in seventy per cent of the fitst and ninety per cent of the top roof. During restoration, all decorative pieces and the timber used for rafters, planks and faceboards were chemically treated before fixing it in the roof.

After the chemical treatment was done by the staff of the Patan conservation laboratory, the rafters were fixed on the roof; and they were covered by the planks and properly nailed. On top of that, two layers of tarfelt were laid down specially to protect the roof from rain-water leakage. Then the chemically-treated clay was laid down proportionately with the slope level. It would be important to mention that different chemicals were used for different materials. For example, timber was treated by xylophophne or xyloman mixed with linseed oil and kerosene oil. This chemical protects the timber from the insects as well as maintains the original colour of the timber.Jhingatis (traditional tiles) were treated by syltrit dissolved in water in 10 per cent ratio and the clay was treated by karmex with alcohol and water. Finally, the traditional roof tiles (Jhingati) were laid down. Here, all the Jhingatis of the edge line have been nailed to make it strong and supportive. Once the laying out of Jhingati was completed, corner tiles (Dhuri) were laid and fixed vertically. These Dhuris are fixed in a straight position so that it could absorb rain water. Both roofs were restored in this technique. Finally, some minor repair was done on the gold-coated Gajur and was fixed on the top of the roof.

The missing decorative parts-the pillars, struts, brackets and the tympanum of this temple are beautifully carved. By looking at these pieces we can appreciate craftsmanship of this period. Different carvings and struts were damaged when the roofs collapsed. All the broken struts were repaired as far as possible. Only those struts were replaced by new ones which were badly damaged or broken into pieces and were unreparable. On the advice of the Austrian Consultant working in Patan Durbar Conservation Project, the broken struts were joined by iron plates and knot-bolted from the back side which was not visible from the front. The technique was applied

only for the corner struts. The other struts were supported by the wooden planks from the back side fixing with chemicals and nails. Among twenty-eight struts of the first roof, three struts were replaced by newly carved ones. Among the twenty of the top roof, all struts were cleaned, repaired and fixed. All other missing decorations of these struts, torana and cornices were also carved and refixed. Three new toranas were also carved and fixed which were missing from the temple since long time. All these carvings were done by the local craftsmen exactly in the traditional design and style. One hundred thirty new bells were recasted and fixed on both roofs. One of the two elephants and both the riders on the elephant were damaged. The elephant and riders are also repaired.

Although this is a living monument and comes under the control of the Guthi Sansthan, most of the rituals and functions attached to have ceased to take place. The priest is doing the daily rituals on his own capacity. The Guthi Sansthan could not control the sale of the land donated to this temple by the donors. In this situation, the income from this land has stopped. So proper consideration for its maintenance and daily operation was not given. Guthi Sansthan also could not provide sufficient resources to carry on these function. After the collapse of the temple in 1989, the Department of Archaeology, with the financial help of the UNESCO, World Heritage Committee, Rescue Fund, the temple has been restored and the work is completed now.(Fig-4) The Department of Archaeology appreciates and is very much obliged to UNESCO for providing neccessary funds for the restoration of this beautiful temple of Viswanath of Patan Durbar Square, which is listed in World Heritage List. Without the help of UNESCO, it would have been difficult to do this job.

The total amount for the restoration was estimaed at NRs. 102,213,240/- in1987. The Department of Archaeology received NRs-500,000/- (five hundred thousand) in first instalment and Rs. 405,715/- (four hundred five thousand seven hundred fifteen) in second instalment. Because of the inflation of the market price, total expenditure for the restoration work amounted to NRs. 1,312,293/- (thirteen hundred twelve thousand two hundred ninety three). The Department has requested UNESCO to provide the remaining balance of NRs. 161,713/- which is to be refunded to the Department. The Department of Archaeology is thankful to UNESCO for providing the resources to carryout this restoration project. The Department is also thankful to Ministry of Education & Culture, Nepal National Commission for UNESCO, the technical teams of Patan Durbar Conservation Project and people of Patan for their kind co-operation and support to carry out this restoration work successfully.

## References

Art & Culture of Nepal
*-Dr. S. Amatya.*

Nepalese Architecture
*-Dr. N. R. Bannerjee.*

Nepalese Historic Monuments in need of Preservation
*-John Sandey.*



*Fig. 1*--Patan Durbar Square




*Fig. 2*--Viswanath Temple, after collapse




*Fig.3*--Viswanath Temple, during restoration



*Fig.4*--Viswanath Temple, after restoration

# Gold Gilding
## (A Traditional Craft in Kathmandu Valley)

-Sukra Sagar Shrestha

**Introduction:**

Gold gilding is one of the old professions in Nepal and is very famous and lucrative business. The skill is coming down from generation to generation within the certain class of the population- the Shakyas of Kathmandu valley.

Since the scientific method of gold gilding came into use, the traditional method should and would die out one day because the method of working in traditional method is premitive and tiresome. The cost price is also quite high in comparison to the scientific method. The scientific method is fast replacing its traditional counterpart.

So far to our knowledge, we do not know exactly when the art of gold gilding came into Nepal. Few pieces of gold ornament excavated in Lumbini and Kapilavastu shows that the custom of wearing gold ornament were already prevalent there before Christian era.

In Kathmandu valley the golden images were already in worship during sixth seventh century A. D. An inscription of Amsuvarma from Changunarayan of 607 A. D. states that the golden *asana* of Narayana including his *vahana* been renovated since the older one was broken (Bajracharya: 2030,317). Although the inscription was from 607 A.D. the original *asana* must have been older enough since this was renovated on that year. Changu Narayan was established by Haridatta Verma in 325 A. D. The image also could have been established then. Since we are not allowed to check and touch the image we can not say it definitely whether the image is of pure gold or gold gilded only. After Amsuvarma there are several examples of the gold offerings made during Lichchhavi period.

Most of the temples in Kathmandu valley were plundered and destroyed by the Muslim invader Sams-ud-din Illias in 1349 A. D. Therefore, we have no examples of such golden temples prior to that date.

When Kathmandu succeeded to arrange the trade agreement with Tibet in 1630s it enjoyed to have very good lucrative business of gold. All the gold dust that were produced in Mongolia were sent to Lhasa for processing out the gold. Since Lhasa did not have any skill for gold processing then, it

was diverted to Kathmandu for the same. It brought a good amount of gold as a revenue to the Kathmandu rulers. Once again most of the temples in Kathmandu valley got golden roofs and even the kings started to erect their statues with gold gilded (Acharya:2024, 343)

After the establishment of Tshing dynasty in China, Mongolia also came under its domain and this gold flow to Kathmandu was slowed down from 1716 but the skill was still exported to Tibet and the trade relation was maintained.Tibet still remained a sole trade-spot for Kathmandu businessmen until 1905. Then the business was shared by its Indian counterparts also as the Kalingpong route to Lhasa was opened by East India Company in that year. However, it remained until 1950s in smaller scale.

After the cut off of this business with Tibet, fortuntely the tourism industry flourished in the kingdom of Nepal which gave a continuing support to this craft. Good number of Nepalese curio items with gold gild could secure international market and thus could be exported. Besides, due to the public conciousnes of the archaeological conservation also this arts could still be survived without much setback.

Since the scientific method of gold gilding in modern world is introduced, it is highly feared that this traditional method will have to die one day sooner or latter.Although it is long lasting in nature the amount of gold spent on this traditional method is quantitatively more and job itslelf is tidious one. The scientific method is easy and cheap but lasts lesser period in time.

**Procedure:**

Before starting the real act of gold gilding we should prepare two major components-gold paste and surface of the base metal silver or copper. Since the gold is noblest metal it could be gilded only on those two metals.

In traditional methol no other base metal surface can absorb the gold properly. Sometimes if tried much, the amount of the gold wasted could be much more than the satisfaction of its result.

To started with the object in which the gold is to be gilded must be made ready in shape and it is cleaned thoroughly and then rubbed with sand-paper. The object to rub the surface was an overburnt brick in olden days and is now replaced by the different graded manufactured sand papers.

The surface should be rubbed in such a way that it should twinkle at its maximum and surface should be smooth. Then immediately it should be coated with mercury, otherwise due to the atmospheric reaction the surface will turn dark within couple of hours. If it turns so the surface has to be cleaned and rubbed again and the process should be repeated for gilding the gold until it gets as described above.

Once the object is ready for gilding, first of all the whole surface should be coated with mercury. It is done with the help of a piece of old cloth. The mercury is mixed with salt, *chu paun* (citric acid) and woodash plus water and then rubbed vigorously with the cloth. It is done exactly like a lady cleans the bottom of her cooking vessel. Slowly the mercury gets coated over the surface.

Once the mercury is fully coated, the object looks like a first class steel object.All the redness of the copper goes away. Then the object is washed carefully with clean water to melt out the salt and *chu paun* (citric acid) mixed with the woodash and mercury before. The surface would turn with unwanted

patches after gold gilding if the object is not washed properly in the water before coating the gold paste. The residual portion of salt and *chu paun* reacts with the mercury, gold and copper and gives those unwanted patches. Once the object to be gold gilded is ready on the other hand the golden paste should also be ready.

To make the gold paste, there are further different stages in which the final paste is made ready. As the gold is malleable metal the gold bullion is made into thinnest sheet possible. It was to be done with a hammer beaten method in olden days and is now replaced by the electric pressure machine. In traditional method, the gold bullion was to be beaten with a hammer several times then heated and beaten again. The process is repeated until it gets a paperthin. Now adays there are iron rolls fitted with electric motor in which the gold bullion is passed through several times. Each time the gold piece is passed through, it gets thinner and thinner and is made thin gold ribbon at last. Then the golden ribbon is cut into smallest pieces with the help of a scissor.

Once the gold is cut into smallest pieces, it is then mixed with the mercury in one is to four ratio and grinding is started in a stone mortar with the help of a pestle. It is also done exactly like a lady grinds her spices in the Nepalese kitchen. But the act of grinding is done very slowly otherwise the drops of mercury and gold escapes away which are equally precious metals. The necessary amount of salt and *chu paun* are kept on adding to help the gold completely amalgamate with the mercury into the paste. The grinding process is very slow and tidious job. One trained man can grind maximum of only 20 to 25 grams of gold in a days work.

Once the gold paste is ready it looks like thick aluminium paint in colour. It seems that the gold is melted and mixed with the mercury. Paste does not look like gold. One can test it be feeling pressed between the thumb and index finger if the paste is ready. The ready paste is really fine grained.

When the paste is ready first of all it is portioned in bits, with the help of a copper stick coated with mercury, all over the surface which is to be gold gilded. It is done in order to divide the equal part of the paste for all the surface.

Once the gold paste and object to be gold gilding is ready and portioning is alright the gold paste is rubbed with the finger over the surface evenly.

The thickness of the gold gilding depends upon the amount of the gold available to the worker. Usually the medium gilding requires about five grams of the gold to a kilo of copper and two grams to a square foot in case of flat surface. The amount could be raised if one intends to gild thicker. In case of silver surface, the amount of gold required is fifteen to twenty per cent than required for the copper surface because silver is nobler metal than copper.

Once the gold paste has been coated all over the surface desired, the act of real gold gilding starts. The gold pasted object is brought near the glowing charcoal fire and object is heated in order to evaporate the mercury and the gold to be gilded. The object is heated for about ten seconds and taken out and brushed it with sweinhair brush followed by cotton swab. The wiping by the cotton swab helps the mercury and melted gold to be fixed evenly on the surface and slowly the evaporation of the mercury. Again it is heated and brushed and wiped in the same manner. The act is repeated eight to ten times.

depending upon the intensity of the fire. Once the gold is fully pasted over the surface, it looks bass yellow without twinkle.

Since this step is very important, it would be better to ellaborate more. The act of heating and brushing should be done very carefully, otherwise the surface gets over heated and gets uneven spotted and darkened as well. The content of the mercury should be evaporated. If not properly done the gold surface will get green and white spots again due to the presence of residual portion of the mercury. This act should be done slowly and carefully. Therefore it is always slower the better. A trained eye could judge if the mercury is still left over the surface.

After this much been done, the act of brightening the object starts. For this act, the gold gilded object is dipped in the water soaked with Chinese soap berry (*S. Saponaria*). The Chinese soap berry is soaked in the water for about a couple of hours. It is then taken out and slowly scrapped with the sharp edge of a carnelian knife. The carnelian knife is used because it does not leave the scratch mark on the surface. The bass yellow is slowly scrapped away by the carnelian object leaving tiny dots on the pours of copper surface Once the complete surface is done away witht his carnelian knife,the object is brushed lightly with a soft metal brush. It was done in olden days with short sweinhair brush. The act is called *Lasan Tayegu* (brightening the surface).

Now the object is nearly complete and twinkles but still exhibits some greenish yellow like that of brass metal.

At last, the wiping away of the brassy yellow colour is to be started. In this stage, the dried sticks of a plant called *majito* is boiled with water and the decoction is extracted. The decoction looks dark red like liquid of iron oxide. The decoction is put on a pot and the object is heated to some extent and dipped on this liquid. The object is heated to the point as if an iron is heated to press the cotton clothes. Then the heated object is dipped into the liquid. The dipping gives some sound. The object is rubbed with old cotton clothes each time and it turns more into golden colour as well. The process is repeated three to five times and even moresome times until it gets desired tone of golden colour.

Then the object is supposed to be ready gold gilded. For an information the *majito* plant grows around the hills of Sankhu township in the eastern of Kathmandu valley, and the objects needed for the act of gold gilding are:

**Raw Materials**

1. Gold
2. Salt
3. Mercury
4. Charcoal
5. Woodash
6. Majito plant (Rubia Cardifolia)
7. Chinese Soap-berry (S. Saponaria)
8. *Chu Paun* (Citric Acid)
9. Charcoal or Dried Cowdung Cakes

**Tools**

1. One Blower
2. An Oven
3. Cotton
4. Carnelian knife
5. An iron rod with hook
6. Clamp
7. Cutter (Scissor)
8. Fine soft old cloth
9. Stone mortar and pestle
10. One plate
11. One boilerpot
12. One small copper stick (coated with mercury)

13. One short sweinhair brush (now replaced by different soft metal brush.
14. Some pieces of over burnt black bricks. (now replaced by different shades of sand papers)

## Conclusion

At last one can raise a question why gold gilding ?

It was customary practice among the rulers, elites and other rich people to offer an image or a costly donation to the temple in olden days Nepal. Gold, of course, would come in first place to offer. But one should mind that the limited production of it and its monetary value as well. Due to its lasting and prestigious nature people invented the art of gilding gold over different other base metal surfaces. It could last long and exhibit as if it is made of gold. Due to its marvellous looking, preciousness and beauty, people started this method to adopt in offering valuable donations to the temple and decorate other many parts of the architecture. It has been the token of beauty, prestige and pride.

The chief donors of such golden offerings were mainly kings, chieftains, nobles, richmen and craftsmen of this skill as well.

Usually important figures of gods and goddesses like Vishnu and Shiva, Buddha and Bodhisatvas; important personifications like kings and nobles; important divine *Vahanas* like *Garuda* and *Nandi*; important architectural pieces pinnacles, tympanums, main entrances to the royal palaces and temples; rooftops of the major temples like Pashupatinath, Taleju, Swayambhu and Boudhnath and other many temples are found gold gilded. Most of the resident of the royal deities are gold gilded offered by the state or the royal families and Buddhist shrines are gold gilded since the professional goldsmiths are Shakyas, a Buddhist sect in Kathmandu valley.

Most of the main deity in the Vahals of Kathmandu valley and Gompas of the Himalayan regions are either made of gold or if not gold gilded at least. The number exceeds more than thousands.

In Nepal, the main activity of this craft was scattered in the three cities of Kathmandu valley, Dolkha in the east and Palpa and Pokhara in western hills. Newar craftsmen could enjoy this lucrative business as far as in Lhasa, the capital city of Tibet. Most of the Tibetan monasteries possess thousands of such golden images in their collection made by the Newar people of Kathmandu valley. But it is now centered only in the three cities of Kathmandu valley where one can get this service.

## Bibliography

1. Acharya Babu Ram; **Shree Panch Badamaharajadhiraj Prithvinarayan Shahko Sanchhipta Jivani, Bhag** 2, Pub: **Shree Panch Maharajadhirajka Press Sachivalaya, Raj Darbar**, Nepal, 2024 B.S.
(Life History of His Majesty's King the great Prithvinarayana Shah, vol II, Pub: Press Secretariat of His Majesty's the King of Nepal, 2024 B.S.)
2. Bajracharya Dhanavajra; **Lichchhavi Kalka Abhilekh**, Pub: Institute of Nepal and Asian Studies, Tribhuvan University, Kirtipur 2035 B.S.
(Inscriptions of Lichchhavian period, pub: Institute of Nepal and Asian Studies, Tribhuvan University, Kirtipur, 2035 B.S.)
3. Devkota Kosh Nath; **Nepal Nighantu** Pub: Royal Nepal Academy, Kathmandu, 2025 B.S.

# सद्योजात

-जनकलाल शर्मा

पुरातात्त्विक अन्वेषणका लागि जनकपुर गएको थिएँ म विक्रम सम्वत् २०१६ सालमा। कपिलेश्वर नाम भएको एउटा गाउँ छ जनकपुरको राम मन्दिरभन्दा करीब एककोश पूर्वमा। कपिलेश्वर नै नाम भएको शिव मन्दिर त्यहाँ भएको हुँदा कपिलेश्वर रहन गएको हुनुपर्दछ त्यस गाउँको नाम पनि। त्यस गाउँको शिव मन्दिर ज्यादै जीर्ण-शीर्ण अवस्थामा थियो त्यस समय। त्यो मन्दिर आज नहुन पनि सक्तछ त्यसै कारणले गर्दा। त्यहाँ कुनै अभिलेख नपाइएको हुँदा कुन समयमा बन्यो त्यो मन्दिर तोकेर भन्न सकिँदैन त्यो। तर त्यस मन्दिर भित्र एउटा सुन्दर सेनकालीन कार्त्तिकेयको मूर्ति भेटिएको हुँदा सेनकालसम्म त अवश्य नै पुग्दछ यस मन्दिरको परम्परा। त्यस क्षेत्रमा अरू पनि मूर्ति छन् कि भन्ने अन्दाज हुनु स्वाभाविक भयो त्यो मूर्ति ज्यादै सुन्दर भएको हुँदा। त्यसै गाउँमा एकजना सुपरिचित मित्र थिए मेरा। नाम थियो बोधप्रसाद उपाध्याय उनको। घरैमा भेट्न गएँ म उनैसंग सहयोग लिने विचारले। अनेक मूर्तिको दर्शन गर्न पाइयो त्यस समय मित्रको सहयोगबाट। कुनै मन्दिरभित्र नभई गाउँको छेउमा पर्ने गोबर भूमिको बाँझो चउरमा भएको एउटा पाकड वा त्यस्तै नामको रूखको फेदमा पर्याँकिएका थिए त्यसै यस्ता मूर्ति। अक्षता पाती वा सिन्दूर कुनै वस्तु चढाइएको दृष्टिगोचर हुँदैनथ्यो त्यस ठाउँमा। गाउँका जनताका लागि पूजा-अर्चनाको सूचीमा नपरेका वस्तु हुन् यी भन्ने प्रमाणित हुन्थ्यो त्यसबाट। ग्रामीण बालबालिकाका खेल्ने ठाउँका साथी भने अवश्य थिए ती मूर्तिहरू। गाउँका भला-पञ्चको सल्लाहले ती सबै मूर्ति राम मन्दिरमा ल्याएँ मैले। त्यसमध्ये एउटा अविकल मूर्ति राष्ट्रिय संग्रहालयमा राख्न उचित देखें त्यस समय। पूर्व-पश्चिम राजमार्ग बनेको थिएन त्यतिबेला। भारतको बाटो ल्याउन सकिने थिएन त्यस्तो पुरातात्त्विक वस्तु विशेष अनुमतिविना। एउटा मूर्ति हवाई मार्गबाट काठमाडौं ल्याउने विचार भयो मेरो त्यसै कारणले गर्दा। म जस्तो साधारण राजपत्रांकित कर्मचारीले दैनिक रु. १२ (बाह्र) भत्ता पाउँथ्यो त्यस समय। आफूलाई खटाएर दिएको रकम काठमाडौं पुग्न मात्र बाँकी थियो मसित। शाही नेपाल वायुसेवा निगममा बुझ्दा करीब रु. ३०० (तीन सय) लाग्ने देखियो प्याकिङ्ग समेत त्यसलाई। तीन सय रुपियाँ खर्च गर्ने अनुमति मागें आकाशवाणीबाटै पुरातत्त्व विभागका तत्कालीन निर्देशकसंग। अनुमति पाए बडाहाकिमसित सापट लिएर पनि काठमाडौं ल्याउने विचारमा थिएँ म त्यो मूर्ति। बडाहाकिम र स्थानीय भद्र-भलादमी सबै सहमत थिए मेरो कुरामा। मूर्ति ल्याउने अनुमति अर्थात् रु. ३०० (तीन सय) खर्च गर्ने आदेश भने दिन मानेनन् विभागीय निर्देशकले। सरकारी काममा अनुमति विना खर्च गर्नु भएन मैले। सबै मूर्ति जनकपुरको राम मन्दिर-

को भण्डारमा बुझाउन बाध्य भएँ म । त्यो बाहेक अर्को उपाय थिएन मसित । त्यसै मूर्तिमध्ये एउटा मूर्ति राममन्दिरको बाहिरी हाताको पश्चिमी द्वारको भित्र पस्ता बायाँपट्टि बाहिरी भागमा जडेर राखिएको छ आजकाल । त्यसै मूर्तिका विषयमा चर्चा गर्न लागिएको हो अहिले । त्यसको नाप पनि लिएको थिएँ त्यस समय मैले । खोजेर हेर्दा पाउन सकिएन त्यो । स्मरणका भरमा भन्दा उचाइ १२'', लम्बाइ १८'' र चौडाइ ४'' थियो जस्तो लाग्छ मलाई । हातमा चुरा हेर्न ऐना चाहिँदैन भने जस्तै जसले पनि नापेर हेर्न सक्तछ त्यो । नापमा फरक परे लेखकलाई दोष लाग्दैन त्यसकारण ।

यस प्रकार छ हामीले चर्चा गर्न लागिएको मूर्तिको विवरण । एउटी नारी आराम गर्ने मुद्रामा पलङ्गमा देब्रे कोल्टो सुतेकी छ भने नारीको देब्रे हातको कुहुनो तकियामा छ र हत्केलाले शिरलाई अड्याएको देखिन्छ । दाहिने हातको पाखुरो शरीरलाई नछोइकन शरीरको सीधा माथि गोडातिर पसारेर हातमा कमल पुष्प लिएको छ । देब्रे गोडो त्रिभुजाकारमा घुँडा दोब्र्याएर त्यसमाथि दाहिने गोडो सीधै पसारेको पाइन्छ । एउटी दासी जस्ती देखिने नारी आरामसाथ सुतेकी नारीको गोडामुनि बसेर मुख्य नारीको दायाँ पाउ काखमा राखेर बायाँ पाउ दबाउन अर्थात् मिच्न लागेकी र अर्की दासी जस्तै नारी पनि त्यतैपट्टि अलिक पछाडि उभिएर पङ्खा हाँक्न लागेको देखिन्छ । एउटा सान्है सानो बालक वा शिशु मुख्य नारीको देब्रेतिर उत्तानो पारेर सुताइएको छ र त्यस शिशुको पाउ कमलपुष्पमा राखिएको छ । पलङ्गको पछाडिपट्टि भित्तामा योनि अर्थात् जलहरी सहितको शिवलिङ्ग, गणेश र कार्त्तिकेयको आकृति पनि अङ्कित छ । नारीका पलङ्ग मुनि उपचारका प्रायः सबै सामग्री प्रस्तुत गरिएको पाइन्छ प्रतीकका रूपमा ।

यो मूर्ति सुन्दर र सौम्य छ भन्ने कुरा स्वतः सिद्ध हुन आउँछ यस विवरण अनुसार । यो प्रतीक कसको हो र किन बनाइयो यति सुन्दर मूर्ति ? जसको आराधना गरिन्छ त्यसै वस्तुको बनाइन्छ यस्तो मूर्ति । दुई प्रकारका हुन्छन् आराधना गर्ने कारण पनि । एउटा श्रद्धावश र अर्को भयवश । दुइटै कुरा लुकेर बसेका हुन्छन् मानवका हृदयमा । श्रद्धावश **गरिने आराधनालाई** 'धर्म' र भयवश गरिने आराधनालाई भनिन्छ '**अभिचार**'। श्रद्धावश मानिने आराध्य वस्तुलाई विघ्नान्तकको रूपमा ग्रहण गरिन्छ भने विघ्नकारकको रूपमा ग्रहण गरिन्छ भयवश मानिने वस्तुलाई । दुवै समान रूपका हुन सक्तछन् मोटामोटी हेर्दा । कुन आराध्य वस्तु विघ्नान्तक हुन् र कुन आराध्य वस्तु विघ्नकारक हुन् छुट्याउन सकिँदैन साधारण दृष्टिबाट त्यसैकारण । तीन प्रकारका हुन्छन् यस्ता आराध्य वस्तु पनि । देव, देवता र व्यन्तर देवता भनिन्छ जसलाई ।

हामी जसलाई देव भन्दछौं त्यसैलाई दानवीय गुण भएको शक्ति सम्पन्न वस्तु मान्दछन् अवेस्तावादीहरू । दएव (Daeva) अर्थात् 'देव' कै नामसित परिचित छन् उनीहरू पनि । ग्रीक भाषामा 'जेउस (Zeus)' भनिन्छ भने ल्याटिन भाषामा 'देउस (Deus)' भनिन्छ त्यस्तै कुरालाई । वेदलाई प्रामाणिक ग्रन्थ मान्दछन् सनातन धर्मावलम्वीहरू । देवको ३३ संख्या हुन्छ ऋग्वेद (१, ३४.११, १, १३९.११ आदि) का अनुसार । कुन–कुन देव ३३ को गणनामा पर्दछन् छुट्याउन सकिँदैन त्यसबाट । इन्द्र, मित्र र वरुण भने अवश्य पर्दछन् त्यसमा । एकादश अर्थात् एघार देवको गणना गरिएको छ यजुर्वेदको तैत्तिरीय संहिता (१, ४, १०.१) मा । स्वर्ग, पृथ्वी र अन्तरिक्ष पनि पर्दछन् त्यसैमा । तेत्तीस देवमा अष्टवसु, एकादश रुद्र, द्वादशादित्य र स्वर्ग तथा पृथ्वी पर्दछन् शतपथ ब्राह्मण (७, ५, ७.२) का अनुसार । देवको संख्या ३३ मात्र होइन तेत्तीस लाखलाई पनि नाघेर तेत्तीसक कोटी अर्थात् तेत्तीस करोड पनि पुग्दछ यदाकदा पछिका पौराणिक ग्रन्थका अनुसार भने । तेत्तीसकोटी देव भन्ने चलन छ हाम्रो समाजमा त्यसै कारणले गर्दा ।

प्रमुख देवको कोटिमा नपर्ने तर घर–घर र घर बाहिर पूजिने प्रतीकलाई भनिन्छ 'देवता' । मानव र मानवेतर शक्तिको बीचमा सम्पर्क गराउने काममा सहयोग गर्दछन् भन्ने विश्वास गरिन्छ यस्ता प्रतीकले । देव, दानव, यक्ष, किन्नर जो पनि हुन सक्तछन् यस्ता

प्रतीक । यदाकदा देवता नै भनेका पाइन्छ देवलाई पनि । निक्कै कठिन पर्दछ भेद छुट्याउन देव र देवतामा ।

देव, देवता र अदेवताको बीचमा पर्ने देव, देवता जस्ता प्रतीकलाई भनिन्छ 'व्यन्तर देवता' । शहर-बजार-भन्दा बाहिरका जनताले पूजा गर्दै आएका ग्राम देवता पनि कहलाउन सक्तछन् 'व्यन्तर देवता' । व्यन्तर देवता-को प्रथा प्रारम्भ भएको हो देव पूजाको सृष्टि हुनुभन्दा पहिले नै । यसको आदिकारण मान्न सकिन्छ शैव सम्प्र-दायको लिङ्गो पासनालाई । प्रायः जसो देखिन्छन् शिवका साथ उनका गण र त्यसका प्रतिपक्ष पनि 'व्यान्तर देवता' का रूपमा । विभिन्न सम्प्रदायका साथ—साथै विकास भएको देखिन्छ 'व्यन्तर देवता'को पनि । मूल देव-देवताभन्दा धेरै बढी पाइन्छन् व्यन्तर देवताका प्रतीक-हरू । जैन सम्प्रदायमा त निक्कै प्रचलन छ 'व्यन्तर देवता' को ।

जनकपुरमा जुन मूर्ति पाइएको छ ज्यादै सौम्य मुद्रामा देख्न सकिन्छ त्यसलाई । शालीनता (Pompous), सम्पन्नता (Luxurious) र कुलीनता अर्थात् सम्प्रभुता (Aristocrats) का सबै गुण पाइन्छन् यसमा । उप-चार (Hospitality) का पनि सबै आवश्यक वस्तु उपस्थित गराइएका छन् यहाँ । उपचारमा के के हुन्छन् त्यो आवश्यक थिएन विज्ञ पाठकका लागि । साधारण पाठकलाई भने थाहा नहुन पनि सक्तछ त्यो । यस्तो अवस्थामा केही विवरण दिने साहस गरिएको छ यहाँ । वेत्तम मणिका अनुसार उपचारको संख्या सोह्र पुऱ्याइएको छ शास्त्रमा । सामूहिक रूपमा भन्दा 'षोडशोपचार' कहलाउँछ त्यो । उदाहरणका लागि यस प्रकार देखिन सक्तछ सूचीमा ।


१) आसन (स्थान)
२) पाद्य (गोडाधुने पानी)
३) अर्घ्य (खानेपानी)
४) स्नानीय (नुहाउने उपकरण)
५) अनुलेपन (जीउमा लाउने तेल, बुकुवा आदि लेप)
६) धूप (साना तिना पतङ्ग धपाउने धूवाँ)
७) दीप (उज्यालो पार्ने बत्ती)
८) नैवेद्य (असल खाद्य पदार्थ)
९) ताम्बूल (पान-सुपारी)
१०) शीतलजल (चिसोपानी)
११) वसन (लाउने वा फेर्ने लुगा)
१२) भूषण (गहना)
१३) माल्य (फूलको माला)
१४) गन्ध (सुगन्धित द्रव्य)
१५) आचमनीयक (कुल्ला गर्ने पानी)
१६) सुतल्प (राम्रो ओछ्यान)

उपचारका यस्त महत्वपूर्ण वस्तु समेत त्यहाँ उपस्थित गराइएको हुँदा यो मूर्ति साधारण कोटिको होइन भन्ने स्वतः सिद्ध हुन आउँछ । हामीले जनकपुरमा फेला पारको मूर्ति साधारण रूपले हेर्दा माता–शिशुको मूर्ति देखिन आउँछ ।

माताशिशुको प्रसङ्गमा अनेक देवमाता प्रसिद्ध छन् हिन्दू र बौद्ध साहित्यमा । यस्तै देवमातालाई माडोना (Madonna) भन्दछन् पाश्चात्य विद्वान्हरू । कृष्णकी आमा देवकी, कृष्णकी धाईआमा यशोदा, बुद्धकी आमा मायादेवी, बालसंरक्षिका हारीती रामकी आमा कौशल्या, कार्त्तिकेय र गणेशकी आमा पार्वतीलाई पनि लिन सकिन्छ यहाँ उदाहरणका लागि । यस्ता माता शिशुका मूर्ति कहिले बन्न प्रारम्भ भयो त्यसमा विचार गरौं अहिले । भारतीय पुरातत्वविद् बी. पी. सिन्हाका अनुसार त माता शिशुका मूर्ति नवपाषाण युग अर्थात् ईसापूर्व छ हजार वर्ष पहिलेको अवशेष जोर्डन उपत्यका-मा पर्ने जेरिको (Jericho) भन्ने ठाउँमा पाइएको थियो र त्यही नै पहिलो हो । केवल माताशिशुका मूर्ति त हारीती र शीतलाका पनि हुन्छन् । यस्ता माताशिशुका मूर्ति लण्डनस्थित भिक्टोरिया एण्ड अलबर्ट म्यूजियम नामक संग्रहालयमा छन् र एउटालाई माताशिशु (Mo-ther and Child) भनिएको छ भने अर्कोलाई पूर्णेश्वरी भनिएको छ । यसको विवरण 'इन दि इमेज अफ म्यान (In the Image of Man)' नामक पुस्तकमा पाइन्छ । पूर्णेश्वरी भनिएको मूर्ति बाह्रौं शताब्दी ईसवीको अन्त्य-तिरको हो र यसलाई पालकाल भनिएको छ । यो मूर्ति हाम्रो जनकपुरको छेउमा पर्ने भारतको जयनगर भन्ने

ठाउँमा पाइएको हो र अर्को माताशिशु भनिएको मूर्ति पश्चिमी भारतमा पाइएको एघारौं शताब्दी इसवीको सोलङ्की समयको हो। वास्तवमा विचार गर्दा यस्ता मूर्ति 'व्यन्तर देवता' मा पर्ने हारीती वा षष्ठी देवी अर्थात् छैठी देवीका मूर्ति हुन सक्तछन्। षष्ठी देवी वा छैठी देवीका विषयमा प्रतिभा विज्ञानका प्रसिद्ध विद्वान् नरेन्द्र-नाथ भट्टाचार्यले आफ्नू प्रसिद्ध पुस्तक 'भारतीय मातृ-देवीहरू (The Indian Mother Goddess)'को अनेक ठाउँमा चर्चा गरेका छन्। उनका अनुसार षष्ठी वा छैठी देवी पनि बाल संरक्षिका देवी नै हुन् र उनको सम्बन्ध शिशुसंग भएको हुँदा साथमा शिशु हुनु स्वाभाविक छ। षष्ठी वा छैठी देवीको पूजा अर्चना गर्ने प्रथा सर्वप्रथम विन्ध्य प्रदेशमा चल्यो र त्यो बंगाल हुँदै अन्यत्र पनि फैलियो। उदाहरणका लागि पृष्ठ ४६, ४७ हेरे पनि पर्याप्त हुन्छ नरेन्द्रनाथ भट्टाचार्यको भारतीय मातृदेवीहरू शीर्षक पुस्तकको। यस्ता शिशुका साथ भएका हारीती वा षष्ठी देवीका मूर्ति लैनसिंह बांगदेलले पनि प्रकाशित गरिसकेका छन् 'नेपालका प्राचीन मूर्ति (The Early Sculptures of Nepal) नामक आफ्नो ग्रन्थमा। तर उनले हारीती नै नामकरण गरेका छन् त्यहाँ। स्वर्गीय नाटककार बालकृष्ण 'सम' का घरमा भएको एउटा नेपालको प्रारम्भिक मल्लकालीन सुन्दर माताशिशुको मूर्तिको चित्र यस पंक्तिका लेखकले पनि इटालीस्थित रोमबाट प्रकाशित हुने इष्ट एण्ड वेस्ट (East and West) नामक पत्रिकामा प्रकाशित गराइसकेको छ १९५४ इसवीमा नै नेपालको मूर्तिकला (Nepal's Sculptural Art) शीर्षक दिएर। जनकपुरको कपिलेश्वरमा प्राप्त यो मूर्ति त्यस प्रकारको नभएर पर्यङ्क अर्थात् पलङ्गमा सुतेकी नारीले आफ्नू छेउमा बालकलाई पनि सुताएको देखिन्छ। हारीती वा अन्य प्रकारका जति पनि यस्ता माताशिशुका मूर्ति प्राप्त भएका छन् त्यसमा शिशुलाई बगलमा च्यापेको वा काखमा लिएको अर्थात् बसाएको देखिन्छ, सुताएको देखिंदैन। त्यसकारण यो हारीती वा षष्ठी देवीको मूर्ति होइन भन्ने स्वतः सिद्ध हुन आउँछ।

पहिले चर्चा गरिएको 'इन दि इमेज अफ म्यान (In the Image of Man)' नामक ग्रन्थको ११९ औं पृष्ठमा एउटा मूर्तिको चित्र छापिएको छ। त्यसको शीर्षक 'माता र शिशु (Mother and Child)' भनेर दिइएको छ र छेका भित्र प्रश्न चिन्ह सहित 'कृष्णको जन्म (Birth of Krishna ?)' भन्ने लेखिएको छ। कृष्णको जन्म भनिएको यो मूर्ति भारतको भूपाल स्टेट म्यूजियममा छ। यो मध्यप्रदेशको गौरी भन्ने ठाउँमा प्राप्त भएको हो र ईसाको दशौं शताब्दीको कलचुरी समयको हो। यस शिलामूर्तिको धेरै जसो रूप हाम्रो जनकपुरको मूर्तिसंग मिल्दछ पछाडि उभिएको अन्य रूप बाहेक। हाम्रो शिलामूर्तिका नारीको दाहिने हात अगाडि ल्याइएको छैन तर त्यसमा अगाडि ल्याएर शिशुका बायाँ कुहुनामा स्पर्श गरिएको छ। हाम्रो नारीका दायाँ हातमा कमल पुष्प छ भने यस मूर्तिका नारीको हात खालि छ र कमल पुष्प शिशुका बायाँ हातमा देखिन्छ। हाम्रो नारी मूर्तिका साथ हुने शिशुको पाउ कमलपुष्पमा छ भने यसका पाउमा कमल पुष्प छैन। जनकपुरको मूर्तिका नारीको शिरतिर तकिया बाहेक केही छैन तर भूपाल स्टेट म्यूजियममा भएका नारीको शिरतिर अनेक नाग-फणी देखिन्छन्। मूर्ति केही मात्रामा टुटफुट भएको हुंदा सबै नागको शिरको संख्या गनेर हेर्न सकिंदैन। हाम्रो नारी मूर्तिमा शिवलिङ्गको उपस्थिति छ भने यसमा शिवलिङ्गको पनि अभाव छ। शिवलिङ्गको अभाव भएर नै होला कृष्ण जन्म भन्ने नामकरण गरेका छन् सर अलेकजाण्डर कनिङ्घमले पनि यस्ता मूर्तिलाई। त्यसको सूचना पाइन्छ भारतस्थित दिल्लीको आर्कियोलजिकल सर्भे अफ इण्डिया नामक संस्थाको वार्षिक प्रतिवेदन संख्या १५ को पृष्ठ संख्या १०२ मा। भारतीय मूर्ति-कलाका प्रसिद्ध विद्वान् सी. शिवराम मूर्तिले पनि चर्चा गरेका छन् यस्तै मूर्तिको 'पुरातत्त्व परिचय' नामक आफ्नू पुस्तिकामा। शिवराम मूर्तिको जुन पुस्तिकाको चर्चा गरियो त्यो थियो मूलतः अंग्रेजी भाषामा। त्यसलाई हिन्दी भाषामा अनुवाद गरेका हुन् अमल सरकारले। त्यसको चित्र संख्या ४ क मा 'माताशिशु' भन्ने नामकरण गरिएको छ यसलाई। उनको विवरण अनुसार ईसाको एघारौं शताब्दीको हो यो। कलकत्ताको भारतीय संग्र-



सद्योजात

हालयमा गए आज पनि हेर्न सकिन्छ यसलाई । केही वर्ष अघि भारतको विहारमा पनि भेटिएको थियो यस्तै माता र शिशुको मूर्ति । बी. पी. सिन्हा नामक विद्वान्ले उल्लेख मात्र होइन आफ्नू प्रसिद्ध पुस्तक 'भारतको पुरातत्त्व र कला' (Archaeology and Art of India)'को चौथौं अध्याय नै आधारित छ यस्तै मूर्तिका विषयमा। उनको अध्यायको शीर्षक हो 'सद्योजातको एउटा अनुपम मूर्ति (A Rare Image of Sadyojata)' । तर जनकपुरमा जुन मूर्ति हामीले पाएका छौं त्यसको तुलनामा त्यति सुन्दर छैन यो विहारमा प्राप्त भएको मूर्ति । जनकपुरको मूर्तिमा नारी र शिशु पर्यङ्कशायी अर्थात् पलङ्गमा सुतेकाछन् भने विहारमा प्राप्त मूर्तिका नारी र शिशु भूतलशायी अर्थात् भूईं मै पातलो ओछ्यान लगाएर सुतेका देखिन्छन् त्यहाँ । जलहरी सहितको शिवलिङ्ग बाहेक कुनै कुराको उपस्थिति छैन यसमा । हाम्रो मूर्तिमा शिवलिङ्ग नारीको पृष्ठ भागमा छ भने अग्रभागमा देखिन्छ त्यो पनि यहाँ । चित्र संख्या ४४ मा राखेका छन् बी. पी. सिन्हाले यसलाई ।

हामीसित भएकै मूर्तिसित मिल्ने 'माता र शिशु' का मूर्तिको एउटा चित्र छापेका छन् आर. सी. मजुमदारले आफ्नू प्रसिद्ध कृति 'बंगालको इतिहास पहिलो भाग (The History of Bengál Volume I Hindu Period)' को फलक संख्या १८ मा । त्यसको शीर्षक 'माता र शिशु (Mother and Child)' भनिए पनि मूर्तिको विवरण कतै दिएका छैनन् आफ्नू पुस्तकमा। यस्तै खालको एउटा सुन्दर मूर्तिको चित्र छापेका छन् बंगलादेशका विद्वान् आलम (A. K.M. Shamsul Alam) ले पनि आफ्नू पुस्तक 'बंगलादेशको मूर्ति कला (Sculptural Art of Bangladesh) मा । फलक संख्या ८१ हो उनको । नामकरण गरेका छन् 'माता र शिशु (Mother and Child)'भनेर । चित्रमात्र छापेर छोडेका छैनन् उनले छलफल पनि गरेकाछन् त्यसमा । उनको विवरण अनुसार ११४ शब्द भएको एउटा अभिलेख पनि प्राप्त भएको थियो यस्तै अर्को मूर्तिमा । अभिलेखमा गौरीशिला भनिएको छ त्यसलाई । त्यसैकारण गौरी र कार्त्तिकेयको मूर्ति हो यो भन्ने निष्कर्षमा पुगेकाछन् उनी । कौशाम शहर, खेतलाल, बोगरा भन्ने ठाउँमा पाइएको यो मूर्ति महास्थानगढ संग्रहालय सूची संख्या २४ मा दर्ता भएको छ अहिले । यसलाई सर्वप्रथम अध्ययन गरेका हुन् बंगलादेशको पुरातत्त्व र संग्रहालय विभागका अधिकृत विद्वान् एस. के. भट्टाचार्यले । तर यस मूर्तिको चित्र प्रकाशित छैन उनको पुस्तकमा । फलक संख्या ८१ मा दिएको मूर्ति पनि महास्थान संग्रहालयमा नै संग्रहित छ अहिले । यो मूर्ति सुन्दर मात्र होइन अविकल पनि देखिन्छ त्यहाँ । आर. डी. बनर्जी लिखित हिस्ट्री अफ बंगालको बङ्गाली भाषाको संस्करणमा पृष्ठ संख्या २९६ को अर्कापट्टि एउटा मूर्तिको चित्र छापिएको छ र त्यो हाम्रै जनकपुरको मूर्तिसित मिल्दो–जुल्दो छ । तर त्यसको विवरण भने पाउन सकिदैन त्यहाँ । भारतीय कलाका अन्वेषक भेन्सेण्ट ए. स्मीथले पनि आफ्नू 'भारत र सिलोनको ललितकलाको इतिहास (A History of Fine Art in India and Ceylon)' नामक पुस्तकको पृष्ठ संख्या १६५ मा दिएकाछन् यस्तै मूर्तिको चित्र माता र शिशु (Mother and Child) कै नामकरण गरेर । तर विवरण भने उपलब्ध छैन त्यहाँ पनि । संभवतः भारतीय संग्रहालय कलकत्ताको हो त्यो ।

यस्तो मूर्ति नेपालमा एउटा मात्र पाइएको छ अहिलेसम्म । भारत र बंगलादेशमा भने एक होइन अनेक पाइएको विवरण अध्ययन गरेकाछौं हामीले । सर अलेकजाण्डर कनिङ्गम र बी. पी. सिन्हा बाहेक सबैले 'माता र शिशु' भनेर नै नामकरण गरेकाछन् यस्ता मूर्तिको । भनाइको तात्पर्य हो यो केको अर्थात् कसको मूर्ति हो टुङ्गो लागेको छैन आजसम्म । माता र शिशु (Mother and Child) भनिने यस्ता मूर्तिका सम्बन्धमा 'सद्योजात' भन्ने नामकरण गरेर सर्वप्रथम एउटा टुंगोमा पुगेको छु भन्छन् नलिनीकान्त भट्टशाली ।

उत्तरी बंगाल अर्थात् प्राचीन वरेन्द्रीमा अपरिचित छैनन् यस्ता मूर्तिहरू । राजशाहीमा रहेको वरेन्द्र अनुसन्धान प्रतिष्ठान संग्रहालय (The Varendra Research Society's Museum at Rajsahi) मा यस्ता

मूर्ति आठप्रति भन्दा कम छैनन् भन्ने उल्लेख १६१४ ईसवीमा प्रकाशित भएको सूची पत्रमा छ भनेर लेखेका छन् भट्टशालीले । त्यतिमात्र होइन यस्ता अरू पनि मूर्ति दिनाजपुर जिल्लाको बालुरघाट इलाका अर्थात् सब डिभिजनको सदरमुकाम छेउ आत्रेयी नदीको पश्चिम किनारमा पर्ने एउटा वटवृक्षका फेदमा पनि केही मूर्ति १६१४ ईसवीसम्म थिए भन्छन् उनी । कलकत्ताको भारतीय संग्रहालय (Indian Museum) मा संग्रहित यस्ता मूर्ति पनि वरेन्द्रीबाट संग्रह गरिएका हुन् भन्ने भनाइ छ उनको ।

जनकपुरमा पाइएका मूर्तिको विवरण प्रस्तुत गरिसकेकाछौं हामीले । विभिन्न ठाउँमा पाइएका यस्ता मूर्तिको मूल वस्तुमा त्यति फरक नपरे पनि मूर्तिपिच्छे केही न केही फरक पाइन्छ अवश्य पनि । त्यसैकारण सामूहिक रूपमा विवरण दिनु उचित नै होला पाठकको सुविधाका लागि । यस्ता मूर्तिको विवरण यसप्रकार पाइन्छ साधारणतया । एउटी पलङ्गमा सुतेको वा ढल्केको देखिन्छ । विहारमा पाइएको यस्तै नारी मूर्तिमा पलङ्गकै अभाव छ । नारीको दाहिने हातमा प्रायः कमल पुष्प हुन्छ तर भूपाल संग्रहालयमा भएका नारीमूर्तिको हातमा कमलपुष्पको अभाव छ र शिशुका हातमा कमलपुष्प देखिन्छ अपवादका रूपमा । बायाँ पाखुराको कुहुना तकियामा अडेस लागेको हुन्छ र आफ्नू शिरलाई बायाँ हातको हत्केलाले अड्याएको पाइन्छ । बायाँ तिघ्रामाथि दाहिने तिघ्रो पसारेको पाइन्छ भने बायाँ घुँडो आधा खुम्च्याएर राखेकै ठाउँमा एउटी नारीले पाउ मालिश गर्न लागेको देखिन्छ । तर त्यसरी पाउ मालिश गरेको कतै पाइन्छ कतै पाइँदैन । दायाँ पाउ मालिश गर्ने नारीकै काखमा अड्याएको हुन्छ तर मालिश भने बायाँ पाउमा गरेको देखिन्छ । यसरी सुतेकी नारीको बायाँपट्टि एउटा भर्खर जन्मेको बालक अर्थात् शिशु सुताइएको हुन्छ र जसको पाउ कमलपुष्पमा अड्याइएको देखिन्छ । मालिश गर्ने नारीभन्दा अतिरिक्त नारीले पङ्खा हाँकेको र पलङ्गभन्दा बाहिर उनको सुविधाका लागि चाहिने सबै उपचारका सामान पाउन सकिन्छ । किन्तु नारी र नवजात शिशु बाहेक कुनै कुरा हुन पनि सक्तछ र नहुन पनि सक्तछ । पलङ्गभन्दा बाहिर भित्तामा प्रायः जसो कार्तिकेय, गणेश र एउटा योनि अर्थात् जलहरी सहितको शिवलिङ्ग पनि अवश्य हुन्छ । त्यतिमात्र होइन कुनै कुनै यस्ता मूर्तिका छेउमा अर्थात् पछाडि पट्टि भित्तामा नवग्रहका मूर्ति पनि कुँदिएका हुन्छन् । यस्ता वस्तुको उपस्थितिले गर्दा यो मूर्ति कसको हो भन्ने छुट्याउन सुगम भएको छ । विचारणीय प्रश्न के छ भने यस्ता 'माता र शिशु' का मूर्तिका साथ यी सबै वस्तु कुनैमा हुन्छन् कुनैमा हुँदैनन् । तर जलहरी सहितको शिवलिङ्ग भने अहिलेसम्म प्राप्त यस्ता मूर्तिका साथ एउटामा बाहेक सबैमा पाइएको छ । त्यो अपवादमा आएको मूर्ति हो भारतको भूपाल स्टेट म्यूजियमको 'माता र शिशु'को मूर्ति । यो 'इमेज अफ म्यान (Image of Man)' नामक पुस्तकमा प्रकाशित छ । शिवलिङ्गको अनुपस्थितिले गर्दा नै प्रश्न चिन्ह सहित 'कृष्ण जन्म ?' भनिएको होला त्यसलाई ।

'माता र शिशु' भनेर काम चलाइन्थ्यो यस्ता मूर्तिलाई पहिले । पत्ता लाग्न सकेको थिएन त्यो कसको मूर्ति हो भनेर । भारत विभाजन हुनुभन्दा पहिले अर्थात् १६२६ ईसवीमा 'ढाका संग्रहालय' को सूची बनाउँदा 'सद्योजात' भन्ने नामकरण गरेका हुन् नलिनीकान्त भट्टशाली नामक एकजना बंगाली विद्वान्ले । दुई अर्थ बुझिन्छ 'सद्योजात' भन्नाले । एउटा भर्खर जन्मेको र अर्को त्यसै नामको 'शिव' । राजशाही संग्रहालयमा भएका जम्मा आठ, ढाका संग्रहालयमा भएको एक र भारतीय संग्रहालय (Indian Museum) कलकत्ताको एक गरी जम्मा दश मूर्तिको विवरण दिएकाछन् भट्टशालीले आफ्नू सूचीमा । (Iconography of Buddhist and Brahmanical Sculptures in the Dacca Museum) नामले १६२६ ईसवी मै छापियो उनको त्यो सूची । यस्ता मूर्तिका आसपासमा भएका सबै आकृति र वस्तुहरू सबैमा एकै नास पाइँदैनन् भनेका थियौं पहिले नै प्रसंगवश हामीले । भट्टशालीले दिएको सूची नै पर्याप्त छ उदाहरणका लागि । यसप्रकार छ उनको 'सद्योजात' को सूची ।

### राजशाही संग्रहालयमा भएका मूर्तिहरू

१) लिङ्ग, गणेश, कार्त्तिकेय र नवग्रह सहितको
२) लिङ्ग, गणेश र कार्त्तिकेय मात्र भएको
३) लिङ्ग र नवग्रह मात्र भएको
४) लिङ्ग, गणेश र कार्त्तिकेय भएको
५) लिङ्ग, गणेश र अन्य छ जना बसेको आकृति समेत भएको
६) लिङ्ग, गणेश, कार्त्तिकेय, नवग्रह बाहेक चार जना बसेको आकृति र तल्लो भागमा सातजना घुँडा मारेर बसेको आकृति समेत भएको
७) लिङ्ग, कार्त्तिकेय र गणेश मात्र भएको
८) लिङ्ग, कार्त्तिकेय र गणेश मात्र भएको

### ढाका संग्रहालयमा भएको मूर्ति

९) लिङ्ग, कार्त्तिकेय र गणेश भएको

### भारतीय संग्रहालय (Indian Museum)मा भएको

१०) लिङ्ग, कार्त्तिकेय, गणेश र नवग्रह भएको

भट्टशालीले कुन आधारमा 'सद्योजात' नामकरण गरे यसलाई विचार गर्नु आवश्यक छ त्यसमा । कार्त्तिकेय, गणेश र लिङ्गको उपस्थितिले यो मूर्ति शैव सम्प्रदायको हो भन्ने कुरामा कुनै सन्देह रहँदैन उनका अनुसार । यस्ता मूर्तिमा कार्त्तिकेय र गणेशलाई हुर्किसकेका रूपमा प्रस्तुत गरेको पाइनाले यी नारी गणेश र कार्त्तिकेयकै माता पार्वती हुन् भन्ने अनुमान गर्न सकिन्छ भन्छन् उनी । नारीका छेउमा सुताइएको शिशुको पाउ कमल-पुष्पमा राखिएको हुँदा यो मूर्ति कुनै महत्त्वपूर्ण दैवी प्रतीकको प्रतिनिधित्व गर्दछ भन्ने स्वतः सिद्ध हुन आउँछ र यसलाई हामी भर्खरै उत्पन्न भएको वा अन्य लोकबाट अवतरित भएको 'सद्योजात' शिवका रूपमा अनुमान गर्न सक्तछौं भन्ने तर्क छ भट्टशालीको । वास्तविक 'सद्योजात' को अर्थलाई पुष्टि गरेको छ यस मूर्तिले । 'सद्योजात' शिवको मूर्ति नै हो त्यसैकारण यो । विचारणीय प्रश्न के छ भने कुनै तन्त्र शास्त्रमा 'सद्योजात' भनेको पाइँदैन यस्तो मूर्तिलाई ।

लिङ्गपुराणमा केही सूचना पाइन्छ 'सद्योजात'का विषयमा । तर यस प्रकारको मूर्तिको ध्यान भने पाउन सकिएको छैन भन्छन् भट्टशाली स्वयं आफैं । बंगाल भाषामा अनुवाद भएको लिङ्गपुराणको बंगवासी संस्करणको नवौं अध्यायको सत्रौं पृष्ठमा यस्तो लेखिएको छ उनका अनुसार ।

'सेता आँखा, राता नङ्ग, त्यस्तै हातगोडा र शरीर भएको एउटा शिशुमा पर्‍यो ब्रह्मा ज्यादै ध्यानमग्न भएका समय उनको दिव्य दृष्टि । त्यसलाई छातीमा टाँसेर पुनः ध्यानमग्न भएर प्रार्थना गरे जुन समय ब्रह्माले त्यस 'सद्योजात' परमेश्वरलाई देखे । त्यसबाट ब्रह्माले यी शिशु वा बालक 'सद्योजात'का रूपमा उनलाई दर्शन दिन आएका हुन् भन्ने कुरा थाहा पाएपछि पूजा अर्चना गरे उनको ।'

'सद्योजात' शिशुलाई संगै सुताउने नारीको कुनै चर्चा छैन यस कथानकमा भन्दछन् भट्टशाली । कार्त्तिकेय र गणेशको उपस्थितिले गर्दा प्रमुख मूर्ति शिशु र नारी शिवपार्वतीकै हो भन्ने संकेत मिल्दछ यस्ता मूर्तिबाट पनि भनेकाछन् उनले । यस्ता मूर्तिका साथ कुनै-कुनै ठाउँमा नवग्रहको पनि उपस्थिति रहने हुँदा शिवपार्वतीको दैवी विवाहलाई संकेत गर्ने वैवाहिक मूर्ति अर्थात् 'कल्याण-सुन्दरमूर्ति' हुने पनि संकेत मिल्दछ पनि भनेकाछन् आर्कोतिर । ब्रह्मपुराणको अठतीसौं अध्यायमा शिवपार्वतीको विवाहका सम्बन्धमा निम्न प्रकारको उल्लेख पाइन्छ पनि भनेकाछन् भट्टशालीले । दैवी कथा यसप्रकार देखिन्छ त्यो ।

'जब पर्वतकी दैवी पुत्री पार्वती हातमा वरमाला लिएर देवताहरूको सभामा शिवलाई वरण गर्न जान लागेकी थिइन् त्यसै समय शिवले उनको परीक्षा गर्न भर्खर जन्मेको बालकको रूप धारण गरेर पोल्टामा बसिदिए पार्वतीको । यस समस्यालाई समाधान गर्न पार्वतीले शिवको ध्यान गर्दा ती बालक स्वयं शिव नै भर्खरै जन्मेको शिशुको रूपमा उनको पोल्टामा आएका हुन् भन्ने थाहा पाइन् र आफूले चाहेको आराध्य देव शिवलाई पाएर उनैलाई वरण गरी आफ्नू छातीमा शिशुलाई टाँसेर सभास्थलबाट फर्किन् ।'

यस बाहेक उनले एउटा यस्तै मूर्तिमा 'वंशीनाथ

लालित' भन्ने लेखिएको अभिलेख पाए त्यसबाट पनि यो मूर्ति पार्वती र शिवको वैवाहिक मूर्ति नै हो भन्ने निष्कर्षमा पुगे उनी । त्यसैकारण 'माता र शिशु' भनिंदै आएको यस्तो मूर्तिलाई 'सद्योजात' शिव नामकरण गरे भट्टशालीले ।

जनकपुरमा जुन मूर्ति पाइयो त्यस्तो मूर्तिलाई 'सद्योजात' भन्न लागेका छन् विद्वान्हरू । भारतीय पुरातत्त्वका विद्वान् बी. पी. सिन्हाका अनुसार पाँचमुखे शिव मूर्ति नै प्रसिद्ध छ 'सद्योजात' का नामले । हामीले चर्चा गर्न लागेको मूर्तिले कतै प्रतिनिधित्व गर्दैन पाँच–मुखे शिवको । सद्योजात भन्नासाथ शिव बाहेक अर्थ लाग्दैन अर्को । उदाहरणका लागि शिव भन्नासाथ पञ्च-शिर, पञ्चानन, पञ्चवक्त्र अथवा पञ्चमुख पनि भनिन्छ यदाकदा । यिनै पाँचमुखमध्ये पूर्वको मुहार हो 'सद्यो-जात' । पञ्चमुखी महादेव वा शिवका दश हातमध्ये पूर्वको सद्योजातका एउटा हातमा अक्षयमाला र एउटा हातमा लिएको हुन्छ कमण्डलु । पञ्चमुख शिवलाई पञ्चपक्षमूर्ति पनि भनिन्छ यसको विपरीत । ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवको प्रतिनिधित्व गर्दछ पञ्चपक्षमूर्तिले । महादेवको संज्ञाले पुकारिन्छ जसलाई । तर यस प्रकारको छँदैछैन जनकपुरको कपिलेश्वरमा भेटिएको मूर्ति । यसै-कारण अझै विचार गर्नुपर्ने भयो हामीले ।

एकादश रुद्रको गणनामा पर्दछन् 'सद्य' शिव पनि 'अपराजितपृच्छा' नामक ग्रन्थका अनुसार ।

सद्यो वामोऽघोर तत्पुरुषवीशान एव च ।
मृत्युञ्जयश्च विजयःकिरणाक्षोऽघोरास्त्रकः ।।
श्रीकण्ठश्च महादेवो रुद्राश्चैका दशस्मृताः ।
–अपराजितपृच्छा ११२।१-२

अर्थात् सद्य, वाम, अघोर, तत्पुरुष, ईशान, मृत्युञ्जय, विजय, किरणाक्ष, अघोरास्त्रक, श्रीकण्ठ, महादेव यी एकादश रुद्रमा सर्वप्रथम नाम आउँछ सद्य अर्थात् 'सद्यो–जात' को । श्लोकमा केही अशुद्धि छ त्यसको लेखा–जोखा गर्ने यहाँ उद्देश्य होइन हाम्रो ।

द्वादश शिव अथवा एकादशरुद्रका कल्पनाको मूल आधार हो पञ्चमुख शिव । शिवका पाँचमुखको वर्णन पाइन्छ 'विष्णुधर्मोत्तर' पुराणमा । सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान हो जसका अनुसार ।

सद्योजातं वामदेव मघोरं (च) महा भुजः ।
तथा तत्पुरुषं ज्ञेयमीशानं पञ्चमंमुखम् ।।
–विष्णुधर्मोत्तर ३।४८।१

अलग अलग वस्तुको प्रतिनिधित्व गरेको पाइन्छ शिवका यी पाँचमुखले । सद्योजातले पृथ्वीको, वामदेवले जलको, अघोरले तेज अर्थात् शक्तिको वा ऊर्जाको, तत्पुरुषले वायुको र सबभन्दा माथि रहने ईशानले प्रतिनिधित्व गर्दछ आकाशको ।

सद्योजातं मही प्रोक्ता वामदेवं तथा जलम् ।
तेजस्त्वघोरं विख्यातं वायु तत्पुरुषं मतम् ।।
ईशानं च तथाकाश मूर्ध्वस्थं पञ्चमं मुखम् ।
–विष्णुधर्मोत्तर ३।४८।३

दाहिने हात वरद र बायाँ हात अभय मुद्रा भनि-एको छ सद्योजात शिवका आयुधको वर्णन गर्दा, डा. बलराम श्रीवास्तवद्वारा सम्पादित रूपमण्डन नामक पुस्तकको भूमिकामा । सौम्य, त्रिनेत्र, शुक्लवस्त्र, माला, कुण्डल, जटा र बालेन्दु भन्ने कुरा पनि समावेश गरिएको छ विशेष विवरणमा ।

सद्योजात शिवको मूर्ति यसरी निर्माण गर्नु भनि–एको छ सूत्रधार मण्डन कृत 'रूपमण्डन' नामक ग्रन्थको चौथो अध्यायको प्रारम्भमा ।

शुक्लाम्बरधरं देवं शुक्लमाल्यानुलेपनम् ।
जटाभार युतं कूर्याद् बालेन्दुकृतशेखरम् ।।
–रूपमण्डन ४।१

अर्थात् श्वेतवस्त्र धारण गरेका, श्वेतमाला एवं अनुलेपन गरेका, जटाभारले युक्त बाल इन्दु भहित मूर्ति बनाउनु ।

त्यतिमात्र होइन सद्योजातको मूर्ति निर्माण गर्दा तीन नेत्र, सौम्यमुहार, दुवै कानमा कुण्डलले अलंकृत, वरद र अभयमुद्राका दुवै हात भएको उत्साहकासाथ बनाउनु पनि भनिएको छ ।

त्रिलोचनं सौम्यमुखंकुण्डलाभ्यामलङ्कृतम् ।
सद्योजातं महोत्साहं वरदाभय पाणिनम् ।।
–रूपमण्डन ४।२

सद्योजातको यसप्रकार ध्यान हुँदाहुँदै जनकपुरको कपिलेश्वरमा प्राप्त मूर्तिलाई सर्वप्रसिद्ध सद्योजात शिव भन्न सकिँदैन कतै । जनकपुरको मूर्तिमा पनि नारी–को पृष्ठभागको माथि शिवलिङ्गको उपस्थिति भएको हुँदा शैवमूर्ति त हो यो पक्कै तर । त्यसैकारण प्रकारा–न्तरले भर्खरै जन्म लिएका अर्थात् 'सद्योजात शिव' भनेर व्याख्या गर्न सकिन्छ एकछिनका लागि कताकता यसलाई पनि । आत्रेयी नदीका किनारमा निकै मूर्ति प्राप्त भएका थिए भनेका छन् भट्टराईलीले भनेर प्रसंगवश चर्चा गरिसकेका छौं हामीले । आत्रेयीनदीको सम्बन्ध अत्रि–ऋषिसंग हुनु कुनै नौलो कुरा होइन यहाँ । सम्भवत: अत्रिऋषि र अनसूयाका पुत्र हुनआएका शिवको अर्को रूप दुर्वासा ऋषिको जन्म भन्नु उपयुक्त होला यहाँ । विष्णुपुराणमा यसप्रकार पाइन्छ त्यसको उल्लेख ।

अनसूया तथैवात्रेर्जज्ञे निष्कल्मषान् सुतान् ।
सोमं दुर्वाससं चैव दत्तात्रेयं च योगिनाम् ।।
–विष्णुपुराण १।१०।८,९

महाकवि कालिदासद्वारा रचित 'शाकुन्तल' नामक नाटकमा महर्षिद्वारा पालित शकुन्तलाकी सखीको रूपमा नाम आउँछ अनसूयाको । दक्षप्रजापतिका चौबीस कन्या–मध्ये एउटी कन्याको नाम पनि हो अनसूया नै । कर्दम तथा देवहूतिकी छोरी भन्ने पनि पाइन्छ मतान्तरले । अत्रिमुनिकी पत्नी हुन् हामीले चर्चा गर्न लागिएकी अनसूया । तपस्याबाट प्रसन्न भएर ब्रह्मा, विष्णु र महेश अर्थात् शिव क्रमश : चन्द्रमा, दत्तात्रेय र दुर्वासाका रूपमा पुत्र भएर जन्मिएका थिए अनसूयाका कोखबाट । पति–व्रताका रूपमा प्रसिद्ध छन् अनसूया पौराणिक गाथामा ।

महेश अर्थात् महादेव वा शिव दुर्वासाका रूपमा अनसूयाका छोरा देखिन आउँछन् यस वर्णन अनुसार । सद्योजात अर्थात् भर्खर जन्मेका शिशुका रूपमा प्रकट भए भन्न सकिन्छ हामीले अध्ययन गर्न लागेका मूर्तिमा भएका नवजात शिशुलाई पनि ।

पौराणिक गाथाका अनुसार अत्रिऋषिले पुत्रो–त्पत्तिका लागि आफ्नी अनसूयाका साथ मिलेर ऋक्ष–पर्वतमा त्रिमूर्ति अर्थात् ब्रह्मा, विष्णु र महादेवको उपासना गरेका थिए जसको फलस्वरूप दत्तात्रेयका रूपमा विष्णु, सोमका रूपमा ब्रह्मा र दुर्वासाका रूपमा शिवले अनसूयाका कोखमा बसेर जन्म लिए । ऋक्षपर्वत कहाँ छ त्यसमा पनि विचार गर्नु आवश्यक छ अहिले ।

ब्रह्माण्डपुराण अध्याय ८५ र स्कन्दपुराण रेवा-खण्ड अध्याय ४ का अनुसार विन्ध्यपर्वत र बंगालका खाडीको अर्थात् बंगोपसागरको बीचमा पर्ने नर्मदा र सोण नदीको उद्गमस्थल भएको ठाउँ नै हो ऋक्ष पर्वत । यसबाट अत्रिऋषिका दम्पतीले तपस्या गरेको ऋक्षपर्वत बंगाल र विन्ध्यका बीचमा पर्ने देखिएको हुँदा यो कथा पनि त्यहीं सृष्टि भयो र त्यसलाई पुष्टि गर्ने प्रतिमा पनि सर्वप्रथम त्यहीं बन्न प्रारम्भ भए र पछि फैलिए अन्यत्र पनि । यसबाट सहजै भन्न सकिन्छ यो नवजात शिशु वा 'सद्योजात' मूर्ति शिवको रूपमा दुर्वासाको हो र नारी मूर्ति अनसूयाको हो । हामीले जनकपुरको कपिलेश्वरमा प्राप्त गरेको मूर्ति पनि यसै कोटिमा पर्दछ । अस्तु ।

## सन्दर्भ सूची


ऋग्वेद– संहिता (मिति ?) प्रकाशक वसन्त श्रीपाद सातवलेकर स्वाध्याय मण्डल, पारडी, जि. बल-साड, भारत ।

विष्णुपुराण (संवत् २०३३) अष्टम संस्करण, गीताप्रेस गोरखपुर ।

शिवराम मूर्ति सी. (१९६४ ई.) पुरातत्त्व–परिचय, भारतीय संग्रहालय कलकत्ता, अनुवादक अमल सरकार, हिन्दी संस्करण ।

श्रीवास्तव बलराम (डा.) सम्पादन (वि. सं. २०२१) रूपमण्डन, मोतीलाल बनारसी-दास, वाराणसी ।

Alam A. K. M. Shamsul (1985) *Sculptural Art of Bangladesh* (*Premuslim Period*), Department of Archaeology and Mnseum, Dhaka.

*Archaaological Survey of India*, Anual Report, Volume XV 1969 Delhi.

Banerjee Jitendranath (1974) *The Development of Hindu Iconography*, Munshi-

Ram Manohar Lal Publishers Ltd.,Delhi.

Bangdel Lain S. (1982) *The Early Sculptures of Nepal*, Vikas Publishing House Pvt. Ltd. New Delhi.

Bhattasali Nalini Kant (1972) *Iconography of Buddhist and Brahmanical Sculptures in the Dacca Museum*, Indological Book House, Varanasi, Delhi.

Bhattacharyya Narendranath (1977)*The Indian Mother Goddess*, Published in the United State of America by South Asia Books Colambia, By Arrangements with Manohar Book Service, New Delhi, India.

*In the Image of Man*, Hayward Gallery, London, 25 March-13 June 1982, First Published in India 1982, Vikas Publishing House Pvt. Ltd. New Delhi, India.

Mani Vettam (1975) *Puranic Encyclophedia* Motilal Banarasidass, Delhi.

Majumdar R. C.(1976) (Edited) *The History of Bengal*, Vol I, Hindu Period, The University of Dacca, Ramna, Dacca.

Roy Ashim Kumar; Gidwani N. N. (1986) *A Dictionary of Indology* (4 Volume) Oxford & IBH Publishing Co. New Delhi.

Sharma Janak Lal (July 1954) *Nepals Sculptural Art*, East and West, (Quaterly) Isneo Publication year V Nomber 2, Rome, Italy.

Sinha B. P. (1979), *Archaeology and Art of India*, Sundeep Prakashan, Delhi.

Stutley Margaret and James (1977) *A Dictionary of Hinduism*, Routedge & Kegan Paul, London and Henley.

Stutley Margaret (1985) *The Illustrated Dictionary of Hindu Iconography*, Routledge & Kegan Paul, London.

# नेपालमा सूर्य मूर्ति र उपासना

–मोहनप्रसाद आचार्य

नेपालमा हिन्दू देवी देवताहरूको आराधना गर्ने क्रममा त्रिदेवको (ब्रह्मा, विष्णु, महेश्वर) जुन स्थान छ त्यसै तुलनामा सूर्यको स्थान पनि रहेको छ। प्रत्यक्ष देवताको रूपमा गणना हुने सूर्यलाई दिवाकर रवि, सविता, भाष्कर आदि नामबाट पुकारिन्छ। सबैभन्दा लोकप्रिय नामचाहिं सूर्य नै भएको बुझिन्छ। पारसी तथा युनानीहरू सूर्यलाई साक्षात प्रकृतिकै रूपमा मानी अर्चना गर्ने गर्दछन्। हिन्दू सम्प्रदायभित्र वैष्णव, शैव, शाक्त सम्प्रदायहरू पर्दछन्। सूर्यलाई हिन्दू धर्मावलम्बीहरू बेग्लै सम्प्रदायको रुपबाट नहेरी समष्टिगत रुपमा पूजा उपासना गर्ने गर्दछन्। आर. जी. भण्डाकरले सूर्य पूजाको प्रचलनलाई सौर्य सम्प्रदाय अन्तर्गत र राखेको देखिन्छ।[1] हिन्दूहरू विशेष गरेर सूर्यलाई ज्ञान, सुख र सम्पत्तिको मालिकको रूपमा लिने गर्दछन्। हाम्रो वैदिक साहित्य वेद, उपनिषद्, रामायण र महाभारत जस्ता ग्रन्थमा सूर्यबारे निकै वर्णनहरू पाइन्छ। भविष्य पुराण, शाम्ब पुराण, श्रीमद् भागवत पुराण आदि ग्रन्थहरूले पनि सूर्यबारेमा निकै जानकारी दिएका छन्। मत्स्य पुराणले सूर्य मूर्ति बनाउने बारेमा जानकारी यस प्रकार उल्लेख गरेको छ।[2]

पद्मासनः पद्मकरः पद्मगर्भः समद्युतिः।
सताश्वः सप्तरज्जुश्च द्विभुजः स्यात सदा रविः।।

वैदिक साहित्यको स्रोत मानिएको यजु वेदले सूर्यलाई हिरण्य पाणि भनेर वर्णन गरेको छ। छान्दोग्य उपनिषद्ले सूर्यको तीनरूप मान्दै यसलाई निर्गुण निराकार, सगुण निराकार र सगुण साकारको रूपमा चित्रण गरेको छ।[3] जे भए पनि भुवन भाष्कर सूर्यलाई निर्गुण निराकारकै रूपमा अपनाउने गरिन्छ। भविष्य पुराणले सूर्यलाई प्रत्यक्ष देवता मान्दै सम्पूर्ण चराचरको आँखाको रूपमा वर्णन गरेको छ। यति मात्र नभै सूर्यलाई सम्वत्सर, वर्ष, महीना, पक्ष, दिन, रात, घण्टा, पल समेतका प्रणेता मानी यिनलाई जीवन, तेज, बल, यस, चक्षु, आत्मा र मन समेतका प्रत्यक्ष ईश्वरको रूपमा लिइएको छ।[4] सूर्य बिना जसरी संसार अन्धकारपूर्ण हुन्छ त्यसै गरी सूर्य बिना मानव जीवन समेत अन्धकार हुने हिन्दूहरूको धारणा रहेको पाइन्छ। हिन्दू धर्मावलम्बी आर्यहरू मात्र नभै अनार्यहरू पनि सूर्यको उपासना तथा आराधना गर्ने गर्दछन्। सूर्यलाई अन्य देवी देवताको तुलनामा

---

१) आर. जी. भण्डाकर– वैष्णव, शैव एवं अन्य धर्म।
२) गीता प्रेस, गोरखपुर– मत्स्यपुराण ६४।१।
३) ,, – छान्दोग्य उपनिषद १।३।१
४) ,, – कल्याण वर्ष १९६०

प्रत्यक्ष देवताको रूपमा पनि सम्पूर्ण ग्रह (नव ग्रह) को स्वामीका राजाको रूपमा मान्ने गर्दछन् । वैदिक साहित्यमा अग्रज मानिएको ऋग्वेदको ७.६०.१, ६२.२ र १.११५.१ मा सूर्यबारे निकै वर्णन आउँछ । जस अनुसार सूर्यलाई चल र अचल आत्माको रूपबाट लिइन्छ साथै सूर्य उपासना गर्दा आदित्य ब्रह्माको रूपबाट गरिन्छ। सूर्य स्तुति हरेक हिन्दूहरू सन्ध्या तर्पणादि कार्य पछि गर्ने गर्दछन् । हरेक पूजा अर्चना आदि कार्यमा सूर्यलाई अर्घ दिने हाम्रो मुख्य संस्कृति नै बन्न गएको छ ।

सम्पूर्ण हिन्दूहरू सूर्यलाई अजन्मा भनेर मान्दछन् तापनि यिनको जन्म महर्षि कस्यप र दितीको गर्भबाट भएको भनेर विश्वास समेत राख्दछन् । हाम्रा पौराणिक ग्रन्थहरूमध्ये मार्कण्डेय पुराणमा सूर्यबारे निकै चर्चा गरिएको पाइन्छ । ब्रह्माजीको मुखबाट प्रथम उच्चारित शब्द 'ॐ' लाई परब्रह्म मानिएको र यसैलाई सूर्यको शरीर मानिएको छ । यसै ॐकारबाट गायत्री मन्त्रको 'भू: भुव. स्व:'को उत्पत्ति भएको मानिन्छ । यसरी ॐ रूपी शब्द ब्रह्माद्वारा भगवान् सूर्यको स्वरूपको प्रकट भएको बुझिन्छ ।[5] यति मात्र नभै यसै पुराणले सवितृ (भुवन भाष्कर) लाई ब्रह्मा, विष्णु, महेश्वरको रूपमा रहेर संसारको सृष्टि स्थिति र संहार गर्दछन् भनेर उल्लेख गरेको छ । हाम्रो पौराणिक ग्रन्थहरूमा ब्रह्मा, विष्णु, महेश्वर, देवी, गणेश तथा अन्य देवताहरूको दर्शन गहिरो साधना र भगवत्कृष्ण बिना पाउन नसकिने कुराको उल्लेख भएको छ भने प्रत्यक्ष दर्शन दिने देवतामा भगवान् भुवन भाष्करकै नाम अग्रपंक्तिमा आउँछ । भविष्य पुराणले पनि सूर्यलाई प्रत्यक्ष देवताकै रूपमा स्वीकार गरेको छ ।[6] आदि देव तथा प्रभाकर नामबाट समेत चिनिने छुट्टै सम्प्रदायको विकास नेपालमा भएको भने पाइन्न । भारत वर्षमा सौर्य सम्प्रदायको विकास भएको कुरा संस्कृतिको इतिहासबाट बुझिन्छ । नेपालमा सूर्यको पूजा अर्चना र उपवास बस्ने दिनहरूको समेत किटान भएको देखिन्छ । हरेक महीनाको आइतबारलाई सूर्यको बार मानिन्छ । पौष महीनाको आदित्यबार मध्यान्ह सूर्य पूजा गरी सूर्यलाई अर्घ दिने हाम्रो परम्परा रहेको छ । श्राद्धादि पितृ गर्दा पनि सूर्यलाई अर्घ दिने गरिन्छ । सम्पूर्ण नेपालीहरू आ–आफ्नो घरमा पाञ्चायन देवताको पूजा अर्चना गर्ने र पाञ्चायन समूहभित्र गणेश, सूर्य, देवी, शिव र विष्णु (गणेशो भाष्करो देवी शिवो विष्णुश्च पञ्चम) पर्ने भएकोले नेपालमा आदि समयदेखि नै सूर्य पूजा गर्ने गरेको कुरामा कुनै शङ्का रहँदैन । यतिमात्र नभै सूर्यसम्बन्धी आदित्य हृदयको पाठ समेत गरिन्छ ।

नेपालमा सूर्य पूजाको चलन कहिलेदेखि चल्यो, वास्तविक रूपमा भन्न सकिंदैन । वैदिककालबाटै आराधना हुँदै आएका सूर्य लिच्छविकालमा बढी व्यापक भएको कुरा टेबहालमा पाइएको मानदेवकालीन अभिलेखले पुष्टि गर्दछ । त्यस अभिलेख अनुसार कुनै व्यापार मण्डलका नेता गुहमित्रले सम्वत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्र नामक भगवान् सूर्यलाई भक्तिपूर्वक स्थापना गरे ।[7] यसै गरी सम्वत् १५७ जयदेव द्वितीयको पशुपति अभिलेखको तेस्रो हरफमा सूर्य वंशबाटै लिच्छवि राजा भए भनि उल्लेख भएबाट यस कालमा सूर्यलाई कुल देवताको रूपमा मानी पूजा उपासना हुँदै आएको बुझिन्छ ।[8] भारत वर्षमा ७०० बि. सी. भन्दा अघिदेखि नै सूर्य पूजाको प्रचलन भएको कुरा विदेशी पर्यटक आदिका यात्रा

---

५) आद्यन्तं यत्परं सूक्ष्ममरूप परमं स्थितम ।
ओमित्युक्तं मया विप्र तत्परं ब्रह्म तद्वपु: ।। मा. पु. २७।६८ ।

६) सहस्त्रशीर्ष सुमना: सहस्त्राक्ष: सहस्त्रपात्... भविष्य पु. १९–२० ।

७) धनवज्र बज्राचार्य– लिच्छविकालका अभिलेख
वाणिजां सार्थवाहेन गुहमित्रेण भक्तित:
सस्थापितोत्र भगवानिन्द्रो नाम दिवाकर:

८) ऐजन

वृत्तान्तबाट बुझिन्छ । प्राचीन समयमा सूर्यको मानवाकृतिको रूप प्रतिबिम्ब बनाएर पूजा गर्ने चलन भएको बुझिन्छ । लिच्छविकालीन सूर्य मूर्तिहरू कमै पाइए तापनि मल्लकालीन सूर्य मूर्तिहरू सयौंको संख्यामा पाइन्छ । नेपालमा सूर्यका मूर्तिहरू प्रायः एकै रूपबाट बनेका भने पाइन्नन् । विभिन्न रूपबाट बनेका भए पनि सूर्य मूर्तिको हातमा लिने आयुधमा भने विभेद भएको पाइन्न । सूर्यको दुवै हातमा कमल पुष्प लिएको देखिन्छ । एकले सूर्य मूर्ति बाहेक उठेको र सात घोडाले युक्त भएको रथमा बसेका सूर्य मूर्तिमा नवग्रह सहित सूर्यका सारथी अरूण वरिपरि राज्ञी संज्ञा र निक्षुमा दण्ड, पिङ्गल र निशाचर आदि रहेका पाइन्छन् । सूर्यका ७ छन्दलाई नै सूर्यको घोडा भनेर भनिन्छ । यो सात घोडालाई गायत्री, बृहती, उष्णिक, जगती, त्रिष्टुप, अनुष्टुप र पंक्तिबाट चिनिन्छ ।

नेपालमा प्रायः गरी ३ प्रकारका सूर्य मूर्तिहरू पाइन्छन् । जसले गर्दा सूर्य मूर्ति चिन्नमा सघाऊ पुग्दछ । यहाँ त्यस्ता सूर्य मूर्तिको बारेमा संक्षेपमा वर्णन गरिने जमर्को गरिएको छ ।

**पहिलो प्रकारका सूर्य मूर्तिहरूः–**

कमलको फूलमाथि पुच्छर जोडी २ दिशातिर फर्केको घोडामाथि खुट्टाले टेकी उभिएको सूर्य मूर्ति यस्ता सूर्य मूर्तिमा दुईदेखि दसवटासम्म हात भएका पाइन्छन् । दुई हात भएको सूर्यमूर्ति भए कमल पुष्प मात्र लिएको हुन्छ । अन्य बढी हात भए अभय, वरद मुद्राका २ हात सहित रूद्राक्ष, तीर, पास, त्रिशूल र धनुष आदि रहेका हुन्छन् । यस प्रकारको ५ मुख भएको १७ औं शताब्दीको सूर्य मूर्ति भक्तपुर कला संग्रहालयमा रहेको छ । यस प्रकार उभिएको सूर्य मूर्ति समपाद मुद्रामा उभिएको पाइन्छ । कुनै सूर्य मूर्तिमा दण्ड पिङ्गल र राज्ञी समेतका स-साना चित्रहरू रहेका पाइन्छन् । यी सूर्य मूर्तिहरू साधारण भद्धापनका नदेखिने प्रभामण्डलको साथै किरिट कुण्डलले युक्त हुन्छन् । यस्ता मर्ति करीब ११ औं शताब्दीतिरको थापाहिटी, सौगल टोल पाटन, पशुपति क्षेत्र, पनौतीमा समेत देखा पर्दछन् । राष्ट्रिय संग्रहालय छाउनीमा रहेको सूर्य मूर्तिचाहिं अलि बेग्लै खालको छ । यस सूर्य मूर्तिको खुट्टा नांगो नभै बुठ आकारको जुत्ता लगाएको देखिन्छ ।

**दोस्रो प्रकारका सूर्य मूर्तिहरूः–**

यस प्रकारका सूर्य मूर्तिहरूमा सात घोडाले तानेको रथमा सारथी अरूणका साथ सूर्यलाई देखिन्छ । सूर्य मूर्तिको वरिपरि चक्राकार रूपमा नवग्रहहरू रहेका हुन्छन् । सबै ग्रहहरू आ-आफ्नो आयुध लिएर बसेका देखिन्छन् । सूर्य किरिट कुण्डलले युक्त देखिन्छन् । दुवै हातमा कमलको फूल लिएको सूर्यलाई उदाउन नदिन दुई निशाचरले पछाडिबाट रथ रोक्न लागेको देखिन्छ । यस प्रकारका सूर्य मूर्तिहरू काठमाडौं, पाटन, फर्पिङ्ग, इन्द्रेश्वर पनौती र भक्तपुरमा समेत पाइन्छन् । निर्माण भएका सूर्य मूर्तिहरू १४ औं शताब्दी पछिका मात्र पाइन्छन् । नवग्रह सहित ७ घोडाले युक्त भएका सूर्य मूर्तिहरूमध्ये ने. सं. ५८६ (१४६६ ए. डी.) को सूर्य मूर्ति राष्ट्रिय कला संग्रहालय भक्तपुरमा रहेको छ । मूर्ति त्यति सुन्दर र सजीव नभए तापनि सूर्य मूर्ति कलामा हुनु पर्ने गुणबाट पूर्ण छ ।

**तेस्रो प्रकारका सूर्य मूर्तिहरूः–**

समपाद मुद्रामा उभिएको यस प्रकारका सूर्य मूर्तिको बीचमा सूर्य वरिपरि नवग्रहहरू रहेका हुन्छन् । सूर्यको दुवै हातले कमलको फूल लिएकै हुन्छ । प्रभामण्डलले युक्त सूर्य मूर्ति किरिट कुण्डलले युक्त देखिन्छ । यस प्रकारको सूर्य मूर्ति उपत्यका, पनौतीमा समेत रहेका छन् । १६ औं र १७ औं शताब्दीतिरको सजीवताको चित्रण गर्ने सूर्य मूर्ति नवदुर्गा चित्र मन्दिर भक्तपुरको हाताभित्र पाइन्छ । नवग्रह देखाइएको सूर्य मूर्ति आसनावस्था वा स्थानकावस्था कै किन नहोस् त्यसमा अङ्कित ग्रहहरू क्रमबद्ध रूपमा नै रहेका हुन्छन् । राहु र केतु दुई छुट्टै ग्रह भए पनि एकै आकारमा देखाइएको हुन्छ । यस्तो मूर्तिमा माथिल्लो भाग राहु र तल्लो भाग केतुको हुन्छ जसलाई सूर्यको रूपबाट देखाइएको हुन्छ । कुनै सूर्य मूर्तिमा राहु र केतुको छुट्टाछुट्टै रूप भएको पनि देखिन्छ ।

बसेको सूर्य मूर्ति भए घोडामाथि बसेको र हातमा कमलको फूल लिएकै हुन्छ । रानीपोखरीस्थित बसेको सूर्य मूर्तिमा स्त्रीलाई सूर्यको काखमा राखी परिवार समेत चित्रण गरिएको छ । यस प्रकारको सूर्य मूर्ति

अर्को पाइएको छैन । अतः यस्तो मूर्तिलाई मूर्ति विज्ञान, विष्णु पुराण, विष्णु धर्मोत्तर आदिले समेत निदृष्ट गरेको देखिँदैन । मूर्तिकलामा यस प्रकारको मूर्ति विज्ञानले मान्यता पनि दिँदैन ।

## प्रतीकात्मक सूर्य मूर्तिहरू:-

मानवाकार कृतिमा चित्रण गरिएका सूर्य मूर्ति–हरू बाहेक यस्ता सूर्य मूर्तिहरू प्राचीन समयदेखि आज सम्म चित्रण हुँदै आएको छ । सूर्यलाई जस्ताको त्यस्तै रूपमा चित्रण गरिएका स्वरूपहरू प्रस्तर कला, धातुकला, मुद्रा चित्रकलाका साथै हाम्रो राष्ट्रिय झण्डामा समेत समावेश भएको पाइन्छ । सबैभन्दा बढी यस्ता मूर्तिहरू हाम्रा काष्ठकलामा देखा पर्दछन् । काठमाडौं उपत्यका भित्रका तीनै शहर (भक्तपुर, काठमाडौं र ललितपुर)मा काष्ठकलामा कुँदिएका आकर्षक सौम्य सूर्यमुखी झ्यालहरू पाइन्छन् । काठमा कुँदिएका यस्ता सूर्यमुखी झ्यालहरू १७ औं र १८ औं शताब्दी पछिका मात्र देखा पर्न आउँछन् ।

प्रत्येक मानिसका दुई आँखामध्ये एक आँखालाई सूर्य मान्दै आएको हाम्रो संस्कृतिले आठ नाम भएका सूर्यलाई वैदिक समयदेखि उपासना अर्चना गर्दै यसको अर्चाविग्रह समेत गरेको देखिन्छ । हाम्रो संस्कृतिको अभिन्न अङ्ग भएका काव्यहरूमा सयौं कथा भएका सूर्य-लाई रोग निको पार्ने वैद्यको रूपमा मात्र नलिई गणीत तथा ज्योतिष शास्त्रले त प्रधान अङ्गकै रूपमा स्वीकार गरेको छ । ज्योतिष शास्त्रले सम्पूर्ण ग्रह तथा नक्षत्र मण्डलका अधिष्ठाता बताउँदै सूर्यलाई सिंह राशीको स्वामी नै मानेको छ । यसरी विश्वका सबै धर्मावलम्बी–हरूले प्रत्यक्ष रूपमा मान्दै आएका सूर्यका मन्दिरहरू अन्य देवी देवताको मन्दिरको तुलनामा आकर्षक र भव्य रूपको पाइँदैन । भक्तपुरमा भएको सूर्य मन्दिर पनि १९९० को महाभूकम्पले नष्ट परिदियो भनेर भनिन्छ । भारतका कोणकी सूर्य मन्दिर विश्व प्रसिद्ध छ । नेपाल–मा यत्रतत्र पाइने स–साना सूर्य मन्दिर तथा मूर्तिलाई संरक्षण गरी यसको प्राचीन स्वरूपलाई नष्ट हुनबाट बचाउनु नै प्रत्येक नेपालीको दायित्व नै हुन गएको छ जसबाट हामीले सूर्यसम्बन्धी हाम्रो धारणालाई कायमै राखी धर्म र संस्कृतिको ज्ञान विश्वलाई दिँदै नेपालको कला सम्पदाको चिनारी गराउने प्रयास गर्नु पर्दछ ।

# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

वैशाष वदी ६ रोज ४ मा

तस्तै विचमा श्री प्राइममिनिष्टरवाट श्री जनरल वद्रीनरसिंह कुवर राणाजीलाई लेषी गयाको आहावाट लेषी गया वमोजिम चिठी पुग्याका मिति तक भर्ना भयाका जवान पगरि लगायेतक प्रेलतकलाई सगिन स्मेतका तयारि वंदुक र निसानलाई झंडा २ दिया हो भर्ति गर्नु पर्‍या षाली जवानलाई वंदुक नभै हुवैन भनी नीज पल्टनलाई जवानका वन्दुक स्मेत वोकाई पल्टन षडा गरि दोश्रा लम्वर पल्टन १ लाई चैत्र शुदि ६ रोज ३ का दिन रवाना गरि पठाउन्या र नीज पल्टनका नामा सिठडा पठाउन्या काम वहुत वढीया गर्‍याछौ नीज पल्टनको नामा सिठडा आई पुग्यो आहावाट लेषि गया वमोजिम लेफटेन्ट कर्णेल जङ्गध्वज कुवर राणाजीलाई नीसानाका टहलुवालाई १ राषी वांकी विपा षलासि रुपिआ चाडो पठाई देउ भनी लेषि पठाउन्या काम स्मेत भयेछ. आहावाट पनि ताकिति लेखि गयाको हो. तिमीले पनि ताकित लेषि पठायापछि विपा षलासि र रुपिआ पठाई दिन्या काम गर्ला ताहा विपा षलासि आईपुग्नी वित्तिकै अघीका दरसंग षजाना वोकाई श्री वरष पल्टनका साथमा पठाउन्या काम गर्न्यैछौ कामको जरूरी पर्दा २ पटक गरि १० हजार रूपिआ आहाका मर्महाजनसंग ली नीज कप्तानलाई पठाई दियाको हो ३ हजारको मात्र सुन लागन्या छैन भन्या लेषीयेछ. ३ हजारको पनि ठेगाना लाई वक्सनै हुन्या छ भनि लेष्याका कुरालाई जंगीका जमा जरूरी पर्दा मर्महाजनका सापटका दी पठायाका रुपिआमा तिमीलाई सुन लागन्या छैन मिन्हा होला दिवाकर पाध्या अघीदेखिका हुन् तिनलाई सुवांगि दिन्या काम वेस भयेछ फागुनका १ दिन जादा कपतान अम्वरसि कुवर राणाजी र १ पट्टीलाई मोस्ताङ तरफ पठाई फेरी सायेतका पूर्जि वमोजिम श्री वरष पल्टन स्मेत मोस्ताङ तरफ रवाना भयो अघी चह्लाई पठायाको जनावरका तायदाती फर्दवेनि वागलुंवाट पठाउदा चाडै जाउं ढील भया वेत्यास षाला भन्या ताकितिको ३।४ चिठी पठायामा येस पटकका चिठीमा कागवेनीवाट मोस्ताङ तरफ गआ भन्या लेष्याको रहेछ र सायेतका पूर्जि वमोजिम मोस्ताङवाट जावैनन् कि भन्या मनमा संदेह लाग्दा नीज कपतानले तिमीलाई लेष्याका चिठि र नीज कपतानलाई तिमीवाट जवाव लेषिगयाको नकल १ ज्मादार गजराज कार्किले उसका वावुलाई लेष्याको चिठी १ सुवेदार रत्नमानसिंलाई तिमीले लेष्याको दस्षतको नकल १ कपतानलाई पठाउनु पर्न्या दस्षतको मस्यौदा पठाई दिन्या काम वढिया गर्‍याछौं नीज कपतानवाट आयाको चिठीले

र तिमीले पठायाका मसौदाका नकलले सवै विस्तार वुझी यो तिमीले सवै कुरा मुनासिव माफिक लेष्या छौं जाहाबाट गर्नु पर्न्या दस्षतका मसौदामा छाप गरि पठायाको छ पुगला जगातका कुरालाई वेपारिहरूलाई मात्र जगात लागदछ जंगी कामको माल रसद काग काममा आउन्या जानालाई जगात लाग्दैन हटनाको तिम्रो दस्षत गरी पठाई दिन्या काम गर सायेतका पुर्जि वमोजिम मोस्ताङवाट उठन सकैनन् कि भन्या संदेह लाग्छ भनि लेष्याका कुरालाई आफ्ना मुनासिवले भन्या त्यो सायेत हुर्न्दैन हिउले वाटो षुल्याको रहेन भन्या सायेतको पूर्जि भै गयाको छ तापनि नजानु भन्या वेहोराको नीज कपतानलाई लेषी गयाको मसौदा तिमीलाई लेषि पठाई दियाकै छ. सोहि वमोजिम तिमीले लेषि पठाई दिन्या काम गर्नु पिपाहरूलाई पुराना कुथि मागि पठायाका छन् ताहा छन् भन्या पठाई दिन्या काम गर्नु लडाञीमा फौज चल्यापछि भागन्या जागिरदारलाई सवैले देषन्या ठाउ वाटोमा झुंडाईदिनु भन्या अयेन भयाको छ सोहि वमोजिम गर भनि लेषि पठाउन्या काम भयो वढीया होला अंग्रेज सनवन्धको षवर तंलाई सोझी लेफटेन कर्णेल जङ्गध्वज कुंवर राणाजीले काम गर्नु भन्या सिक्ष्या लेषि आयाको हो सो वमोजिम षैषवर मलाई लेषि पठाउनु भनि लेषि पठायाथ्या गोरखपुरवाट जजसाहेव लक्ष्मीपुरमा आई सियार षेल्याका १७।१८ दिन भयेछ यस मुद्दाको भाई–वाट केही लेषि आयेन भनि लेष्याका कुरालाई लेफटेन्ट कर्णेलले लेषी पठाउनु पर्न्या हो वहुत वेमनासिव गरेछ. येस्कुराको ताकिति फेरी पनि नीजलाई जाहावाट डाङ्-गीरीको चिठी पठाउन्या काम गरुला अघी श्री वरषका साथ पठायाको असवाफको षुलासा गरी लेषी पठाउन्या काम वढीया गर्‍याछौ वेसै तर्जुमासंग पठाया छौं षुसी-लाग्यो औ केरु सर भयाको विस्तार अघी लेषि पठायाको हो षुसी नामाको वढाई गर्न्या काम वढीया गर्‍याछौं लिस्ति तरफ गर्‍याका श्री काली वक्स वर्दवानि पल्टन २ र श्री जनरल माईधीर सम्सेरजङ्ग कुवर राणाजी कम्या–ण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजी छोस्यांसम्म पुग्याका रह्याछन् टिगरिवाट अफिसर रूपन भोट्या सिपाहि ३००० सुनागुम्वा र फुनुगुम्वाका झाराली २००० जमा फौज ५००० आई वैशाष वदी ४ रोज ६ का दिन ७ मुष गरि वंदुक पटकाई फयेर गरि लडन आयेछ र उन्हेरूले अघीबाट फयेर गर्दा हाम्रा फौजले ५ मुष गरि फयेर गरि लड्याछन् लडाञी हुंदाहुदै हिउं पर्‌छ र कम्वरसम्म हिउले छोपदा भोट तरफका मर्‍याका येति भन्या हिसाव आयाको रहेनछ हाम्रा फौजमा येउता सिपाहि-का पाषीका वषु छेदी गयेछ जिउमा कसैलाई केही भयेन छ हाम्रा फौज कुति पुग्याछन्. भोट्याहरू सवै भाग्या छन्. कुतिवाट यो विहोरा लेषि आउदा कुति सर भयाका षुसिनामाको २१ तोपको सलामि दिन्या काम गर्‍यु शुभम्—

वैशाष वदि ९ रोज ४

श्री मिनिष्टर जनरल वम्वहादुर कुवर राणाजी केरुंबाट फिर्नु भै काठमाडौ आइपुग्यो

वैशाष वदी १० रोज ५

ताहापछि श्री प्राईममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीवाट लेषि चर्‍हाई पठाया-को श्री जनरल भाई धीर सम्सेर जङ्ग कुवर राणाजी श्री कम्याण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजी र श्री कालिवक्स श्री वर्दवानी पल्टन २ ले छोस्यांसम्म पुगी उनीहरूले पैल्हे फयेर गर्‍यापछि पछि आफुले फेर गरि ५००० लस्करसंग लडाञी गरि हटाई कुति सर भै वाहाल भयाको समाचार सुन्दा सार्‍है हर्ष लाग्यो हजुरका पुन्य-प्रतापले वाहा पनि सर भयो जाहा पनि सर हुनौछ. यो षुसिनामा सुन्दा श्री च्यांग्रा सिमार्ग पूजा गरि २ पहिले वढाई पनि गरिदिन्र्यु हाम्रा मुहुदामा पनि तेस्तो परि–आयो भन्या सर हुन्यै छ औ झुगा तरफका कुरालाई अस्ति सोमवारका दिन माथिवाट रोपि ३ र अरू लस्कर ३०० घोडाका सवार २५।३० ले हतियार गैर्‍हे ली झुगा आडमा वस्न आयो फेरी लस्कर थपिछ भन्या समाचार आउछ आडमा वस्न आयाको र तहकित हो विग्रया भत्क्याको आड पनि सफा गरि वनायेछ आड भीत्र इनार पनि षन्न लाग्याको रहेछ तेहि झुगा किल्लामा ढेवा ३ पनि वस्याका रह्याछन् रोजरोज चिवा पनि कुकुर घाटसम्म पठाउंछ भन्या षवर मेजर कपतान श्री भक्त

षडकाले लेखि पठाया झुगावाट आउन्या महाजन २ ले पनि भन्या र मैले पनि कालु कार्कि र दोभास्यालाई झुगा किल्लामा पठायाको छ. वाहाको तहकित वुझी भोलि पर्सि आउन्या छन् औ केरुंका भोट्या झुगामा वन्द वेपार गर्न जांदा झुगाका ढेवाले पक्री वाही राख्दो रहेछ यो समाचार पाई केरुंका झुगा जानालाई गयाका भोट्याहरू पनि फर्कि आया औ झुगा किल्लामा २५।३० नाल वन्दुक तयार छ भन्छन् ति वंदुकको दरेस काहा-सम्म पुग्छ भनि ताहाको ढेवाले ५।७ वन्दुक पटकाई हेर्दा २।४ वंदुक भन्या टाढैसम्म पुग्दो रहेछ अरू वंदुक भन्या माफिकै रहेछ रैयतहरू भन्या हामीसंग परषजाना केही छैन सवै हाम्रो लस्कर ज्मा भया ३।४ सये हुन्या गोर्षाली लस्कर भन्या तेत्रो षरषजाना ली त्यो मजगुति-संग आइ पसि रहेछ हामी क्या गरुं भनी रैतिहरू ढेवालाई मदत दिनामा पस्तारह्या छन् औ झुगा तरफ जान्या अफिसर गैंह्रलाई पनि वुतिका षवर सुनाई पठाइ दिञा माथी भोट तरफवाट आउन्या हुलाकमा हजुरको नाउमा आयाको चिठी वाहाको षैषवर वुझन्या निमित्त षोलि हेर्नु किन षोलि विसे चह्राई पठाउनु जो मर्जि मुकाम केरु पार्ङसिटार शुभम–

वैशाष वदी १० रोज ५

श्री जनरल जगत्सम्सेर जंग कुवर राणाजीवाट केरुका प्रजाहरूलाई गरिदियाका दस्षतको नकल उप्रान्त गोर्षा श्री ५ सर्कारवाट भोट तरफ लडाञी गर्ना निमित्त हुकुम वक्सी जंगि षजाना ली लस्कर केरुं आउदा तिमी रैतान-लाई त्रास भै जंगल पस्दा हाम्रो फौज पल्टनलाई औ नवांधी केरुं इलाका भरका प्रजा अघी पनि हाम्रै हुन् आज तिमीहरूले इ प्रजाको धनमाल लुटनु कसैको छोरी वोहारी जवरजस्तिसंग किरनी नगर्नु चाहिन्या माल मत्ता चल्याका श्रेष्टसंग मोल गरिलिनु दिनु गर्नु भन्या तिमीहरूलाई लालमोहर गरिदिञ्यु पल्टन फौजलाई अयेन वाधि दिञ्युं येति वन्दोवस्त हुदा तिम्रो चित्तवुझी हाम्रा हजुरमा सामेल भयौ प्रजा हाम्रै रह्या-छौ भन्या लाग्यो अव भोट तरफको लस्कर झुगा आई वस्यो हाम्रो फौज हान्न गयो ताहाका प्रजाहरूले पनि हामिसित हतियार गर्‍या. सुविस्ता हुन्या छैन सो वुझी केरु इलाका भरका हातहतियार तवसिल वमोजिमका जो छन् कपतान सेवकराम थापा मार्फत लेखाई देखाई वुझाउनु जसले वुझावैनो उसलाई गोर्षा श्री ५ सर्कारको प्रजा हवैनौ धन जान्याको धन जाला ज्यूजान्याको ज्यू जाला सो जानी नीज कपतानसंग त्याई षसोषास लेषाई देषाई जानु–

तपसील

| | | | |
|---|---|---|---|
| वन्दुक | तरवार | च्यापसा | वर्छा |
| भाला | कांढ | घोतली | वंचरो |
| षुकुरी | कटारि | फर्सावान् | घुम्याला |

आफ्नु आफ्नु माल देषाई लेषाई पुर्जि झुडाई जानु पछी तिमीहरूको माल फिर्ता होला–

वैशाष वदि ११ रोज ६ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीवाट चह्राई पठायाको हाम्रो नेपाली महाजनका झुगामा ४ कोठी रह्याछन् जो नेवार झुगा किल्लाभित्र थिञा ति सवैका सुर्ती तमाषु स्मेत पसलको जो भयाको माल ली वस्नु हुन्दैन भनी धपाई दिएछन् कोही महाजन केरुं पनि आइपुग्या कोहि वाटामा आउदैछन् औ सुवेदार कालु कार्की र दोभास्यालाई वुझी विचार गर्ना निमित्त झुगा पठायाको छ भनि हजुरमा लेषि चह्राई पठायाको हो हिजो २ घडी दिन वाकिमा नीज सुवेदार र दोभास्या आई पुग्या झुगा किल्लामा भन्या पुगनु पायेन छन् झुगा किल्लादेषि ३ कोस वढो उत्तर तरफवाट विकट राष्याको रहेछ. तेस विकटमा भोट्या सिपाहि १० जना वस्याको रहेछ. तेस विकटदेषि एक पाउ वढो पुग्दामा ३० वर्षसम्म झुगामा रहन्या महाजन येस तरफ आउदा वाटामा भेट भयेछ र नीज सुवेदारले तेस महाजनलाई तिमि र म फिरौ भोट्यावया भन्दा तिमी र म वकिल होइनौ हामी झुगा गै क्या निधो हुन्याछ. अरू महाजनलाई थोरी हपकि दपकि गर्दैमा गयाथ्या मलाई झुगाका ढेवाले डाकि १ रात राषि मुष्य तवस वस्तैनस भन्या श्री जनरल साहेवसंग गै फौज आये तापनि अरू घा हुन्यैछ पल्टन २।४ दिन केरुं गैमा

थामिदिया वढीया होला भन्या [धिन्ति पान्यास्त भनि अह्रायैछ उसले तातोलाई तेस्तो अह्राई यो ताहात धेरै वर्ष रह्याको जुन निमेक षनि तेरामन लेट्या होला भन्या ठहराईस् की अरू उस्को फौज वढी आउला भन्या ठहरास् भनि निज कार्कि सुवेदारले सोधदा यो सवै कैफेत सेश्याकाजिको छ अैल्हे घा हुनसक्तैन जति ढीलो भयो उति तेस्का फौज वढन्या तवर छ औ लस्कर आयो भन्या हामीलाई षवर दिनु १।२ पर्वत्यालो गन्या स्वास्नी जोसुकै आया पनि पक्री राषनु जवरजस्ति गऱ्यो भन्या आफ्ना वलले थाम्यो भन्या भरिदिनु. भन्या विकट विकटमा उद्दिछ भनि तेस महाजनले सुनायेछ र ताहादेषि हाल षवरली नीज सुवेदार दोभास्या फर्कि आयाछन् औ झुगा किल्लामा रह्याका मानिस र अघिका अर्जिमा लेषि पठाया वमोजिम रह्याछन् औ पुराना गोरष श्री भैरवनाथ पल्टन २ अघी झुगा तरफ रवाना भयाका थिया मेजर कपतान श्री भक्त षडकाको पल्टन दारुवा काट्ने काममा कुकुर घाटमा रह्याका हुनाले तेसैले मदत देला भन्या तजवीज गन्याको थीयो नीज पल्टनका पीपा वाटो वनाउन्या काम मोरह्याको हुनाले नीज पल्टनका मेजर कपतानको पल्टन झुगादेषि पासिटारसम्म १।१ कोसमा अडा गरि १।१ पट्टि डाक राषिदिया अघी गयाका पल्टनलाई मदत दिना निमित्त मेजर कपतान श्री कृष्ण साही र श्री जंगनाथ पल्टन झुगा तरफ रवाना गरि दिआ अव मगर पल्टन किराति पल्टन लामा पल्टन झुगा किल्लालाई रवाना भया औ फौज रैयेतहरूमा कुल्याहा हुल्याहा कोहि निस्क्या भन्या चाहिन्या रहेछ २०।२५ जोर नेल पठाई वक्स्या हुदो हो औ आहा केरुका रैतिहरू झुगा वर्लेपछि हामी पनि मदत दिउला भंछन् अरे मुषले भन्या हामितिर पेटले भन्या झुगातिर गर्न्या १।२ कुरा काहानीले पनि गन्याको देषता आषीरमा दगा गर्नन कि भन्या संदेह लाग्यो र हातहतियार दवायाको षुलासा गर्न्या रैतिलाई वन्दोवस्त गरिदियाको नकल चह्राई पठायाको छ. नजर भै जाहेर होला मुकाम केरु पासिटार शुभम्–

दस्षतमाथि लेषि गयो–

वैशाष वदी ११ रोज ६ मा

ताहा पछि श्री प्राइममिनिष्टरका हजुरमा श्री मेजर जनरल कृष्नध्वजजङ्ग कुवर राणाजीवाट लेषि चह्राई पठायाको सयेदेषि ५०० सयेसम्मको पल्टन १ भर्ना गर्नु पऱ्यो जति भर्ना गर्न सक्छ सवै शाषका १० दिन जांदासम्मका भर्ना गरि तयार गर्नु भर्ना गर्दा जुमली हुमली सल्ल्याना डुल्लु दैलेख डोटि अछाम प्युठाना मुसिकोट गोर्षाली पायासम्म भर्ना गर्नु तिनलाई चाहिन्या वंदुक वारुड गोली ताहाका जगेरा मध्ये दिनु. तिनलाई षानगि ज्येष्ठ वदी १ रोजदेषि दिनु इनलाई दिन्या रूपिआ वर्मदेउ मंडीका ११।१२ सालका आम्दानीवाट लीनु भन्या वेहोराको दस्षत पठाई वक्सनु भयाको रहेछ दस्षत आई पुग्नी मात्र भर्ना गर्न लागि रह्याछु. वन्दुक वारुद गोली पत्थर पनी येहाका जगेरावाट दिन्या र सघाउन्या सिकाउन्या काम गरुंला तर नआ मानिस छन् भरीसक्य सघाउन्या काम गरुंला नयां पल्टनमा भर्ति भयाको जवानलाई व्रह्मदेउ मंडीका ११।१२ सालका आम्दानीले भर्ना गरीदिनु भन्या वेहोरा लेषि वक्सनु भयाको रहेछ मंडीका आम्दानी फर्कावादी उठदछ यस्तरफ मोहर फर्कावादी सरोवर चल्दो रहेछ. वट्टा लाग्दो रह्यंछ. तेसरी तलेत श्री ५ सर्कारको केही गिरान् हुनजान्छ की भन्या डर लाग्छ श्री गणेश दल पल्टन श्री सिहनाथ पल्टनको गरी १२ हजार मोहर रुपिआ जुमलावाट नेपाल पठाउनु पर्न्या रहेछ. नआ पल्टनलाई भर्ना दिन यहि जुमलाका वाह्र हजार रुपिआको वेहोरा वांधीन पुग्याको रुपिआ अनेत्रको वेहोरा वांधी वक्स्या वढीया हुंदो हो ताहा तजवीजमा जो ठहर्छ दस्षत आइ पुग्याका भोलि वर जुमली हुमली गरि केही भर्ति गन्या वैशाखका १० दिन जांदासम्म जो भर्ति होइसकला पुस्तावाली स्मेतको हाजिरी फर्द चह्राई पठाउन्या काम गरुंला. मु. जुमला गल्फादरा शुभम्–

वैशाख वदि ११ रोज ६ मा

तेसै वखत श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत्संसेर जंग कुवर राणाजीलाई लेखी गयाको मधेसवाट आयाको रसद केरुमा वसि वुझनलाई आहावाट वैशाख वदि ११

रोजका दिन सुवागं भीरसिं आयाको छ. तेस तरफ रसद को ताकित र अरू परि आयाको काजकाम गर्ना निमित्त कम्याण्डर कर्णेल सनकसिं षत् पनि आयाका छन्. इनीहरू नआई पुग्दासम्म येतावाट चलान भै आयाका रसदका धोका तिमीहरूले वुझी ली यटावाट गयाको रसिदमा वुझि लियाको तिमीहरूको निसाना हाली रैतिलाई तुरन्त फर्काउन्या काम गर्नु सुवा मजकुर आई पुग्यापछि वुझी लीन्याछन् ताहा दाषिल भयाका रसदका धोका कति नविग्रन्या गरि थनक्याई तिमीहरूको पहरा चौकि राषी भंसारसम राषन्या काम गर गफिल गरि धोकामा तलमाथि पऱ्यो भन्या तिमीहरूले वुझाउनु पर्ला कम्याण्डर कर्णेल आई पुग्यापछि इनले लाया अह्राया वमोजिम आठौ प्रहर हाजिर हजुरहि तत्पर भै काम गर्नु भन्या वेहोराको श्री गोरख दल कंपनीका ५ गरि हुदा सिपाहि गंह्लका नाउंमा दस्षत गरि पठायाको छ. ताहा तिमीहरूले पनि पगरि हुदा सिपाहि गंह्ललाई राम्रो गरि अह्राई दस्षत वमोजिम गर्न लगाउन्या पाठ गर रसद ठनक्याउन्या धसार जगाको मर्मत लगाउनु तहा षाली भयाका पिपा षलासिलाई रसद वोकाउन्या काम गर्नु. मेजर कपतान सतराम षत् तोपका साथ आउछन् मजकुर कम्याण्डर कर्णेल पनि श्री कालीप्रसाद पल्टन साथमा ली वैशाष वदी १४ रोज १ का दिन ताहावाट आउछन् तिमीले लाया अह्राया वमोजिमको कामकाज गर्नु भनी अह्राई पठायाको छ ताहा अरू थोक परि आयाको कामकाज र रसदको ताकिति नीज कर्णेललाई अह्राई सवै काम गराउन्या काम गर तेस्तरफको हाल सुरत हरीघरी लेषि पठाउन्या काम गर्दै रहनु ताहावाट झुगा हान्नलाई कुन कुन पल्टन पठायौ तोप कति गोता गयो चौरी भेडा घोडाहरूले र पिपाले गरि रसद कति वोकि लग्या. यस्को जवाप चाडो चाडो लेषि पठाउ श्री मिनिष्टर जनरल भाईले झुगा हान्नलाई ताकित गऱ्या वमोजिममा कति कुरो गऱ्यौ कति कुरा गऱ्याका छैनौ सो षवर चाडो लेषी पठाउन्या काम गर शुभम्—

### वैशाख वदी १२ रोज ७ मा

श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत्संसेरजङ्ग कुवर राणाजीलाई लेषि गयाको लिस्ती तरफ गयाका काली वक्स वर्दवानी पल्टन. श्री जनरल भाई धीरसम्सेरजङ्ग कुवर राणाजी श्री कम्याण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजीहरू छोस्यासम्म आयाका रह्याछन्. टीगरीवाट अफिसर रूपन भोट्याहरू सिपाहि ३००० सुना गुम्वाका झाराली २००० ज्मा ५००० आई वैशाष वदि ४ रोज ६ का दिन ७ मुष गरि वन्दुक पटकाई फयेर गरि लडन आयेछ र उनीहरूले अघीवाट फयेर गर्दा हाम्रो फौजले पनि ५ मुष गरि फयेर गरी लड्या छन् लडाऔ हुंदाहुदै हिउ परेछ र कम्वरसम्म हिउले छोपदा मऱ्याको येति भन्या हिसाप आयाको रहेनछ. हाम्रा फौजमा यौटा सिपाहिका पाषीको वषु छेदी गोली गयेछ जीउमा कसैलाई केही भयेनछ. हाम्रा फौज कुतिमा पुग्या छन् भोट्याहरू सवै भाग्या छन् कुतिवाट यो वेहोरा लेषी आउदा येस्कुराको षुसीनामा श्री पशुपति गुह्यश्वरी गोरखनाथ दिगुतले तलेज्यूमा भेटि चह्राई २१ तोपको सलामी दीन्या काम गऱ्युं ताहा पनि आफुलाई जश हुन्या गरि वहुत होसियारसंग आउपयेर वलीयो गरी राषन्या काम गर शुभम्—

### वैशाष वदि १२ रोज ७ मा

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्संसेरजङ्ग कुवर राणाजीवाट लेषी चह्राई पठायाको वैशाष वदि ११ रोज ६ मा ह्लासावाट नाइक्या रामसुन्दर आहा पार्सिटारमा आइ पुग्यो उस्का मुष जवानले कुराको वेहोरा जो झुगाका षँषवरको विस्तार लेषी चह्राई पठायाथ्या सोही वमोजिम दुरुस्त वतायो फरक केही परेन. लछेजुंमा सेठाकाजिलाई छोडि आयेछ सिकार जुंमा म आउंछु भनी तहकित भैथ्यो. अरे आफु तिमी लडदैन भंछौ झुगा किन लस्कर पठायौ भनि रामसुन्दरले भन्दा गोर्षालीले पनि सांधसांधमा लस्कर राष्याको छ. हामीले पनि आफ्नु गौडा कुन्हैराष्याको हो भनेछ विकट पहराका उर्दिमा भन्या गोर्षाली लस्करले हात छोड्या तिमीहरूले पनि. हात छोडनु भन्या उर्दि दिरहेछ छ्यालुं ५७ सालमा वन्दोवस्त भयाका केरुंमा जगात वढता लियाको थ्यो सवै फिर्ता गरीदिन्छु भनी सेठाकाजिको र

अम्वाको चिठी नेपाल तरफ गयाको छ भन्यो श्री आहा आयाको दिन ढेवा षाम्सा म्वाम्दीका आमालाई संच छैन भनी स्याफ्ू गयेथ्यो. आयाको छैन. मुषिया लिनदिनले गऱ्याको कामकाज हजुरमा अघी पनि विन्ति चह्लायाको हो. केरुंमा ढेवा पनि अघी २ जना रह्याछन् काजकाम गर्दा ढेवा नभै काम चल्दो रहेनछ. तसअर्थ निज टिमुऱ्याको मुषियाले नदिनलाई ढेवा दर्शन गराई कामकाज र ताकितिमा लाजा श्री झुगा तरफतिरका पल्टन ३ रवाना भयाका हुन १ दिन कुकुर घाटमा २/३ घडी दिन वाकिदेषी रातभरी हिउ पर्दा हिउले थुनी १ दिन मुकाम भयो. मुकाम पाङसिटार शुभम–

वैशाष वदी १२ रोज ७

सोहि वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री लेफटेन्ट जनरल वषतजङ्ग कुवर राणाजीवाट लेषि चह्लाई पठायाको तोप वम ११ कामै सराजाम षजाना स्मेत र अघी गयाका फलाम्या ६ पंनिको तोप १ को षजाना हौजर १२ पंनि तोप ५ काथके षजाना स्मेत र जो आयाको फौजली धैवुं पुग्या. तोप तोपमा षलासि भर्ना नहुनाले काही झारा काही ज्याला दी वहुत तरहसंग वचाई धैवु पुऱ्याजा. हामीहरू पनि निका आनन्दसंग आइपुग्या. मुकाम धैवुं शुभम्–

वैशाष वदी १२ रोज ७

ताहापछि श्री प्राइम मिनिष्टरवाट श्री जनरल जगत्संसेर जङ्ग कुवर राणाजीलाई लेषि गयाको. पांसिटारमा अलिकन सिद्धियाको आड किल्ला वनाउन्या काम वढीया गऱ्याछौ अयेन वमोजिम श्री भाई मिनिष्टरले आहा आउन्या वेलामा झुगा सर गर्ना निमित्त फौज रसद अरू चाहिन्या सराजाम वोकाउन्या सवै कुराको उर्दि दि आयाका हुन् ताहा कति कति कुराको वन्दोवस्त गरी सक्यौ कति कुरा गर्न वांकि छ कति दिन जांदा झुगा तरफ जान्या वन्दोवस्त गऱ्यौ ई सवै कुराको षुलास्ता गरि चाडो लेषि पठाउन्या काम गऱ्या वढीया होला नाईक्या रामसुन्दर टिगरिवाट हिड्या भन्या चिठी आइ पुग्यो आजसम्म ताहा आई पुग्यो हो ताहा आई पुग्यापछि तेसलाई र तेस्का साथ मानिस स्मेतलाई सरासर आहा पठाइ दिन्या काम गर शुभम्–

वैशाष वदी १२ रोज ७

श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत्संसेरजङ्ग कुवर राणाजीलाई लेषी गयाको वैशाष वदि ६ रोज ४ का दिन पल्टन २ तोप ६ स्मेत सवै तजवीज मिलाई झुगा हान्न पठाउन्या काम वहुतै वढीया गऱ्याछौ. केरुंका रैयेतहरूमा कसैकसैले चौरी गैंहु सवै षुलस्त गरि दिया कोहि ठालुठालुले भन्या अघि तेसरी दिया तिनहरूवाट मुचुल्का लेषाई लिन्या होकि भनि लेष्याका कुरालाई ठालुहरूसंग जो भयाका चौरी गदाहा गैंहु रसद वोकाउनालाई दिउंला दवाञ्यु छपाञ्यु भन्या लिलाम गरिलिनु भन्या मुचुल्का दियापछि पनी दवाउना छपाउना पछी लाग्यापछि दवाउन्याको लिलाम गरीलिनु. रसद वहुतै ताकितिसंग वोकाई झुगा तरफ पठाउन्या काम गर्नु तिमी जान्यै छौ कम्याण्डर कर्णेल सनकसि षत्र पनि श्री कालीप्रसाद सर्वध्वज रणप्रीय दल ली रसदका वन्दोवस्त गर्नालाई ताहा आउन्या छन् उनैवाट रसदको ताकिति वेस गरि गर्न्या छन् श्री रैफल लेटरराज दल पल्टन ३ पनि पछिल्ला लम्वरमा आउन्या छन् शुभम–

ऐ वदी १२ रोज ६

तस्तै वखत श्री जनरल धीरसम्सेरजङ्ग कुंवर राणाका नाउंमा सिभुका पुजाहारी लामाले लेषि चह्लाई पठायाको आहा भोट चिनका साहेवानहरूसंग भेटघाट दर्शन गरिसक्यौ चिनिया भोट्या साहेवान केरुंमा श्री माहिला मिनिष्टर साहेवसंग वातचित गर्नालाई चांडै आउछन् ताहा तपाईवाट पनि केरुंमा श्री माहिला मिनिष्टर साहेवका हजुरमा हामीहरू सवैले भेटघाट वातचित गरि नसकंज्याल येस्कुराको ठेगाना नहुंज्यालसम्म ताहावाट रौं प्रमाण पनि वढी हात हतियार मलाई वक्सन्या काम नगर्नु होला शुभम्–

ऐ रोज मा

श्री जनरल धीरसम्सेरजङ्ग कुंवर राणाजीवाट सिभुका पूजाहारी लामालाई लेषी गयाको श्री प्राइममिनिष्टर यानवाट कुतिदेषि वैशाष मैन्हाका १५ दिन जांदासम्म नवढनु भनि मलाई मर्जि भयाको थियो र हाम्रो लस्कर

पुरानु कुतिमा वस्याको थियो म षासामा आइपुग्दा कुति तरफ जान्या वाटाको साघु भन्याङ काटी भत्काया छन् र षासा ली रैयेत जना ६ लाई माथितिरको साघु पनि भत्काय छन् कि भनि हेर्न पठाउंदा ६ जना मध्ये ४ जनालाई पक्री वांधी कुति तरफ लैं गयाछन् र कुतिका ढेवाले ति चार जना भोट्यालाई कुटपिट गरि मुषको दुई ओठ छेदी तालचा लगाई टिगरितिर पठाया भन्या र कुतिमा वस्याका हाम्रा महाजनको घर लुट्याको षवर सुन्दा वेजाइत गन्या रैयतलाई लुटपिट सासना गन्याको सुन्दा पुराना कुतिसम्म फौज पठायाको हो रातिवास वस्याको वेलामा भोट्याहरूले वन्दुकले हान्दा र फेरी विहानै हामी लडन आयाको होइनौ श्री प्राइममिनिष्टर-का मर्जिले कुतिसम्म वस्न आयाका हुन् तिनीहरू सलतन गर्छौं कि लड्छौ भनि मैंले ६ जना मानिसलाई भन्न पठाउंदा वंदुकले हानी जान नसकि फर्कि आया र हाम्रा लस्कर पनि वढाञ्युं फेरी उनका तरफवाट वरोवर फयेर गर्दा धपाई मात्र दिउ धेरै ज्यादा किन मारौ भनि ४।५ जनालाई हानि घट्नषोला कटाई कुतिमा वस्युं श्री प्राइममिनिष्टरको पनि वैशाषका १५ दिन जांदा सम्म नवढनु भन्या मर्जि छ पर्षनु भन्या तिमीले पनि लेषि पठायौ अव म पनि आहादेषि वढन्या छैन उन्हेहरू-ले लडन आया भन्या मैंले पनि लडी साफ गर्न्याछु. भोट्याले चिवा पठायाका मानिस मैंले पक्री राष्याको छ हाम्रा तरफवाट गयाका मानिस चार जनालाई छोडि-दिया भन्या म पनि छोडी दिन्या छु तर ति चार जनालाई जो सजाय गर्नन् म पनि सो सजाय गर्न्या छु शुभम्–

वैशाष सुदी १३ रोज १

यस्तै वखत श्री प्राईममिनिष्टरका हजुरमा श्री जनरल जगत्संसेरजङ्ग कुवर राणाजीवाट लेषि चह्राई पठायाको केरुको रसद आजसम्म चावल च्यूरा गरि जम्मा मुरि २४१ चौरीलाई वोकाई आहावाट झुगा तरफ रवाना भयो श्री ल्हासाका नाईक्या रामसुन्दरले वतायाको षवर अर्जिमा विन्ति चह्राई पठायाको छ. नजर भै जाहेर होला नीजलाई क्या रामसुन्दर पनी हिजो आहावाट नेपाल तर्फ कुच गन्यो हाजिर होला और केरुका मदत श्री देवीदत्त पल्टन केरु गै माथा मिश्रीनाथ पल्टनलाई साथमा ली म पनि भोलि आहावाट कुच गरि झुगादेषि ५ कोस वढी कुकुरघाटमा पुगी मुकाम गर्न्यैं छु झुगादेषि वढी पासिटारसम्म रसद वोकाउन्या मदतलाई अडा २ मा पट्टी २ को डाक रह्याकैं थियो षैंषवर वुझना निमित्त अर्डै पिछे झुगादेषि केरुसम्म घोडाको डाक पनि राषि दिञा मु. पासिटार शुभम्–

वैशाष वदी १३ रोज १

फेरी श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जग-त्संसेरजङ्ग कुवर राणाजीवाट लेषि चह्राई पठायाको १००जवान र१५।२०घोडा सवार फेरी आई झुगा किल्ला-मा वस्या भन्या ३०।४० वर्षसम्म झुगा किल्लामा रहन्या महाजनले आई विन्ति गर्न आया आहावाट रवाना भयाका पल्टन भन्या लुमामा पुग्दा वरफले थुनियो र मुकाम भयाको छ मुकाम पासिटार शुभम्–

ऐ वदी १३ रोज १

ताहापछि श्री प्राइम मिनिष्टरबाट श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीलाई लेषी गयाको कुतिसर भयाको समाचार सुन्दा साह्रै हर्ष लाग्यो हजुरका प्रतापले आहा पनि सर हुन्येछयो षुसिनामा सुन्दा च्यांग्रासिमा पुजा गरि २ पट्टीलाई वढाई गराञ्युं भनि लेष्याका कुरालाई बढीया गन्यौ झुगा कील्लामा विग्याको आड वनाये छ रोपीं ३अरू-लस्कर ३ सये घोडाका सवार २५।३० ले हतियार ली आडमा वस्न आयो फेरी लस्कर थपिंछ भन्या समाचार आउंछ भनि मेजर कपतान श्री भक्त षडकाले लेषि पठायाका कुरालाई तिरीनको वैरी लाष गरि मांनु भन्याको छ तस अर्थ फेरी १ पल्टन र तोपको फुटन्या गोला गिराफ थपि पठाई आफ्नु हुसियारसंग मजगुत गरि झुगाको किल्ला सर गर्न्या काम गर झुगा किल्लामा लडन्या सिपाहिका रसद जंगीषजाना हतियार सर्कारीया धन सब लीनु घोडाहरू पनि लिनु हात छोडी हतियार चलाई लड्या भन्या ताहाका ढेवाहरू लडाजीमा पऱ्या भन्या मरीगया भन्या कदाचित लडाजीमा मऱ्यानन् भन्या ति ढेवाहरू पनि पक्री आहा पठाइ देउ लडनन् भन्या सिपाहिका हतियार जंगि षजना रसद सर्कारीया साधनहरू सवै लिनु मानिसलाई छोडिदिनु रये-तका धन र जीयेलाई केही नगर्नु जस्तो केरुमा तसल्लह

गऱ्याको छ सोही वमोजित तसल्लह गर्‍र्या काम गर्नु औ भोट तरफवाट आयाको चिठी षोली हेर्नु कि नहेर्नु भनि लेषि पठाएछौ मेरा नाउंमा चिठीपत्र जो आउंछ ताहा षोलि हेरी वेहोरा वुझि त्यो चिठी ताहा रवाना गरि पठाउनु लिस्ती तिरवाट चिवा चर्चा पठाउदा ४ जना भोट्यालाई पक्री मुषमा सिथनी राख्याको छ भन्या षवर आयो तेस्तरफबाट चिवा चर्चा पठाउंदा हुसियारसंग पठाउनु उनले पक्रन नपाउन शुभम्--

षामभित्र सानु छाप लागी गयाको

<u>पुर्जिका नकल मिति सदर</u>

उप्रान्त भोट तरफबाट चिनिया भारादार भोट्या भारदार घा सलतन गर्न आया भन्या कुतिको भैरव लंगुर झुगाको भैरव लंगुर ताकला थार भयो अम्वलमा हाम्रो फौज पनि चढ्यो धन पनी षर्च भयो जिउ पनि मऱ्या भन्या पछि यो जगा छोडी देउ करवड रुपिञा हाम्रो षर्च लाग्याको देउ हामी घा गर्छौ ताहादेखि फौज पनि बढाउदैनौ जस्तो अघि तिम्रो हाम्रो दोस्ती थियो तेस्तै दोस्ती राषौला येति कुरा गर्दैनौ भन्या तिमीले सक्या नेपाल लेउला हामीले सक्या ल्हासा पुगी सवै भोट लीउला ई कुरा देखि अर्को थोक कुरा हुन्याछैन मिनिष्टरले वोलन्या कुरा पनि इनै हुन् मैले वोलन्या कुरा पनि येही हो येति कुरो नभै हाम्रो फौज पनि मान्दैन रैति पनि मान्दैन राजा पनि मान्दैनन् रैति र महाजन गुम्वाका लामा जिउधनमा हामी केही चलाउन्या छैनौ श्री ५ वादशाहलाई जस्तो गरि मान्दछन् उसभन्दा ज्यादा गरी हामी मान्या छौं नेपाल जान्छौ त पनि कुरा यतिकै हो ताहा वन्दोवस्त गर्छौ तापनि कुरा येहि हो भनि जवाव दिनु ताहा जान्छौ भन्या जाउ भनि १।२सिपाहि साथ लगाइ इज्जत हुर्म्मतसंग रूपिञा ली वेसाहादिनु भनि दस्षत गरि दिनु केरुंग्या झुगा ली भोट्यालाई भारी वोकिदेउ भनी वेगारी पक्र्या भन्या यो मुलुक हाम्रो हो ज्याला दी मात्र लैजानु बेगारी पक्रन पर्दैन भनी जवाप दिनु झुंग्याली केरुंग्यालाई भोट तरफका कोही काजि भारदाटढेवा आया पनि अघीको दस्तुर वमोजिम मेजमानी वेगारी तिमीहरू दिन पर्दैन दियो भन्या डंड होला दाम लीकन साहावेसाहा दिनु मञ्जुरी दी आफना षुसिसंग भारी वोकि दिनु भोट्यालाई र गोर्खाली भारदारलाई येही रीतसंग दाम ली काम गर्नु भनि अऱ्हाई दिनु शुभम्-

वैशाषका ३ दिन जांदा दिन गत घटी ५ पला ११ जांदा पाल्पाबाट श्री वरष पल्टनले भूमि प्रवेश गर्‍र्या सायेत

<u>वैशाष १४ रोज ३</u>

तेस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्रीजनरल जगत संसेरजंग कुवर राणाजीबाट लेषी चऱ्हाई पठायाको झुगा तरफको विस्तार अघील्ला अर्जिमा लेषी पठाया वमोजिमै छ हाल झुगा तरफको षैंषवर वुझी आ भनी देवीदत्त पल्टनका ३ पट्टीको सुवेदार सुरवीर वस्न्यातलाई पठाई राख्याको थीञा झुगा देषि ३।। कास वश्न्या आड वहुत असल रहेछ ताहा दुश्मनको फौज वस्न आउंदा हाम्रा पल्टन लड्यो आड अघीबाट उछिनी वस्याको देषि झुगादेषि मनिवाट २ कोस वढी येसतरफ हतियार लियाका ५००० जवान र ४५ घोडाका सवास आइवसिरहेछ औ झुगातरफ रवाना भयाका पल्टन ३ रह्याका ठाउंमा दुस्मनका मानिस वरावर आई तम्रो पल्टन फिराई घा गर्न आउछन् भंदारह्या छन् भन्या षवर नीज सुवेदारसंग वाहा रहन्या अफिसरले भनि पठाया छन् ति झुगातरफ रवाना भयाका पल्टनका अफिसरछेउ आई ति दुस्मनका सिपाहिले तम्रो फौज बढाया भन्या कुतिमा जस्तो होला पनि भंछन् गरे भन्या षवर वाहाका अफिसरले नीज सुवेदारसंग भनि पठाया छन् र घा गर्ना निमित्त कोही काजिहरू र ढंवाहरूमा आउछन् भन्या हतियार नलिउनका मानिस २०।३० सम्म छोडी मसंग पठाइ देउ भनि लेखि पठाञा औ झुगा सर नगरि विच बाटामा रसद राषन्या घर असल नमिलदा केरुबाट ज्यादा रसद चलान गर्न भयेन केरु गोदामबाट येति रसद चलान भै सकियो भनि अघिका अर्जिमा विन्ति चऱ्हाइ पठायाको हो त्यो चलान भयाको रसद थनक्याउनालाई तजवीज गर्दा कुकुरघाटदेषि ४ कोसमाथी दुस्मनका चौकि वस्न्या ५।७ घर रह्या छन् नीज चौकि भागि जादा ति घर षाली भयाको थियो ताहादेषि पल्टन उभो गयापछि रसद तिनै षाली घरमा थनक्याउन लाञा रवाना भयाको रसद वुझीली वाडनालाई सुवा व्रजमोहन पाध्या नौ सिन्दाजना ५ पठाञा रसदको चौकि गर्नालाई हाल १ पट्टी सिपाहि पठाञा फेरि पनि १ पट्टी थपिदिन्या छु औ १००।१२० चौरीलाई रसद वोकाई साथमा ली

आज म पनि पाखिटारबाट कुंचगरि थोज्मानमा आई मुकाम गन्या श्री झुगा गढी र मुनिबाट गरि दुस्मनका सिपाहि जना ८००० घोडाका सवार ७००।७५० ज्मा भया वैरी तेसै भाग्या पनि हात मिसिया पनि झुगसर हुन्यें छ षानालाई अन्न प्रशस्त जोरी वक्सनु भयाको छ अयेन कितावले काम काज पनि वरावर चल्दछ हजुरका तजवीजले कौनै कुराको हर्कट छैन श्री ३ पल्टन साथ लगाई कम्पाउण्डर कर्णेल सनक सि षतूलाई पठाई वक्सनु भयेछ नीज कर्णेल केरु आई पुग्यांजालसम्म ताहाबाट चलान भै आयाका रसदका भारी थनक्याउनलाई केरुंमा घर सफा गर्न लायाको छ आयाको रसद बुझी रैयतहरूलाई चाडो रसिद दी ढोका रसद थनक्याउन्या काम मेजर कपतान भैरवबहादुर पांडे र सुवा घन सुंदरलाई अन्हायाको छ मुकाम थोतान शुभम्—

वैशाष वदी १४ रोज १ मा

श्री प्राइमिनिष्टरबाट श्री जनरल जगत्संसेर जङ्ग कुवर राणाजीलाई लेषि गयाको उप्रान्त झुगातरफको जो भयाको विस्तार लेषि पठाउन्या काम वढिया गन्या छौ झुगाकिल्ला भित्र कोठी राषी वस्न्याका नेवार महाजनको सुर्ति तमाषु समेत पसलको जो भयाको माल ली वस्तु हुन्दैन भनि धपाई दियेछ भनि लेख्याका कुरालाई हाम्रा नेवार महाजनहरूको माल जफत गरी आफुले ली पठाएछ कि माल समेत लीन लगाई नेवार महाजनलाई पठायाको रहेछ येस्को नीस्तुक गरि लेषि पठाउन्या काम गर फौज रैयेतहरूमा कुल्याहा हुल्याहा निस्क्या भन्या चाहिन्या रहेछन् २०।२५ जोर नेल पठाई वक्स्या वढीया होला भनि लेष्याका कुरालाई वढीया तजवीज ठहराया छौ नेलजोर२५ पठायाका छन् आइपुग्नन् केरुका रैतिहरू मुषले हामीतिर पेटले झुगातिर गर्न्या १।२ जना कुरा करनिले पनि देषता आखिरमा दंगा गर्नन् कि भन्या संदेह लाग्दा हतियार दवायाको षुलासा गर्न्या वेहोराको तिम्रो दसषत गरिदिन्या काम बढीया गन्याछौ केरुका रैयेतहरूमा मुषले पनि पेटले पनि भोटतिर गयाका हामी तिर केही कुरामा षलल गन्याको सावित भै कुलकल गन्याको ठहऱ्यो भन्या ९०० केरुका मुषिया भला मानिस राषी पुर्पछे गर्दा वेजाई गन्याको ठहऱ्यो भन्या कायलनामा लेषाई तेसलाई नेल ह्राली ताहा राषनु कायेल नामा आहा पठाइ देउ र आहाबाट जवाफ गया वमोजिम गरौला शुभम्—

वैशाष वदी ३० रोज ३ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्संसेरजङ्ग कुवर राणाजीबाट लेषि चऱ्हाई पठायाको हिजो लस्कर गुंटाबाट शंठ मासिगाउमा आई पुग्दा भोट्याको विकटलाई हाम्रा तरफबाट पकड्या छन् र पकड्याका २ घडी पछि भोट्याहरूले हात छोड्दा हाम्रा तरफबाट पनी फयेर छोड्या छन् लडाञी जारी रहेछ भनि मेजर कपतानहरूले लेषी मसंग पठायाको षवर घाइल्याहरू दुस्मनका र हाम्रा येति भया भन्या ठेगाना भयाको छैन उनीहरूबाट लडाञीका वेलाको र घाइल्याको षुलासा गरी आया पछि विन्ति चऱ्हाई पठाउन्या काम गरुंला श्री मैले र आडपयेर वलियो गरी कुकुरघाट मुकाम गरि वस्याको छु उनीहरूले मद्दतलाई मागि पठायाको कुरो पुग्यासम्म पठाई दिन्या काम गन्या हाम्रा चिवा विकटमा गाफिल केही कुराको पन्याको छैन मुकाम कुकुरेघाट शुभम्—

वैशाख वदी ३० रोज ३ मा

श्री प्राइममिनिष्टरबाट श्री जनरल जगतसंसेर जङ्ग कुवर राणाजीलाई लेषी गयाको नायेक रामसुन्दर ताहा आइ पुग्याको र नाइक्याले मुष जवान गन्याको जो भयाको विस्तार लेषी पठाउन्या काम वढिया गन्या छौ यो चिठी पुग्ने विस्तिकै नायेक राम सुन्दरलाई रात सांझ गरी चाडो जा भनि आहा पठाई दिन्या काम गर केरुंमा अघी पनि २ ढेवा रह्या छन् ढेवान भै कामचल्दो रहेनछटिमुन्याको मुखीया लेनदेनलाई ढेवादर्शन नमराई काम काजलाञा भनि लेष्याका कुरालाई आमालाई वेरामी छ भनि षाम्साम्वाम्दीस्या फुजादार ढेवान भै काम नचल्दा लिन दिनलाई ढेवादर्शन गराउन्या काम बढीया गन्याछौ षाम्साम्वाम्दीलाई ताहा आई नपुगंजीसम्म तेसै ढेवालाई काम लगाउ षामसामबाम्दी आइपुग्या पछि केरुंमा काम काज धाम्साम्वाम्दीलाई लाउनु त्यो तिमीले ढेवादर्शन नगरायाकाले नदीलाई झुगासर भयो भन्या झुगाको ढेवा भैरहला झुगा हाम्रो अचल भयेन भन्या र ढेवा केरुंमा रहि काम काज गर्नन् शुभम्-

तस्तै बीच वैशाषका ८ दिन जांदा विदा भयाको र रवाना भयाको दिन गत घटि ६ पला ५७ जांदा श्रीसर्वध्वज रणप्रिये दल पल्टन दुर्गाविक्स कंपनी १ र श्री कम्याण्डर कर्णेल सनक सिं षत्री केरु तर्फ रवाना हुनालाई श्री ५ सर्कारमा विदा भयो।

दिन गत घटी ६ पला ५७ जांदा श्री कालीप्रसाद पल्टन कुति तरफ रवाना हुनालाई श्री ५ सर्कारमा विदा भयो– दिन गत घटी १३ पला २ जादा ऐं ऐं पल्टन केरु कुति तर्फ रवाना भयो

केरु तरफ रवाना भयाको

| | | | |
|---|---|---|---|
| श्रीसर्व्वध्वज पल्टनको जवान– | | | ५४७ |
| मेजर कपतान | | कपतान कुलप्रसाद | |
| भक्तकेसर पाडे– | १ | वस्न्यात– | १ |
| लेफटेन सम्सेर जङ्ग थापा– | १ | षरीदार– | १ |
| राइटर साहेव सिं– | १ | अजिटनरणध्वज भंडारी– | १ |
| कोत्या रंधीर विष्ट– | १ | लेयेन सरूप खड्का– | १ |
| नीसान– | २ | सुवेदार– | १० |
| नाल– | ५२१ | वानादार– | ६ |

| | | | |
|---|---|---|---|
| रणप्रीदल पल्टनका जवान– | | | ५४७ |
| मेजर कपतान | | कपतान इन्द्रदीपमान | |
| प्रसाद सिं भंडारी– | १ | सिं वस्न्यान– | १ |
| लेफटेन सुमन्त थापा– | १ | षरीदार सर्वजित– | १ |
| राइटर देवीदास– | १ | अजिटन फत्येसिं बुढा– | १ |
| कोत्या नन्दसिं षडका– | १ | लैनडिल्ली सिं षत्री– | १ |
| नीसान– | २ | सुवेदार– | १० |
| नालवंदी– | ५२१ | वानादार– | ६ |

| | | | |
|---|---|---|---|
| दुर्गा वक्स कंपनीका जवान– | | | १२९ |
| राइटर पृथ्वीधर पाध्या– | १ | अजिटन अम्बर सिं कुवर– | १ |
| कोत्या फौद सिं कुवर– | १ | सुवेदार– | ४ |
| निसान– | २ | पिपा ज्मादार– | १ |
| नाल वंदी– | १०१ | पिपा– | १६ |
| विग्रल– | | | २ |

कुति तरफ रवाना भयाको–

| | | | |
|---|---|---|---|
| काली प्रसाद पल्टनका जवान– | | | ५४७ |
| मेजर कपतान | | कपतान देवीदास | |
| दलमर्दन थापा– | १ | पाध्या– | १ |
| लेफटेननरवीर कार्कि– | १ | षरीदार ज्ञानमान– | १ |
| राइटर वषतसीं– | १ | अजिटन वृद्धिसिं षत्री– | १ |
| कोत्या वलवीर विष्ट– | १ | लैनवाका थापा– | १ |
| नीसान– | २ | सुवेदार– | १० |
| नाल– | ५२१ | वानादार– | ६ |

वैशाष शुदी १ रोज ३ मा

ताहा पछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत संसेर जङ्ग कुवर राणाजीले लेषि चह्राई पठायाको झुगातरफ लडाईको विस्तार आज पैह्ले चढाई पठायाको अर्जि नजर भै जाहेर होला नत्रा षवर दुस्मनको फौज पहराको विकट वसी फयेर गर्दो रहेछ हाम्रा पल्टन र गोलंदाज भन्या मैदानवाट उभो ताकी हांदा होच्यायेर हान्या पत्थरमा लाग्न्या अग्लायेर हान्या नाघन्या दुस्मन भन्या वरावर तोपै मात्र ताकि हान्या हुंदा गोलंदाज १०।१२ जना घाइत्या पनि भयो येस्ता रीतले वरावर लडदै छन् औ ति लडन्या पल्टनलाई पैले दियाका गडा ३ सकिदा फेरी ३।३ गडा वाडीआका छन् माथी वम टोप लगी हाम्रालाई लैजान न हुन्या लैजान हुन्या जगासम्म वम पनि लग्या कै छ औ पुराना गोरष पल्टनका घाइत्या ७।८ मर्न्या १ भयो मुकाम कुकुरघाट शुभम्–

पुर्जी

उप्रान्त रैयतहरू झुगातरफ रसद लैजान सकतैनौका टनछ भनि रुन्छन् सिपाहि साथ लगाई मुस्कीलसित हिडाउन परिरहेछ रसद घरमा पनि ५ पट्टी सिपाहि राख्याको छ पाहाडको वाटो गरि रसदमा पनि आउला भनि उनिहरू लेषि पठाउछन् कोही पहरामा २०।३०।४०।५०।१०० येस्ता रीत संग दुस्मन वसि लडन लागिरहेछ मेजर कपतान जसधीर धिर सिं वस्न्यात्लाई फुटफयेरका वारुदले हातकेला पोलीयेछ शुभम्–

वैशाष शुदी १ रोज ३ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत संसेर जङ्ग कुवर राणाजीवाट लेषी चह्राई पठायाको आज

झगा तरफवाट अफिसरहरूले लेषी पठायाको षवर हिजो ८ घडी दिन वाकि देषि झगादेषि २ कोस वठो घाटी वीकटमा घेरी रातभर वरावर तोप वंदुकले लडाई भैरहेछ ३ मुषगरी दुस्मनको फौज छ हाम्रा पनि पैह्लै अकस्मात पर्न गयो र येकै मुहुदा भयो तेस्दीनको भोलिपल्ट विहानसम्म लडाजी छुटीयाको छैन येसै विहान देषि मेजर कपतान वलभद्र माझी श्री भैरव नाथ पल्टन ली पहरामा चढाउ गरी दाहिनापट्टी गयाका छन् अरू २ पल्टनले वरावर २ मुष गरी लडन लागि रह्याछन् हाम्रा टाउको उस्को हात पर्ने जगामा भीर पहरामा चढी दुस्मनले वरावर लडन लागी रहेछ विकट पनि उस्तै जगामा पकडीयो विकट पऱ्याका २ घडी पछि दुस्मनले हात छोडदा ताहि हात मिसियो र तेस्ता जगामा लडाजी पऱ्याको हो झगा किल्ला भंदा ५ खंड सानु आडमा यतिको भारी लडाजी भया पछि झगा किल्लालाई जंगिगोला र गिराफको ज्यादा षर्च गर्नु पर्न्या छ औ यौटा ६ पंनीका तोपको वाकस र लकड पेचको धिमिरकिल्ला भाचिरहेछ भनि वाहाबाट लेखि पठायो र ताहा जगेरा केही आयाको छ कि भनि वुझदा आयाको रहेनछ श्री लेफटेन जनरल दाज्यैज्यूलाई चाडै आउनु हवस् भनि लेषी पठाईरहेछु वाहावाट लेषी आयाका घाइत्या मरुवाको पूर्जि चह्राई पठायाको छ मुकाम कुकुरघाट शुभम्–

वैशाख शुदि १ रोज ३ मा

तस्तै विचमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्री नरसिंह कुवर राणाजीवाट लेषि चह्राई पठायाको हजुरका मर्जि वमोजिम सवै कुरा हुंदा वहुत खुसी लाग्यो कपतान अम्वर सिं कुवर राणाजीलाई हजुरका दस्तत १ जगात वेपारीहरूलाई लाग्छ जंगि कामको माल रसदमा आउन्ये जान्येलाई जगात लाग्दैन भन्या हटनाको मेरो दस्षत १ सायेतका पूर्जि वमोजिम प्रस्थान सारी वाटो खुल्या पछि तेस जिल्ला भरको तायदात जनावरलाई षरीद गऱ्याका रसद वोकाई जंगी असवाफ ली झगा तरफ जांदा वहुत होसियार षवर्दारीसंग रहिजानु लडाजीमा फौज चल्या पछि भागन्या जामिरदारलाई सवैले देषन्या ठाउं वाटोमा झुदाई दिनु भन्ये अयेन भयाको छ सो मुताविक गर भनि लेषि पठाउन्या काम गऱ्या पुराना कुर्थि पठाई दिनु भनि लेषि वक्सियेछ मानिस कोहि छैनन् कसो गर्न्या हो गोरषपुरवाट जजसाहेव लक्ष्मीपुरमा आई सिकार खेल्याको श्री भाई लेफटेन्ट कर्णेलजङ्ग धोज कुवर राणाजीले तलाई लेषि पठाउनु पर्न्ये हो भनि सिक्ष्या आयेछ जो गर्नु पर्न्या हो हजुरमा जाहेर छ षलासिज्मादार १ षलासि १६ षलासि षानगि पठाई दिया छन् ताहा मानिस षोजि भर्ना गरी अवीका दरसंग षजाना वोकाई सैंनालका हुदा १ सिपाहि ४ साथ लगाई वैशाष वदि १४ रोज १ का दिन मुस्ताङमा फरवाना गऱ्या पाह्लीमा डाकामान्यां २।४ डाकु पठाई दियेछन् सवै आइपुग्या पछि मुकाविला गरी जो ठहर्ला पछि विन्ति चह्राई पठाउन्या काम गरुला १० हजार रुपिञा पनि पठाई दिया छन् सुन स्मेत ली महाजनहरूलाई दिन्या काम गऱ्या मुकाम तान्सेन शुभम्–

वैशाष शुदि १ रोज ३ मा

श्री प्राइममिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजीलाई लेषी गयाको वैशाषका १५ दिन जांदा मुस्ताङवाट झगा जानु भन्या वेहोराको कप्तान अम्वर सिं कुवर राणाजीलाई लेषि गयाको मसौदा ताहा पठाई दियाको हो सो वमोजिम निज कप्तानलाई लेषी पठाउन्या काम गऱ्या वढीया होला औ रसदका कुरालाई श्री वरष पल्टन मोस्ताङवाट हिडदा ताहा तायेदात भयासम्मका जनावरलाई वोकाई मोष्य वढता गरी लैजानु सो कुरा भै सकियन भन्या षजानालाई वचाउ गरी लैजान्या पाल बनाई षजानाको संभार गरी लैजानु भनी अह्राई पठाउन्ये काम गर केरुंवाट पनि झगा हाम्रालाई फौज गयो ताहावाट पनि वैशाषका १५ दिन जांदा मोस्ताङबाट झगा जानु भनि लेषी पठाई दिन्या काम गर १० हजार मध्ये श्री भाइ लेफटेन् कर्णेल जङ्ग ध्वज कुवर राणाजीले सुन स्मेत ७ हजार दिन्यै छन् वाकि ३ हजारको सुन स्मेत दिनु भन्या नीज भाइलाई लेषी वक्स्या वढीया होला भनि लेख्याका कुरालाई ३ हजारको पनि सुन स्मेत दिनु भन्या लेफटेन्ट कर्णेललाई लेषी पठाउन्या काम गरीयला बुझीलीन्या काम गर्नु शुभम्–

## वैशाष शुदी २ रोज ४ मा

तस्तै वखतमा श्री प्राइममिनिष्टर यानका हजुरमा श्री जनरल जगत्संसेर जङ्गकुवर राणाजीले लेषी चह्राई पठायाको वैशाष शुदि २ रोज ४ का दिन कुकुरघाटमा देवा धर्माको लामा मसंग आई दर्सन गऱ्यो जाहा हाम्रा अफिसर पल्टन लडाई गर्दछन् ताहा दिन १ वसि लडाई गऱ्याको रहेछ कल्हे यतातिर कल्हे उतातिर गै थाम थाम पनि भन्येछ औ दुस्मनसंग हाम्रो लडाई वरोवर परिरहेछ सेठे काजिले १० हजार फौज जमाउन लागि रह्या छन् भन्या षवर सुनिथ्यो हामीले भन्ये देष्यौन पनि भन्थ्यो औ झुगा किल्लामा लस्कर १।२ सय वरोवर थपिदै छन् झुगा देषि मनिबाट दुस्मनको फौज येकहजारसंग लडाञी पऱ्याको छ भोटेको फौज भन्ये पहाडमा चढी लडन्या गोर्षाको फौज भन्ये मैदान-बाट लडदो रहेछ भन्थ्यो औ गोर्षाली फौजमा ७।८ जनालाई गोलि लाग्याको देष्या तेसमध्ये जना १ मऱ्याको पनि देष्या भोटतर्फको पनि ठुलो ठुलो मानिस जना ३ लाई गोलि लागी झुगा तर्फ वोकि लैगया तेसतरफको पनि जना ७।८ घाइत्या भयाका छन् भन्थ्यो भोट्यालाई लाग्याको वंदुकले होइन जंगी तोपले हो औ नीज लामाले भन्या भोट्याको फौजलाई पनि थाम भन्या चिठी पठाउनु हवस हजुरको फौज पनि थामनु हवस घा गर्ने कुरा गर्नु हवस भन्दा उसले अघिबाट हात छोडी लडाञी पऱ्यो उसले कि नेपालले लाहा मिले सक्या भोट ल्युंला भन्या जवाव दी १।१ सिकचन डाकमा राखि मदतलाई श्रीगोरखनाथ पल्टन पनि थपाई दिञा औ लडाई पऱ्यो भनि श्री प्राइममिनिष्टर दाज्यैज्यूका हजुरमा विन्ति चह्राई पठायाको छ वाहाबाट जो मर्जि भै आउला सो काम गर्न्या छु भनि जवाव दिञा हाम्रा अफिसरहरू अझसम्म वरावर लडदै छन् पाहाड चढी दाहिन्या लगि गयाका थिंया झुगादेषि १ कोस बढी अर्का जगामा पनि लडाञी पर्छ अरू दुस्मन हटेको थाह केहि भयाको छैन रसद दारू वा पानिलाई पनि वरावर पुऱ्यायाको छ हर्कत भयाको छैन औ नीज लामा यसो भन्थ्यो श्री प्राइममिनिष्टर साहेववाट सवै कुरा चिटुंलाई सुनाई वक्सनु भयो नीज चिटुं वौद्धमा गै जाहा ताहा चिठी पठायेछ र जाहाताहा लस्कर वढायेछ औ जाहा आउन्या सायेत सुतकले छेकी ५ दिन नेपालमा ढिल हुंदा येस्तो वेहोरा पर्न गयो श्री लेफटेन्ट जनरल दाज्यैज्यूलाई तपाई चाडो आउनु हवस् भनि लेखि पठायाथ्या वोकझुगा गाउमा आईपुगनु भै भयाको रहेछ रातसांझ गरि आउनु हुन्या छ आया पछि लडन जान्या पल्टन ३ लाई वदली दिउलाकी भन्या जस्तो लागीरहेछ औ देवा धर्माको लामा पनि हजुरको दर्शन गर्न जान्छु भनी नेपाल तरफ आयो मुकाम कुकुरघाट शुभम्—

१२ साल वैशाष वदी १४ रोज २ का दिन देषि लडाञीमा पर्न्या पल्टनका मरुवा घाइत्या को तपसिल— ४१

श्री भैरवनाथ पल्टनको— ११

१ पट्टिको— ३

आ. गजवीर राई चैनपुर निधारमा गोलि लागन्या— १

सि. चन्द्र विरसेन रागिनास दाहिन्या हातमा गोलि लागन्या— १

सि. जलमान सिं राइ होडा कुममा गोलि लागन्या— १

---

२ पट्टिको— २

सुवेदार पंचविर राइ फगुवा वाया हातमा वुढी औंलामा गोलि लागन्या— १

सि. अग्रमान राइ हमर जुंदाहिन्या गोडामा गोलि लागन्या— १

---

३ पट्टिको सि. धनमान राइ वा वाया पाखुरामा ढुंगा लागन्या— १

४ पट्टिको— ३

अ. संगतमान राइ फगुवा दाहिना काधि र कपालमा गोलि लागन्या— १

अ. सवाल सिं राइ यासोक वाञा काधीमा गोलि लागन्या— १

सि. जितवलि लिम्बु यासोक दाहिना पाषुरामा गोलि लागन्या वैरि १ पनि षसाउन्या— १

---

५ पट्टिको— २

सिपाहि पद्म सिं राइ भामालि पीठमा गोलि लागन्या— १

सिपाहि चामु थापा तौथलि कुममा गोलि लागन्या १

---

श्री पुराना गोरषको– ८
१ पट्टिको– २
सिपाहि रंगवीर थापा गोर्षा दाहिना घुंडामा गोलि लागन्या– १
सिपाहि कनक सिं राना गोर्षा आंगनमा नौ पत्र छिचोलि चप्रासले थाम्यो– १

---

२ पट्टि सिपाहि केहेर सिं राना आरू दाहिना घुंडामा गोलि लागन्या– १
३ पट्टि सिपाहि पश्राम राना धादिं गोलि लागि मरूवा–१
४ पट्टिको– २
सिपाहि कुलवीर थापा गुल्मी दाहिना साफामा गोलि लागन्या– १
सिपाहि धनवीर थापा गुल्मी दाहिना कोषमा गोलि लागन्या– १

---

५ पट्टीको– २
सिपाहि सिंहवीर राना गोर्षा दाहिना हातमा गोलि लागन्या– १
सिपाहि हरिकर्ण थापा निधारमा गोलि लागि मर्न्या– १

---

रामदल पल्टन ६ पट्टि सिपाहि भक्तवीर सुनुवार वमका वारुदले पोलन्या- १
महिन्द्र दल पल्टनको– ११
मेजर कपतान जसवीर सिं वस्न्यात वमका मुहुदा वारुदले पोलन्या– १
१ पट्टिको– ३
सिपाहि फौद सिंषडका जफे गोलि लागि मर्न्या १
सिपाहि कासिनाथ पाध्या षुर्कोट गोडामा गोलि लागन्या– १
अमल्दार चन्द्रसेन षडका चागु तिघ्रामा गोलि लागी चल्यो– १

---

२ पट्टिको सिपाहि– ३
ललितम षत्रि पनौति छाति र गोडामा गोलि लागन्या– १
वलभद्र थापा तिल्यु कपालमा गोलि लाग्न्या– १
कृपासुर थापा कुवापानि गोडामा गोलि लागन्या– १

२ तोपको– ४
वहिदार वेदसर्म अर्ज्याल पीठमा गोलि लागन्या– १
पिपा– ३
लाटा गोर्षा कोषामा गोलि लागि मर्न्या– १
" " नाम दुसंषिमा गोलि लागि मर्न्या १
दीप नारान् सानो गाउं जाघमा गोलि लागी मर्न्या– १

---

जंगनाथ पल्टनको १०
१ पट्टिको– ६
अमल्दार भारत दोलषा देवन्या पाषुरामा गोलि छिचल्यो– १
सिपाहि जना– ५

---

कोपा छिरि लिस्ति कोषामा गोलि लागन्या– १
रत्न सिं भुमलु तिग्रामा गोलि छिचल्यो– १
धनवीर पकनी हातकेलामा गोलि छिचल्यो– १
धनसुन्या छेपारं पाषुरामा गोलि लागि छिचल्यो– १
सेलपन सिं सिंधुवतास्या पाइतलामा गोलि छिचल्यो– १

---

२ पट्टि सिपाहि जित्मान पानसय षोला षोकिलामा गोलि लाग्न्या– १
३ पट्टिको– ३
अमल्दार– २
कृस्न वीर सिपाहि ढुंगा उछिटि लाग्यो- १
रणवीर वोसन देवन्या पट्टी गालामा दफाल्यायो– १

---

सिपाहि कृस्न सिजनपुर हातकेलामा गोलि छिचल्यो– १

---

तस्तै वखतमा श्री प्राइममिनिष्टरवाट विर्गेडियेर जनरल षड्ग वहादुर कुवर राणाजीलाई जवाप लेजि गयाको उप्रान्त तेसतरफ लंगुर पारचिवा पठायाका मानिसले ल्यायाको षवरको फर्द पठाउन्या काम वढिया गर्‍या छौ वैशाषका १ दिन जांदा पल्टनको रैटतुइतर श्रीजङ पल्टन साथमा ली जान्या काम आजसम्म गर्‍या हौ अघि जान्या पल्टनले भोटमा लाउन्या कपडाहरू तयार गर्‍या छन् वढिया भयेछ पछि जान्या पल्टनलाई पनि तयार गर्न लाउन्या काम वढिया हो हामी षानालाईता श्री ५ सर्कारको रसद षाउला लुगा लत्तालाई घरबाट ल्यायाको षर्च र ११ सालको दर्द षाई सक्यु गाठिमा २।४ रूपिआ छैन कस्ता तरहले लुगा फेरौं भनी पल्टनियाहरू कराउछन्

लंगुर जानालाई काहि आफुले वढि जानु पऱ्यो रसद पुगिसकेन भन्या विराना मुलुकमा वेसाहा गरि षानु पर्ला सिपाहिलाई २।४ रुपियासम्म साथमा भया रसद पुग्याको ठाउमा साहु विसाहु गरि षानन् यो पल्टननिआले गऱ्याको विन्ति चढाई पठायाको छ जो मर्जि भनि लेष्याको कुरालाई पल्टनिआहरूले वढियैं विन्ति गऱ्या छन् श्री हिमालये ध्वोज पल्टन १२ साल वैशाष वदि १ रोजदेषि मैन्हावारि तलव वाडन नील पल्टनलाई भर्ना भयाका पल्लो किराटका १२ सालका तहसिलले नभेटा-उंदामा सम्सेरदल पल्टनका भर्ना जग्गा पल्लो किराटका षेतको ठेक १०६६।। नीज सम्सेर दल पल्टनमा माथा-मियाको वाहेक ११ सालका केपु पल्टनका दफदरमा जागिरा रहन्या स्मेत षेतको ठेक मोहरू २८३४७।।–।।१ तहसिल गरि किल्ला वांडी दिनु अरू पल्टनका सिपाहि-हरूलाई पनी जनहि ६।६ रुपियाका दरले पल्टन पल्टनका अफिसरहरूका नाउंमा तमसुक लेषाई सापटी दिन्या काम भर इ ११ सालको पल्लो किराटको षेत वाहेक रूपिआ २८३४७।।–।।१ कंपुलाई सट्टा वापत् वाहा कौसि तोसाषनावाट नगद भर्ना दी तिम्रा नाउमा जिम्मावारी सापटी कोसिमा लेषियाको छ १२ सालका नीज पल्टनका भर्ना जगा पल्लो किरातको तहसिल गरि सापटी भर्ना गर्नु तेस जगा असुल तहसिल गर्नालाई साविक वमोजिम कामदारको दस्षत गरि पठायाको छ दस्षत वमोजिम तिमीलाई भोजरा होला शुभम्–

वैशाष शुदी ३ रोज ५ मा

तस्तै वीच श्री प्राइममिनिष्टर यानका हजुरमा श्री विर्गेडी-येर जनरल षडग वहादुर कुंवर राणाजीवाट लेषि चह्राई पठायाको उप्रान्त वैशाष सुदी ३ रोज ५ का दिन म पनि धनकुटा अडालाई चाहिन्या सिपाहिं र जिल्ला जिल्लाका सुवाराईहरूलाई पालोसंग गौंडामा रहनु भन्या वन्दोवस्त गरि वलांचुङलाई रवाना भया ३।४ दिनमा वालुंचुङ पुग्छु मुकाम फेदापचली चलाउ शुभम्

वैशाष वदी ३ रोज ५ मा

तस्तै वीचमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चह्राई पठायाको उप्रान्त झगा किल्ल मासुर पऱ्याको होला याद राष भनी लेषी वक्स्याको रहेछ दुस्मनले सुरंषनी हाम्रा फौजलाई दंगा होला विचार राषी फौज हिडाउ भनी अफिसहरूलाई अघि पनि मैले आई नहेरी उर्दि दि पठाया-को थिआ फेर पनि लेषी पठाउन्या काम गऱ्या हिजो देषि आजसम्म दुस्मनले आफ्नु आड पयेर छोड्या छैन हाम्रा फौज पनि टेक्याको जमिनैमा आड पयेर अडि १।२ वंदुक हान्दै छन दुस्मनले पनि आड पयेर थामना निमित्त १।२ वंदुक हांदै छन दाहिना देवऱ्या चढाउ गरि वर्ष्या वाटा रह्याछन वाउ पट्टिलाई भन्या उसलाई पनि वर फल छिचोलन मुस्कील छ हामीलाई पनि अगम रहेछ दाहिन्या पट्टीका चढाउमा हावा भन्या ज्यास्ति लागन्या दुई पाउ उच्चा पहराको आड गरि सानु पोषरी आफ्नु आड भित्र पारि दुस्मनले किल्ला वनाई राषेछ तस्का नगिचमा आफुलाई आडपयेर वनाई वसुं भन्या हावाले टीकन सकिदैंन हानुं भन्या वन्दुकको दरेस पुग्दैन ताहा तोप चढा-उनालाई मुस्कील छ तेही साग्रा आडवाट १००।१२० हात जगा छ अरे हल्ला गरि भित्रि लैजाउ भन्यादेषि उसले वनायाको आड पयेर यसै हो भनि अंदाज गर्न कसैले नसकदा हल्ला गरीं जाउंकी भन्या त्याहा आड केही गरि भत्काउन सकियेन भन्या उसको हतियार आफ्नु टाउको पर्लाकीभन्या लाग्छ आड मात्र भत्क्या पनि टाउकैमा लाग्ला भनि दाहिन्या देवऱ्यावाट चेवा ली वाटो हेरि फौज वढाउ भन्या पट्टि पट्टिको ४ ठाउंमा विकट राषनु पऱ्यो ज्यांतांका दोवाटोमा कोही दुस्मन आउलाकी भनी आड र चिठी चपेटा हिडा-उन्याका लागि मिल्दो गरी १ पट्टी वाहा विकट राष्याको छ औ लडाञी भयाको जमीन छुटला भना निमित्त छ पट्टि अदलावदला गरि वस्छ येति मध्ये वाकि पट्टीमा कहि वेरामी कहि रमन मर्ऱ्या कोहि घाइत्या हुनाले मद्दत पुगेन भनि विन्ती गरि पठाउ छन् मुकाम कुकुरघाट शुभम्–

पुर्जि

उप्रान्त विकटमा पक्रियाका भोटेजना ५ र तिनसंगका हतियार वन्दुक वर्छा च्यापसा चकु भालाहरू म संग आइपुग्यो र केरुमा झ्यालषान हुंदा ति भोटेहरूलाई केरु-झ्यालषानामा राषि हाम्रा सिपाहि पहरा वस्नु भनि

पठाई दिन्या टिमुन्या गोदाम प्रोहित चतुर्भुज अर्ज्यालिलाई हतियार नेपाल पठाई देउ भनी रवाना गर्‍या—

वैशाष शुदि ३ रोज ५

तस्तै विचमा श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीलाई जवाफ लेषि गयाको उप्रान्त झुगा तरफको जो भयाको विस्तार लेषि पठाउन्या काम वढीया गर्‍या छौ दुस्मनको र हाम्रो लडाञी परेछ वहुत वढिया भयेछ भोटले हाम्रा फौजलाई क्या जितलान र तिरिनको वैरिलाष मार्नु पर्छ वहुत होसियार राषी काम गर्नु हाम्रा फौजले झुगाको किल्ला नलिज्याल केरुंग्याले पनि दंगा गर्न्याछन् केरुंको पनि मजगुति गरि राषन्या काम गर्नु झुगा किल्ला हाम्रा फौजले दषल नगरंज्याल तिमीले धोता नदेषि वढन्या काम नगर्नु झुगाबाट हाम्रा फौजले तोप फौज जो मागि पठाउछन् रसदले षाम्यासम्म पठाई दिनु अगाडि पछाडि केरुंझुगाको तजवीज राषि ताहा आफ्नु आड पयेर गरि मजगुतसंग वसि रोज रोजको षवर लेषि पठाउन्या काम गर्नु झुगामा सुरं षनि वारुद हालि राख्याको छ भंछन् वहुतै होसियारी राषन्या काम गर्नु तजवीज गरि फौज बढाउनु झुगाका किल्ला भित्र बस्न्या वासिन्दा र उसतरफका सिपाहि छन् भन्या केहि संक्षेप पाइन्छ भन्या भित्र पस्नलाई संदेह छैन संक्षेप केहि मिल्दैन भन्या फौजलाई तजवीज गर्नु पठाउनु नवुझि विचार नगरि उसै किल्लाभित्र पस्न्या काम नगर्नु वेसगरि विचार गरि होसियार गरि किल्ला भित्र पस्न्या काम गर्नु चिठी रवाना गर्न्या वेलामा वैशाष वदी ३० रोज ३ का दिन लेख्याको पत्र आयो विस्तार बुझि यां वाकि चिठी रवाना गर्न्या वेलामा तोपको लकर पेच र वाकस मागि पठायाको मर्मत गरि चाडो पठाइ दिन्या काम गरौला ताहा तिमीलाई भाइ लेफटेन्ट जनरल वषत जङ्ग कुवर राणाजीका साथमा गयाका तोप षजाना गोला षर्च गरि लडन्या काम गर्नु तेस्मा नपुग्यो गोला गिराफ फेरी थपि पठाउन्या काम गरौंला गोला गिराफ गोलि षजाना गैह्र कति षर्च भयो फलाना वमका येति येस्ता जातका गोला गिराफ येति गठा षर्च भयो भनी नामासिवारको फर्द उतारि पठाई दिनु मर्‍याका मानिसमा ताहा ढाक्र्यापाई याताहा भर्ति गर्न्या काम गर्नु घाइत्याहरू जति छन् सह्यार संभार गरि आहा पठाई दिन्या काम गर्नु लडाञी गर्दा आफु वस्याका ठाउमा आइलाग्यो भन्या आफ्नु गमको जगाछ भन्या ताहि वसि लडनु आफ्नु गमको जगा छैन दुस्मनको गमको जगा छ भन्या गौहेरि लडनु गम नपर्‍या अफिसरका उर्दि वमोजिम हटाउनु गम वेगममा हटवढ गर्नाले वात लागदैन सरम छैन मर्न्या र घाइत्या क्याक्या संच लाग्यो भन्या षोलि मर्‍याको र घाइत्याको नाउ घर पट्टि जनाई लेषि पठाउनु मर्न्या र घाइत्यामा भर्ना गर्दा मर्न्या र घाइत्याको षानगी उनै उनैले षाउन् नया भर्ना भयाकालाई ५० रुपिञा सुनाई भर्ना गर्नु ताहा ढाक्र्या नपाया आहा लेषी पठाउनु र आहावाट भर्ना होला वंदुकहरू कति हरायो त्यो पनि लेषि पठाउनु येतावाट पठाई दिन्या काम गरुंला कर्णेल सिंहवीर पांडे पनि यो समाचार सुनी वित्तिकै येतावाट रवाना भै आया. गोलंदाज भर्ना गर्दा ताहा भर्ना नगर्नु रामदलको गोलंदाज आहावाट पठाई दियाको छ हुदा ज्मादार मर्‍यो भन्या ऐन वमोजिम पछिका पुरानालाई भर्ना गर्नु शुभम्—

वैशाष शुदी ४ रोज ६

तस्तै वषतमा श्री प्राइममिनिष्टरका हजुरमा लामवगर मेजर कपतान् हरिमान सि वस्न्यात वलहादुर पांडेले लेषि चह्राई पठायाको उप्रान्त वैशाष शुदी २ रोज ४ का दिन पल्टन र पिपा मुषिया नौसिन्दा जो ल्यायाको षरषजाना संभार गरी लामा वगरमा आइपुग्यौ हिजो वाटो हेर्न गर्‍यू २ षंड पहरो विकट रहेछ तल्ला षंडमा हात २१ छ माथिल्लो षंड साह्रै विकट रहेछ गह्रंन्या ढुंगो भयाको हात ४२० मा ३ ठाउं ठाडा भन्याङ काहिं फलाम काठका किल्ला ठोकि तेर्छो फल्याक हाल्याको रहेछ तेसै ठाउंमा पैह्रो वनाउन लाउंछौं ठाउं ठाउंमा काठका फलामको किला ठोकि फल्याक भन्याङ फेरी मानिसलाई सरासर जान हुन्या गरि वाटो वनाउछु भनी आफुले षाना षर्च दी डिठ्ठा सिद्धिराजले वनाउन लायाको रहेछ डोव षोवी काठ फल्याक पनि कटायाको रहेछ हामी पहरो काटन लाग्दो छौं र काटी वन्यार काटन नहुन्या ठहराई विन्ति चढाउला टिंगरिमा वस्याको भोट्या काजिले सैंजना सिपाहि लंगुर वारताजाड भन्या गाउंमा कुहुवा पठायाको छ फलाकमा आई भालावर्छी वरोवर वनाउन लागि रहेछ छोहरको गुम्वा लामालाई

पत्री नेपालसंग मिलिस भनि चारहजार डंड गऱ्यो रुपिञा भन्या लियाको छैन भन्या षवर सिद्धिराज मार्फत ल्यायाको छ अव हामीबाट दोलषाको पक्वालामा र उस्का साथ गर्वैया मानिस ताजाङसम्म गै विस्तार षवर बुझि ल्याउनु भनि पठाउंछौ जो ल्यायाको षवर विन्ति चह्राई पठाउला मुकाम लामावगर शुभम्–

पुर्जि

उप्रान्त आज आयाको षवर टिंगरि मैदानमा वस्याको काजी लस्कर ली केरुं तरफ गयो फलाकमा ५० जना थपि पठायाको वंदुक भालावर्छा लियाका छन् भन्या षवर आयाको छ तहकित बुझनलाई मानिस पठाउछौ शुभम्–

वैशाष सुदी ४ रोज ६ मा

ताहा पछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठायाको वैशाष शुदि २ रोज ४ का दिन माथी-वाट देवा धर्माको लामालंमसंग आई डिगर्चाको ध्यांजोय दुंटुप र कुटुंजनार घा गर्न आयाका छन् भन्या कुरो विन्ति गरी हजुरको दर्शन गर्न नेपाल जांह्रु भनी मसंग विदा भै गया पछि मेरा नाउंमा माथिबाट केहि चिठी आया भन्या षोली श्री जनरल साहेवका हजुरमा विन्ति चढायास् भनि ढेवा लिनदिनलाई नीज लामाले चह्रायाको रहेछ वैशाष शुदि ३ रोज ५ का १०।१० घडी दिन चढदा सेतो ध्वजा भोटे अक्षरको चिठी लामा टांगामा वांधी हल्लाउंदै दोहरा लडाञी पऱ्याको वीचमा दुस्मनका मानिसले गाडी गयेछ र वाहावाट अफिसरहरूले म संग पठाया र त्यो चिठी ढेवा लिन दिनलाई देषाउदा दिगर्चाको ध्यांजो यनिमा ढुंदुपन् र षजांचि दर्जाको चिनिया कुटुंले देवाधर्माको लामालाई लेष्याको रहेछ तेस्मा गोर्षालीले लस्कर उठाई लडाञी गर्न आट्यो घा गरि वढीया होला भंन तिमी आयाथ्यौं गोर्षालीको लस्कर वढी हाम्रा लस्करले थाम्दा लडाञी भयाको तिमीले देख्यौ दुवै तरफका मानिस जखम भयाको तिमीलाई थाहै छ आज घा हुन्छ भन्या ताहाको जवाप ली तिमी झुगा आउ झुगामा आउनलाई गाह्रो मान्छौ भन्या झुगादेषि मनिबाट १ कोष वढी धोर्मा भन्या गाउंमा म आउंछु तिमी पनि १ फेरी ताहा आउ र जो गर्ने कुरा गरुंला भनि लेष्याको रहेछ र नीज लामा हजुरको दर्शन येतावाट तेस्तरफ हिड्याको पनि फिराउनु पठाई हजुरबाट मलाई पठाई वक्स्याको सानु छाप लाग्याको घा वन्दोवस्तको वेहोरा लेखियाको च्याहिन्या कुरो उत्तार गरी निज लामा आहा आउना विक्तिकै त्यो उत्तरा तेस्को हात दि झुगा तरफ पठाई आफ्ना वाटा घाटा र चेवा चर्चा हेर्चा र वन्दोवस्त गरी रह्या छु श्री लेफटेन्ट जनरल दार्ज्यंज्यूको पल्टन केरुं आया पछि मदतलाई माथीतीरबाट ल्यायाको पल्टन थपन्या पनि छु श्रो निज देवा धर्माको लामाले माथीतिरवाट ल्यायाको हाल तुरन्त हजुरमा लेषी चह्राई पठाउन्या काम गरुंला लडाञी तरफको षवर अघिल्ला अर्जि वमोजिमै छ घटबढ केही भयाको छैन श्रो अरू गौडाको हाल पनि सिक्ष्या पत्रमा संक्षेप पठाई वक्स्या सो बुझी दुस्मनको सिकिस्ति गर्नु पर्दो रहेछ मुकाम कुकुरघाट शुभम्–

वैशाष शुदी ४ रोज ६ मा

श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीलाई लेषी गयाको झुगाका लडाञीको जो भयाको विस्तार लेषि पठाउन्या काम वहुत वढीया गऱ्या छौ दुस्मनको हात माथि हाम्रो हात मनि पर्न जानाले तेस्ता रित सित लडन लागी रह्या छन् तपनि जितन सक्या छैन लडाञी जोरी रहेछ वढीयै छ ति लडन्या पल्टनका पैले दियाका पट्टा सकिन्दा फेरी ३।३ गट्ठा वाडि दिन्या काम वेस भयेछ लडाञी जोरिया पछि षजानाले हर्कत गराउनु हुदैन वरावर चाहिन्या षजाना पठाउदै गर्नु षजानामा लडनलाई हर्कत हुन नजावस केरुंका रैयतहरूले झुगा तरफ रसद लैजान सक्तैन हामी-लाई काटन्या छन् भनि रून्छन् सिपाहि साथ गरि वडा मुस्कीलसंग हिडाउन परिरहेछ भनि लेष्याका कुरालाई झुगा किल्ला हाम्रो नहुंजीसम ति रैयतहरू तेस्तै गर्न्या छन् भरीसक्य फुल्लाई पत्याई काम लाउनु उति गर्दामा पनि गाह्रो मान्या भन्या केहि दिकन पनि काममा लाउनु झुगा अम्वल भया पछि ति सरासर आफ्ना तावेमा आउन्यै छन् रसदका निमित्त राष्याका पाच पट्टिले पाहाडको

वाटो गरिनुस दतिर पनि आइ लाग्दछन् भनि लेष्याका छन् रसदमा आईलागी छोप्पो भन्या विगार हुन जाला तेस कुराको वहुतै होसीयारी राषि वचाउ गर्न्या काम भया वढिया होला पहाडमा काहि २० काहि ३० काहि ४०।५० काही सये येस्ता रितसंग रहि लडन लागि रहेछ भनि लेष्याका कुरालाई तेस्ता ठाउंमा हाम्रा फौजले पनि आफु गयाको वाटो वाहेक अरू चारैतिरका वाटोको वेस गरि विचार गरि चिवा पठाई विचमा डाक मार्नु दुस्मनले नपाउन्या तजवीज गरि अघी वढि लडनु उसै पेलीकन वेगौमा जाई लागन्या काम नगर्नु आफ्नु गौ हेरी फौज वढाउन्या काम तर्जुमा तिमी जान्यै छौ शुभम्–

वैशाष शुदी ५ रोज ७ मा

श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीलाई लेषी गयाको झुगा तरफको जो भयाको विस्तार लेखि पठाउन्या काम वढीया गन्याछौ घाइत्याहरू वैजमा गरी षानाको औषधीको सह्यार पुगन्या गरी येक-नाउ वैदलाई लगाई वाटाको वल्टोकोल्टो पारि रसुवामा राषी औषधी गर्न लाउन्या काम गर्नु कुन पल्टन कुन पट्टी कुन मान क्या नाउ कुन जात कुन गाउं कुन अडामा क्या क्या शस्त्र लंघाउ लाग्याका मुक्त भयाकाहरूको तपसिलको फर्द उतारि पठाउन्या काम गर लडाञी भयाका जमीन भोट्या वस्याको वडारको डांडा माटो ढुंगा मिल्याको होकि पत्थरै पत्थरको हो येस्को वेहोरा पनि लेषि पठाउ चित्रकारीलाई त्यो वाटो र त्यो भोट्या वस्याको जगा हाम्रा सिपाहि वस्याको जगा अलगो होचो मैदान रूष जङ्गल वरफको नक्सा लेषाई पठाई दिनु लडाञी हुंदाखेरी हाम्रा लस्करले आषालेक ति लस्कर देषियो जस्ताको तस्तो लेषि पठाउ शुभम्–

वैशाष शुदि ५ रोज ७ मा

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा मेजर कपतान वलभद्र माझिले लेषि चह्राई पठायाको वैशाष वदी १४ रोज २ का दिन तासिगाउ पुगि भोटचाको विकट पक्रिया नीज दीनमा ८ घडी दिन वाकिमा फौज वढाउदा अगलो टिपामा वलीया आड पयेर गरि घाटि समाति भोटचाहरू वस्याको रहेछ फौजले साघु तरि गया वित्तिकै दुस्मनले फयेर गरी हात छोडदा हाम्रा फौजले पनि फयेर वोली हात छोडनलाई वरावर लडाञी जोरियाको छ दुस्मनका षेत पन्याको र घाइत्या यति हो भन्या थाहा भयाको छैन २०।२५ जना मानिस भन्या षेत पन्याको देषियो हाम्रा फौज पट्टिको र षेत पन्याको घाइत्या भयाको नाउ नमेसि सबै तपसिल षोलि लेषि चह्राई पठायाको छ हिउं पनि पन्याको छ हामीसंग भन्या घा गरौं भन्या जगाजगामा आड वनाई फौज राष्याका दिन ७ भया आड पयेर विकट जगामा वनायाको छ हामीलाई पछाडि जगा जगामा मद्दत निमित्त पल्टन वस्यो भन्या गौडो पेलि अगाडि वढदा हुं यसै अगाडि वढौ भन्दा विकट जगामा अड्याई वस्यो भन्या रसद डाक वंध होला भन्या उसले श्री जनरल जगत संसेर जङ्ग कुवर राणाजी साहेवलाई अर्जि लेषि चह्राई पठायाको छ मद्दत पुग्या पछि जगा विकट छ केही मानिस षर्च हुनन् षर्च भयो भनि दराई हुन्ये छैन वेला वषतमा होस हुन्छ भन्या हजुरबाट सुनाइववस्याको छ येस्तो कुरा सुनाले हामी पनि डरायाको छैनौ हाम्रा बुद्धि वर्कटले गर्न्या वषत येही हो हामी गर्न्यै छौ संदेह नराषी ववसनु होला लामा पल्टनको भन्या पगरीको मात्र भर छ सिपाहिको भन्या भर लाग्दैन अगाडि मानिस मन्याको देष्या पछि इनको मन अहत्या जस्तो लाग्छ तोप २ पनि विग्र्याको हाम्रो आड पनि जोरियाको छ रात रात दिन टाषुमा र षोलामा लडाञी लाग्याको छ सुतन पायाको छैन तिन तरफ दुस्मन वस्याको छ फौज वढदै छन् ज्यातान् तरफबाट झारा ली सिपाहि १३००० भर्ति गन्याको छ भन्छन् वडो घटिया विकट जगामा काम परिरहेछ अस्ति मैले र लेफटेन बुद्धिमान थापाले मेरो छोरा स्मेतले घोडा वढाई विकटका सिपाहि ७ जना मध्ये २ जना भाग्या ५ जनालाई पक्रीइकन हात हतियार स्मेत मेजर कपतान श्री भक्त खड्काको जीम्मालाई तेस तरफ रवाना गरि पठायाको छ हाजिर हुनन् शुभम्–

वैशाष शुदि ५ रोज ७

श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल वद्री नर सिंह कुवर राणाजी वाहादुरबाट लेषि चह्राई पठायाको झुगामा चेवा पठायाका भोट्याहरू वैशाष वदी ११ रोज

६ का दिन आइपुग्या वाटोको वेहोरा सोध्दा झुगा गढी पुगन येक दिन वाकि छ भंदा हिउले वाटो षुल्याको रहेनछ र विचै वाटा हिरेछन् दोसांधदेषि झुगा छरीता गया ६।७ दिनमा पुगन्या रहेछ वस्ति रहेनछ विच विचमा चौरी गोठ ढेरै फेला पान्याथ्यु फिर्दा केही देषेनौ विच काटो र राम्रै गरी वरफले षुल्याको छ भनि भोट्याहरूले भंन आया रसदका कुरालाई थाक ५ गाउ १२ गाउकाले येक षेप ल्यायाको हिजोसम्म जमा गरि मुरी ५९ गोदाममा दाषिला भयो छार्का मनांवाट रसद आयाको छैन सिपाहिहरू गयाका रह्याछन् याक पाच गाउं १२ गाउंलाई तिमीहरूले लेषि दिया वमोजिमका रसद चाढो पुऱ्याउनु पर्छ भनि झुमनहरूलाई सिपाहि साथ लगाई पठायाका छौं मुस्ताङले गोदाम घरमा रसद भन्याका छैनन् येक जनालाई दिनको २ मानाका हिसावले गहु फापरको पीठो करुको सत्तु गरि जिनतिन् पुऱ्याउछन्: पल्टनलाई रसद पुऱ्याउन सकला भन्या जस्तो लाग्दैन. जनावरको वेहोरा वाखा भेदाले रसद वोकि दिनको कोस भर हिडन्या रहेछ चौरी झोवा लुलु षचर गदाहाले मात्र रसद वोकि पुऱ्याउला भन्छन् आजसम्म जनावर ज्मा गऱ्याका रह्यानछन् चाडो ज्मा गर्नु पर्छ भनी भर मकदुर ताकिता लाईरह्या छु भनि सुवेदार रत्नमान सिंले लेषि पठायाको रहेछ र लेषन्या कुराको ताकितमा नीज कपतान गया देषि आजतक जानन भर लेषी पठाउदै गऱ्याको हो वैशाषका १५ दिन जांदा इझार मुताविक रसद षरीद गरि जनावरलाई वोकाई लैजानन् भन्या जस्तो तवर देषिदैन मैले र इझार माफिक रसद षरिद गरि जनावरलाई वोकाई वैशाषका १५ दिन जांदा झुगा तरफ गयेनौ भन्या गैह्र पगरी तक्सीर वंद होला भनि लेषि पठाउन्या काम गऱ्या मुस्ताङमा श्री वरष पल्टनलाई हाजिर गऱ्याको कागज २ चह्राई पठायाकोछ. मुकाम तान्सेन शुभम्–

वैशाष शुदि ५ रोज ७ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री लेफटेन्ट जनरल वषत जङ्ग कुवर राणाजीवाट लेषी चह्राई पठायाको हजुरका आशीर्वादले जंगीवम २ तोप ४ इनका गोलंदाज षर्षजाना श्री गणेशदल पल्टन स्मेत आरामैसंग केरुंमा आइपुग्यौ धुंच्यावाट दुई दिनमा केरुं पुगन्या थिञ्युं टिमुऱ्यामा सिपाहि लाजिमालाई रसद लिनु पर्ला र ७।८ दिन भयो वरोवर झरीले भिजाउदा धुंच्यावाट हिड्याका तेश्रा दिनका आधादिनमा केरुं आइपुग्यौ भोलि आदित्यवारका दिन षर्च जाना सिपाहिका भारी तारी सुकाई हातहतियार वंदुक तोप पुछपाछ तयार गरी सोमवारका दिन श्री जनरल भाई सित भेत गर्न पुग्छु ताहा पछि श्री जनरल भाइका सल्लाह वमोजिम अह्राउनन् सो वमोजिम गरुंला शुभम्–

वैशाष शुदि ६ रोज १ मा

तस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत संसेर जङ्ग कुवर राणाजीले लेषी चह्राई पठायाको झुगाका किल्ला हाम्रा फौजले नलिउज्याल केरुंग्याको विश्वास नमांनु भनी मर्जि भै आया वमोजिम मान्याको पनि छु ये शुदि ५ रोज ७ का दिन श्री लेफटेन्ट जनरल दाज्यैज्यू केरुंमा आइपुग्नु भयो औ लडार्जाका हाल सुरत अघीका अर्जि वमोजिमै छ घटवढ केही भयाको छैन. औ लडाञीमा मेजर कपतानी दर्जाका पगरी मात्र हुदा कमांडीयेर १ जना चाहिदो रहेछ कि भन्या जस्तो लाग्छ. ताहावाट येस्तरफ रवाना भयाका कम्याण्डर कर्णैल १ कर्णैल २ मा जना १ लाई लडाञीमा पठाउन्या हो कि जो मर्जि घौ घाइत्याको षाल्साको वंदुक हरायाको नया भर्ति भयाको गोली गठा गिराफ षर्च भयाको वेहोराको कागज अघि चह्राई पठायाको छ फेरी तपसिल वारको कागज आउन्या वित्तिकै चह्राई पठाउन्या काम गरुंला गोलंदाजमा नयां भर्ना नगर्नु श्री राजदल पल्टनका आउनन् भनि मर्जि भयाका अर्थ सो वमोजिम गरुंला औ घाइत्याहरूमा वेक म्वाट हरायाका हजुरका मर्जि वमोजिम नेपाल तरफ रवाना गरि पठाञा हाजिर हुनन् १०।१५ दिनमा तयार हुनन् भनि ठहरायाकालाई वैद लगाई षाना दिनाको सुविस्ता गरि केरुंमा राखिदिञा औ इन घाइत्या रवाना गर्दा पिपा नदिन हुन्या रहेछ षजाना षर्च भयाको उकास पिपा झिकि घाइत्या वोकाई नेपाल पठाई दियाको छु तिनि पिपाले घाइत्या हाजिर गऱ्या पछि ताहाबाट ति पिपा फर्कदा षालि नआउन

षजाना वोकि ल्याउन् भन्या जस्तो लाग्छ मुकाम कुकुरघाट शुभम्–

वैशाष शुदि ६ रोज १ मा

ताहा पछि श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत संसेर जङ्ग कुवर राणाजीलाई जवाप लेषि गयाको झुगा तरफको जो भयाको षवर सिभुका लामाले ल्यायाको विस्तार लेषन्या काम वढिया गऱ्या छौं मेजर कपतान वलभद्र माझिले गऱ्याको काम काज देषि तिमी पनि वहुत खुसी रह्याछौ म पनि वहुत षुसि छु जुन जुन वडार वडारबाट भोटचाहरू लडन लागीरह्या छन् त्यो जगा ली ति वडार वडारमा आफ्ना सिपाहि राषन लगाई ताहादेषि वढी झुगा हात्र लाउन्या काम गर भोटचा लड्याका ठाउंमा आफ्ना मानिस नराख्या देषी रसद पानि लैजान्या र डाकवालालाई कठिन पर्न जान्या हुन्छ तस निमित्त रसद पानी लैजान्या र डाक वस्न्यालाई जषम नहुन्या तजवीज गरि काम गर्नु त्यो आड ४।५ दिन भित्र लिन सकेनौ भन्या उस्को वल थपीन्या छ पछि वडो मुस्कील होला उस्को वल नथपीदै चाडो लिन्या काम गर लडाञीका फौजले मागिपठायाको कुरा तुरंत गरि पठाउन्या काम गर्नु चैत्र वदि २ रोजका मितिदेषि तेस तरफ रवाना भयाको श्री भैरवनाथ श्री जंगनाथ गोरख नाथ श्रीनाथ पुराना गोरष देवीदत सिंहनाथ गणेशदल महिन्द्र दल सर्वधोज रण प्रीयदल रामदल २१६ गोरखदल १०१ रुद्रधोज ठुलो वम् ७ पनी ६ को १ तीपनीका तोप १ वाह्र पनी गरि ज्मा तोप २२ भारादार पगरीमा रवाना भयाका लेफटेन्ट जनरल वषत जङ्ग कुवर राणाजी १ कम्याण्डर कर्णेल सनक सि षत्री १ कर्णेल त्रिविक्रम सिंह थापा १ कर्णेल सिंहवीर पांडे १ कर्णेल सेर जङ्ग थापा १ पल्टन वाहेकका मेजर कपतान सताराम षत्री १ येति वलका निमित्त वैशाष शुदि ६ रोजसम्म पटक पटक गरि येतावाट रवाना भया वैशाष १९ दिन जांदा रैफल लेटरराज दल ली म पनि आउछु घाइत्या मरुवाको भर्ना येतावाट सिपाहि पुराना रामदलका १२ नञा १९ भर्ना गरि पठायाको छ इ नञा आयाका सिपाहिलाई येक मैन्हाको दर्माहा दी पठायाको छ षानगी भन्या घाइत्याको उठन्या छैन मर्न्या र भागन्याका षानगीमा पाउनन् पट्टी पट्टीमा भर्ना गरी काम लाउनु १२ साल वैशाष शुदी रोज १ शुभम्–

वितम वैशाष शुदि ५ रोज ७ मा

ताहा पछि श्री प्राइममिनिष्टरका हजुरमा श्री मेजर जनरल कृष्ण ध्वज कुवर राणाजीवाट लेषि चह्राई पठायाको हुकुमका लालमोहर वमोजिम पुर्जिका सायेत गरि ताकलाषार सर गर्न्या काम गर वलाङ्चुङ्मा श्री विर्गेडियेर जनरल भाई षडग वहादुर कुवर राणाजीले वनायाका आड किल्लाका नक्सा पठाई दियाको छ यसै नक्सा वमोजिम ताकला षार भित्र पारि किल्ला वनाउन्या काम गर सल्ल्यानी राजाका चौतरिया काजी भारदारहरू नाल स्मेत १०० मानिस ताहा आउन्या छन् तिमीहरूका सल्लाहले ताकलाषार लैजानु ठह्ऱ्या लैजानु जुमला गौडा कुन्हु भन्या ठहर्छ भन्या जुमला गौडाको सै सभार गर्नु भनी गौडामा छाडि जान्या काम गर्नु भनी लेषी वक्सनु भयाको रहेछ. वहुत वढीया भयो. ताहाबाट पठाई वक्स्याको लालमोहर चिठी सायेतका पुर्जि किल्लाका नक्सा आईपुग्यो सवै भारादार राषी सुनाउन्या काम गऱ्या पुर्जिमा लेषी आयाको वमोजिमको सायेत गरि जान्या काम गर्छौं हिउ पर्दैछ भरिसष्य हिउं वचाई जान्या काम गरि ताकलाषार पुग्यापछि विन्ति चह्राई पठाउला आड पयेर पनि मर्जि वमोजिम वनाउन्या काम गरुंला सल्ल्यानी राजावाट आउन्या सय जनालाइ र आहाका सवै भारादारका सल्लाहले गममा राषी मुगुकरानको रस्ताको याद षवर राषनु भन्या ठह्ऱ्यो र गमगढिमा राषन्या काम गरुंला मुकाम गल्फादरा शुभम्–

वैशाष शुदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री मेजर जनरल कृष्ण ध्वज कुवर राणाजीवाट लेषि चह्राई पठायाको लिस्ति तरफ गयाका श्री कालिवक्स वर्द वानी पल्टन र श्री भाई जनरल धीर सम्सेर जङ्ग कुवर राणाजी श्री कम्याण्डर कर्णेल पृथ्वी धोज कुवर राणाजीहरू छोक्स्यांसम्म पुग्याका रह्याछन् टिगरिवाट अफिसर रूपनर भोट्या सिपाहि ३ हजार सुनागुम्वा र फुटुंगुम्वाका झाराली

२ हजार ज्मा ५ हजार फौज आई ७ मुषगरि लडन आयेछ र उनीहरूले अधिवाट फयेर गर्दा हाम्रा फौजले पनि ५ मुष गरि फयेर गरि लड्या छन् र लडाजी हुदा हुदै हिउ परेछ र कम्मर कम्मरसम्म हिउले छोपदा उस पट्टिका येति मन्या भन्या हिसाव आयेन हाम्रा फौजमा र कसैलाई केही भयेनछ हाम्रा फौज कुती पुग्या छन् कुतीवाट यो वेहोरा लेषि आउदा कुतीसर भयाको षुसिनामाको श्री पशुपति गुह्येश्वरी गोरखनाथ श्री दिगुलतले श्री तलेजूमा भेटि चह्राई तोपको वढाई भया ताहा पनि वढाई गर भोटको र हाम्रो आजसम्म हात जोरियाको थिएन अव हात जोरियो ताहा पनि आफ्नु आड पयेड वलियो गरि बहुत होसियारसंग रहन्या काम भया वढीया होला भनि लेषि वक्सनु भयाको रहेछ. वहुत वढिया भयो श्री भाई धीरसम्सेर जङ्ग कुवर राणाजी श्री कम्याण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजीले कुति सर गर्न्या छन् पत्र देषनै मात्र अति हर्ष लाग्यो मलाई भोट तर्फ जानाको हजुरबाट पठाई वक्सनु भयाको सायतै का दिन यो चिठी आइपुग्यो मर्जि वमोजिम वढाई गरि लेषि आया वमोजिमका वषतमा सायेत गरि कुच गर्न्या काम गर्न्या हिउ पर्दैछ हिउ जोगाई सायेतमा भोटको मुलुक कुलचन्या काम गरुंला मुकाम जुमला मध्ये काला गाउंबाट चलीचलाउ—

वैशाष शुदि ६ रोज वैशाषका ११ दिन जांदा

६० दिन सेष घटी २ पला ३१ वाकिमा श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजी कुती तरफ रवाना हुनालाई श्री ५ सर्कारमा विदा भयाको— १

रात्री गत घटी १४ पला ५१ जादा ऐ— कुति तरफ रवाना भया— १

रात्रि गत घटी १० पला ५३ जादा श्री मेजर जनरल कृस्न ध्वोज कुवर राणाजी र पल्टन् स्मेत जुमलाबाट ताक्लाषार तरफ रवाना भया— १

रात्रि गत घटी १४ पला ५१ जादा श्री रैफल पल्टन १ केरु तरफ रवाना हुनालाई श्री ५ सर्कारमा विदा भयाको जवान्— ६५७

| | | | |
|---|---|---|---|
| कर्णेल मक्र ध्वोज कुवर राणाजी— | १ | मेजर कपतान्— | १ |
| मेजर कपतान् जवर कार्कि— | १ | ऐ- सताराम षत्री— | १ |
| ऐ हरिभक्त कुवर राणाजी— | १ | ऐ— | १ |
| कपतान् भिम सि राना— | १ | ऐ— | १ |
| ऐ— विरूध्वोज भडारी | १ | कपतान् प्रभु अधिकारी— | १ |
| ऐ— | १ | ऐ भैरव सिं कुवर राणाजी— | १ |
| लेफटेन सुरत गिरी— | १ | ऐ इन्द्रविर षतृ— | १ |
| ऐ— चन्द्र विर थापा— | १ | लेफटेन् दिर्घमान षतृ— | १ |
| ऐ— नरविर कार्कि— | १ | ऐ— देवि सिंह ठाकुर— | १ |
| लेफटेन् गरूड ध्वोज कार्कि— | १ | ऐ— वालु षतृ— | १ |
| ऐ— धनमान कार्कि— | १ | लेफटेन् फत्य सिं कार्कि— | १ |
| षरीदार मनोहर पाध्या— | १ | ऐ जङ्गविर भंडारी— | १ |
| लैन्— | १ | कोत्या श्री भक्त षडका— | १ |
| निसान्— | २ | ऐ— कालु कार्कि— | १ |
| सुवेदार— | १० | वहिदार भक्तमान सिं— | १ |
| नाल— | ५६१ | ज्मादार— | १० |
| | | वात साहि वाजाका वानादार | ४६ |

वैशाष शुदी ७ रोज २ मा

ताहा पछि श्री प्राइममिनिष्टरका हजुरमा श्री लेफटेन्ट जनरल वषत जङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठायाको म केरु आइ पुग्याको षवर श्री जनरल भाइले लेषी पठायाको थिआ श्री देवीदत् पल्टन र २।३ तोप चाडो गरि पठाइ दिनु हवस भनी लेषी पठायेछन् र उसै षवर श्री देवीदत पल्टन हिडाइ दिआ भोलि सवेरै ४ पंनी फलाम्या तोप २ र यसैको षर्षजाना गोलंदाज स्मेत हिडाइ दिन्छु श्री देवीदत् पल्टन कुकुरघाट तिर कुच गराउंदा केरु पांसिटारको किल्ला षालि हुन जांदा श्री गणेशदल पल्टन र तोप २ वम २ ली म कील्लामा वस्याको छु पछि आउन्या तोप पनी आइपुग्याको छैन अघी आयाका फलाम्या ६ पंनी तोप पनी आजसम्म रसुवामा रह्याको रहेछ तेस तोपलाई पनि टीमुन्यामा रह्याका षलासीहरूलाई वोकाई ल्याउन्या काम गर्न्या आज प्यांफेदी देषी माथी तिर आइ पुगीरहेछ पछि

आउन्या पल्टन पनी आइपुग्याको छैन केरुं पांखिटार फिल्ला देषी श्री जनरल भाइ बस्याको जगाकोस ५ पर्दो रहेछ. सर्व वेहोराको चिठी लेषी श्री जनरल भाइलाई पठायाको छु उतावाट जो भनि पठाउनन् सो माफिक म गर्न्या छु शुभम्-

वैशाष शुदी ७ रोज २ मा

तस्तै विचमा श्री प्राइममिनिष्टर यानवाट श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीलाई जुवाव लेषी गयाको झुगा तरफका लडाञीको विस्तार विकटमा पक्रीयाका भोटचा जना ५ र तिन संगका हात हतियार झिकी केरुं झ्यालषानामा राषी हात हतियार नेपाल पठाइ दिनु भनी प्रोहीत चतुरभुज अज्यालिलाई पठाई दिञा भंन्या विस्तार वढीया गन्या छौ धर्माका लामालाई उसतरफ पठाई नीज लामाका दोभास्या जना २ लाई आहा पठाउन्या काम वढीया भयेछ भोटतरफबाट चिठी पत्र ली घा वन्दोबस्त गरौला भनि तिमीसंग कोही आया भन्या झुगाको अम्वल भैरव लंगुर कुतिको अम्वल भैरव लंगुर पश्चिम ताकलाषारको अम्वल येती जगार हाम्रो लडाञीलाई लाग्याको षर्च करवर रुपैया भोटले दिन्छ भन्या घा गर्नु. येति दिदैनन् भन्या भोटको राज्येभर फौज वढाई लडनु भन्या श्री प्राइममिनिष्टर दाज्यैज्यूको मलाई हुकुम छ श्री प्राइममिनिष्टर दाज्यैज्यूसंग पुग्या पनी इनै कुरा हुन् मसंग गन्या पनि इनै कुरा हुन् अह्लें घा गरेनौ हाम्रो फौज वढदै गयो भन्या जाहासम्म हाम्रो फौज वढ्याको छ वाहासम्मको जगार हाम्रो लाग्याको षर्च नदी घा हुन्या छैन घा गर्छौं भनी तिमीहरू भन्छौ भन्या श्री प्राइममिनिष्टर दाज्यैज्यूबाट हुकुम भया बमोजिम कबुल गर हामी घा गर्छौं येस वमोजिम् त कबुल गर्न सकतैनौ भन्छौ भन्या हामी पनी लडाञी थामन सक्तौन भन्या जवाप दिनु लेषनु पर्न्यालाई लेषनु घा नहुनुज्यालसम्म चाडो वढी झुगाको किल्ला लिन्या काम गर शुभम्

षाम भित्र परि आयाको ढेवा लीनदेनले पठायाको पुर्जिको नक्कल

उप्रान्त श्री चीन वादसाहका हुकुमदार डिगर्च्ये लामाका षजांची रटि गडिका ताल्वये लस्करको मालिक धैवु हरूले सर्वथा चिठी पठायाको अर्थ ल्हासाका अम्वा २ का हुकुम भयाको केरुं तर्फमा जगा हेर्चाह गर्ना निमित्त चिनीञा सिपाही स्मेत आउंछु टिगरिवाट वैशाष शुदी ९ रोजमा आउछु बाटोमा चढन्या भारि वोकन्या घोडा ४५ डेरा गर्न जान्यालाई घोडा २ चाहियो र विहान वेलुका डेरा डंडा गर्न्या गाउं र घोडा फेर्न्या ठाउंमा तयार पारि राषनु भाडा जो छन् छाउंराट हलुवाह चाहिन्छ यो चिठी जगा अडा घाटमा रात विरात गरि सर्वथा केरुंका मुषीयाको हात सौपी सह्यार गरि हामी आउदा दाजील गर्नु पर्छ तसर्थ हाङ्फोङ् गादि वस्याको ५ को वैशाष शुदी ७ रोजमा—

फेरि घोडा ३ लाई विछयाउना वोकन्या चाहियो—

वेहान वेलुका वास गर्न्या अडाको तपसील—

टिगरिबाट धोकछे वास घोडा फेर्न्या— मा मेवेहान्

| | |
|---|---|
| मान् तो वास घोडा फेर्न्या— | तहिघोडा फेर्या |
| फुस्युं विहान्— | सकिसवास घोडा फेर्न्या |
| होर्मा वेहान्— गुन्दावास— | झुगा वास— |
| पाङ्सि वेहान्— | लुन्दावास् |
| केरुं वास्— | तोताङ् वास— |

वैशाष शदि ८ रोजमा

ताहा पछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीबाट लेषी चह्राई पठायाको उप्रान्त वर्षे बाटो हिडन्या रुंमा गाउंमा किल्ला गरि ५ विकट वस्याको थियो श्री पुराना गोरष श्री भैरवनाथ पल्टनको रेत्वइन्ली मेजर कपतान वलभद्र माझी नीज पल्टनले ठुलो मिहिनत गरि लडाञी गर्दा दुस्मनको टाउको हाम्रो हात पर्न्या जगा फेला पारि हलल गरि लडेछन् र श्री इश्वरले वनायाको किल्ला घाटी तिनै मुषवाट फिरि हाम्रो लडाञी सर भयो फौज भन्या दुस्मनको २५००।३००० को अंदाज रहेछ दुस्मन्का फौजमा मर्न्याको घाइत्या भयाको अरू येति भंन्या थाहा छैन बुझी थाहा पाया पछि विन्ती चह्राई पठाउंला हाम्रा फौजमा कसैलाई जषम पर्न्याको छैन जगा असल पर्नाले डेढ कोससम्म दुस्मनको फौजलाई हाम्रो फौजले हल्ला गरि लपेटी लग्यो माल ताल हतियारको केही ठेगाना भयेन हाम्रा फौज रातभरि हिडायाको वेहान केही नषायाको हुनाले झुगा पुगन आज सकियेन श्री ईश्वरले वनायाको

विकट कटायापछि झुगा किल्ला मानिसले वनायाको हो. मसंग रह्याका फौज अफिसरको डिल वढ्याको छ. झुगा लिन्यै छु. अव वुझ्दा १ पल्टनलाई टिगरिवाट झुगा किल्लामा आउन्या वाटामा राषनु लदाकको वाटो गरि आउन्या वाटामा ज्यांतां भंन्या वडो सहर रहेछ. तेस गौडावाट थुंन पनि हुन्या वढीया किल्ला हान्न पनि हुन्या ठहराइ १ पल्टन र ३।४ तोप राषनु भनी सुवेदार कालु कार्किलाई अस्तिका लडाञीको हाल वुझन झिक्या थ्यां केरि पठाइ दिञा आज ओषयाको आफ्ना घाइत्या दुस्मनका षेद पऱ्याको घाईत्ये र हातहतियार हाम्रा फौजले हात लायाका मालमत्ता जो छ षुलस्त गरि लेषी पठायास भनी नीज सुवेदारलाई अह्राइ पठायाको छ. वाहावाट षुलस्त आयापछि विन्ति चह्राई पठाउन्या काम गरुंला औ च्याग्रासिको पुजा पनि गर्नु भनी सुव्वा धनसुन्दरलाई लेष्यों ताहा रहन्या २ पट्टीलाई जित वाजीको वढाइ गर्न लाञा येतिज्यालसम्म त्यो आड नहटाउंदा केरुंग्याहरू दोधारमा थिया. अवता जस्ता हाम्रा पुरानीञा रैंयेत छन्. तस्तै हुनन् भन्या लाग्छ. रसद दारू वा पानीलाई पनी हर्कत गराउन्या छैन. औ त्यो घाटीको दुस्मनलाई हटाइ आफ्नु फत्ये भयापछि गुनटा देषी झुगा ४।। कोस पर्छ आफु मालिक भैं फौजभन्दा २।४ कोस नगीच पारि वस्या. फौजलाई आसतरास हुन्या आफुलाई पछि छिन छिनको हाल षवर पाइन्या रहेछ. भोलि कुकुरघाटवाट कुच भैं लुन्दामा पुगी ताहा दारूवा मार्न्या जगा रहेछ. अघी मेजर कपतान् श्री भक्त षडकाले अगाडी नहेरि थोरै टाढा पारी दाउरा मान्या छन् र चलाउन टाढा होला भनी २ दिन डेरा ताहा गरि दारूवा मार्नलाई लाउंन्या काम गर्छु. श्री लेफटेन्ट जनरल दाज्यैज्यूहरू केरुं पासिटार आइपुग्यो भंन्या षवर आयो शुभम्—

वैशाष शुदी ८ रोज ३ मा

श्री प्राइम मिनिष्टर यानका हजुरमा. श्री जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठायाको अस्ति देवा धर्माको लामाले झुगा तरफ पठायाको चिठीको जुवाफ वैसाष शुदी ६ रोज १ मा आइ पुग्यो त्यो चिठीमा भोट्या अक्षरले लेषीयाको श्री प्राइम मिनिष्टर साहेव श्री मिनिष्टर जनरल साहेवका हजुरमा मेरो दोभास्या पठायाको छु भनी लेष्याछौ. त्यो तम्रो दोभास्या श्री प्राइम मिनिष्टर साहेवका हजुरवाट आउन वित्तिकै त्यो दोभास्या ली आउ भनी लामालाई डाक्याको रहेछ. त्यो दोभास्या नआउन्ज्याल गोर्षालीको लस्कर पनि ताहा तिमीले विंति गरि लडाञी थाम भोट तर्फका लस्करका अफीसरलाई मैंले भनी लडाञी थाम्छु. तेति गर्दागर्दै हात जोरिंदै रह्यो भन्या पछि घा हुनलाई कठीन होला अैंले नदि नढेका षामसाङ वांदिलाई वाटा घाटा देषन्या चिवाचर्चा गर्न्या मानीसलाई आउनु भनी झिकायाको थिञा. औ दाहिना तर्फ अस्ति लडाञी भयाका जगादेषी ३ पाउ पछाडी गुंटावाट वर्ष्ये वाटो रहेछ. ताहा कामात्तारि विकटमा पक्रीयाका भोटेले हेर्दा वर्ष्ये वाटो षुलस्त छ. भन्या षवर ल्याया र दाहिन्या देवऱ्या गरि जाहा जाहा दुस्मनको आड् पयेड छ ताहा १ पल्टन र २ तोप गरि दुस्मनको टाउको आफ्नु हात जाहानेरा पर्छ ताहींवाट मिचनु भनी नीज ढेवा र नीज ढेवाको मानिस र श्रीनाथ पल्टनका साथमा लाई गुंटाको वर्ष्ये वाटोवाट दुस्मन्लाई पछाडी पारी हान्या काम गरायास् भनी ढेवालाई पनी अह्राञा पल्टनलाई पनी षठाञां औ सिभुका लामालाई चिठी लेषन्या डिगर्चाको लामाको मानीस रहेछ तेसले घा गरि होइसकेन्या छैन भोट्का र चिनका घा गर्न्या आयाका छैनन्: तम्रो दोभास्या नेपालवाट आयापछि तिमी पनी आउंला अैंल्हे लडाञी थामिन्दैन भनी भन्या मेरा मनले पनी तेसले घा गरि घा होला भन्या जस्तो लाग्दैन. वैशाष शुदी ५ रोज ७ मा पठाइ वक्स्याका सिक्षा पत्नमा घाइत्येहरूलाई नाउं वैदलाई रसुवामा असल जगा हेरि राषनु भंन्या मर्जि भैं आयेछ अघी वैशाष शुदी ३ रोज ५ मा पठाइ वक्स्याका पत्नमा घाइत्याहरूलाई वाटा घाटामा षानापिनाको सुविस्ता वाधी नेपाल पठाइ दिनु भंन्या मर्जि आउंदा नेपालतर्फ घाइत्येहरू पठाइ दिञा अवप्रान्त लडाञी हुंदा जो घाइत्या हुनन् रसुवामा राषन्या गरुंला षेदर घाइत्ये कुन कुन पल्टन कुन कुन पट्टी कौन कौउन अङ्गमा सख्र लाग्याको रहेछ. लेषी पठाउनु भंन्या लेषी वक्स्याका अर्थ लाई अघी पनी पट्टी पल्टन लेषी चह्राइ पठायाको हो नाउ नामेसीको

कागज र गोली गिराफ गोला षर्च भयाको नवा भर्ति भयाको वेहोरा वारको कागज चह्राइ पठायाको छ नजर भै जाहेर होला लडाञी गऱ्याको जगा दुस्मनको फौज ३ सय हातसम्म उच्चा पत्थरै पत्थरको पहरो हाम्रो फौजले हान्यातिर साह्रो भिर दुस्मन्‌को फौज रह्यापट्टी पानी ढली ताहानेरा अंदाजले ३ सय हातसम्म रहेछ तेसैका किनारामा षोलो दाहीन्या पट्टीवाट डेउढो घुम्याको हुनाले तेहिनेरा २ सागु रहेछ वन्दुक वाला पल्टनले ति सागु तरी सानु षह्न्यामा पुग्दा दुस्मन्‌ले उही पहरा माथीवाट फयेर गरेछ. कसैलाई लागेनछ र ति २ साघुका वीचमा सानु उंचा पऱ्याको टापु रहेछ ताहि ६ पनी तोप र वम जंगी गोला भरि तेसै पहरामा रहन्या दुस्मनलाई हान्दा अंदाजले १।२ फेरा लाग्या जस्तो भै ताहावाट थोरो हटदा अगाडी जमीन कस्तो छ भनि अफीसरहरूले तजवीज गर्दा तोप येही ल्याई गिराफ र फुट्न्या गोला हांनु पऱ्यो भंन्या थहराई।। पाउ जमीन वढाई तोपको फयर गर्दा वाञातर्फ थोरो डेउढो हुनाले हामीले हान्याको १०।८ लाई मात्र लाउन्या हाम्रा तोपमा सुम्वावाल सप्त विजन् फुट् फयेर दा गऱ्या पिपावाट गोली गिराफ झिकन्या सिपाही पिपा मानीस ताहानेरा वाक्लो हुनुपर्दो रहेछ. दुस्मनका वन्दुक हाम्राभन्दा तोडज्याभल हुंदो रहेछ गोलंदाजलाई अधी गोली लागेछ ८ घडी दिन वाकीदेषी ३ घडी रातसम्म तोप वन्दुक वरोवर लडाञी भयो हाम्रा श्री भैरवनाथ पल्टनको कप्रेल ज्मादार घुनुलु र अरू सिपाही २ लाई थोरै उचा ठाउमा दुस्मनको फौज देषीन्या गरि १।२ चोट् फैर गर्दै दुस्मनलाई कत्तीको लाग्छ कसो भयो भनी अफिसरहरूले भंदा हाम्रो गिराफ र फुट्न्या गोला ताहिनेरापरि १०।८ जना मानिस ढल्या जस्तो देष्या भनी भन्थ्यो ३ घडी रात गयापछि अव रातमा तोपको केही लाग्दैन भनी तोप उठाई आपना षलंगाका आडमा हिडाई वाहा पुग्न्या अफिसरहरूले सल्लाह गरि मीचु भनी ठहराईदा रातीको वेलाछ अध्यारो रात अंदाज नपायाको जगामा कसो गरि हल्ला गर्न्या हो भनी अफिसरहरूले लडाञीमा कुप वायेछ दुस्मनले वरावर हांदै रहंदा हाम्रामा पनी रातभंर हान्दैरह्या. भोलीपल्ट दाहिन्यापट्टी चढाउमा वर्षे वाटो छ भनी सुवेदार कालु कार्किले मेजर कपतान् वलभद्र माझिसग भन्दा लौ भंनी विकटमा पक्रीयाका ५ भोटेमध्ये १ भोटे र श्री पुराना गोरष पल्टन ली नीज मेजर कपतान र सुवेदार जादा दुस्मनले आडपयर वनाइ ढुंगा चिह्नी पहरामा वस्याको रहेछ ताहावाट फर्कि उसै जगामा आया मेरा मनले अैन मा टेवयाको जमीन छोड्या फासि पाउला भंन्या पनी रहेछ अफिसरले जगाहेरि हटाउंनु वढाउनु भन्या पनी रहेछ र टेक्याको जमीन छोड्या फासि पाउलाकी भंन्या वेहोराले हटायेन कि भंन्या मनमा लाग्दा उस्को भोलीपल्ट दाहिना दाउं हेरि हुंछ तापनी दुस्मनको टाउको आफ्नु हात पर्छ भंन्या पछि हट्यौ भनी तिमीलाई वात लाग्यो भन्या श्री प्राइममिनिष्टर दाज्यैज्यूका हजुरमा म वुझाउला भनी दस्षत गरि पठाई दिञा पछि हटी तोपले हांनु भंन्या २ पहरा विचमा पर्न गयाको हुनाले दुस्मन देषीया विकट छाडी दुस्मन अघी नवढन्या अवर १ पल्टनले ताहा थामी ३ पल्टनले ३ मुष गरी २।२ तोप ली तोपको फैर मारि पेलनु वर्षे वाटो डाडावाट हांदा उस्का वन्दुकले कत्ती नपाउन्या आपना तोपले वरावर हान्नु हुन्याछ भंन्या सुंछु तेही वाटो लागपेल भनी अह्राइ पठाञाथ्या उसैका भोलिपल्ट रातमा सर गरि हाल्याइन शुभम्—

षामभित्र परि आयाको

केरूंदेषी जती जती आफुले सर गर्दै गयाका छौ उति जगामा भोटले डाक हांनला भंन्या आपना चित्तले देष्याका र गाउलेहरूसंग सोधदा अलिक भये हुन्या गौडो पऱ्याका ठाउंमा कोही ठाउंमा पल्टन कोही ठाउमा आंडी विजन कोही ठाउमा पट्टी कोही ठाउमा सिकचन घोडाको डाक पनि केरूंदेषी म वस्याका ठाउसम्म यस्तो रितसग राष्याको छु यस वेहोराले रसद पानी वंद हुन्या छैन लडाञीका फौजले मागी पठायाको कुरा रसद पानी दाउरा अझसम्म केही कुराले हर्कत भयाको छैन चैत्र शुदी २ रोजका मितीदेषी तेस तरफ रवाना भयाका पगरी भारादारहरू जना ६ ठुलो बहत्तर पंनीको वम १ नौ पंनीको तोप ४ वाह्र पंनी गरि ज्मा तोप वम २२ यति वलका तिमीत्त वैशाष शुदी ६ रोजसम्म पटक पटक

गरि पठाइ -वक्स्याका अर्थ हामीले झुगा हानी सक्यापछि ई पठाइ वक्सनु भयाका मानिस टिगरी हान्दा हजुरले पाउ लागी वक्सनु भया वढिया होला भन्याञ्जै मेरा चित्तमा लाग्छ हजुरका तजवीजमा जो ठहर्छ श्रीराम दल पल्टनमा नवा भर्ना गरि पठाइ वक्सनु भयाकालाई घाइत्ये र लडाञीमा मुक्त हुन्याका षानगीमा हुन्या छैनन् अरू मर्जि वमोजीम ठेकन्या काम गरूंला–

## वैशाष शुदी ६ रोज २ मा

तस्तै विच श्री प्राइममिनिष्टर यानका हजुरमा श्री विगिडीयर जनरल षड्गवहादुर कुवर राणाजीवाट लेषी चह्राइ पठायाको वैशाष शुदी २ रोज ४ का दिन ५।६ घडी दिन वाकि छंदा भोटका टिग्या षलंगावाट चेवा पठायाको भोटे जना ३ वालुंचुङमा हाम्रा विकट वस्न्या सिपाहीहरूले पक्र्या छन र मेजर कपतान भिमल आले कपतान दलविर विष्ट छेउं ल्याइ सोधपुछ गर्दा हामीहरू साल वसाल आहा गोलामा आई वेपारि गरि जान आउनु गर्दै थिञ्यू येस पाली र टिंग्या षलंगाको ढेवा २ जनाले तिमीहरू वालुंचुङगो लामा वेपार गर्नाको वाहाना गरी गै ताहा लस्कर कति रहेछ क्या कारषाना गर्दा रह्याछन् हेरि वुझि आउ भनी हामीलाई चेवा पठायाको हो हांम्रा संगीहरू ४ जना हटीया च्यांतां तरफ गयाका हौ हाम्रा भोट तरफको षवर ह्लासाको मुलकाजीले टिंग्या षलंगाको दुवै ढेवालाई डिगर्चा झिकाइ ;टिंग्यामा फौज ज्मा गर्नु पर्छ भनी अह्राइ पठाया र टिंग्यामा आई रैतानमा २ घरको १ जना सिपाही पनी षडा गन्या ह्लासावाट१ काजी पनी टिंग्यामा आइरहेछ. पछि डिगर्चाको जोक्र्याको काजी १ नीजका लस्कर ली आउछ भंछन् कुति केरूं फल्याकमा षामको र चिनको लस्कर जान्छ भन्छन भंन्या विस्तार ती चेवा आउन्याहरूले गन्याछन र सो विस्तार वालुंचुङ-वाट कपतानहरूले लेषी पठाउंदा ति चेवाहरूलाई म ताहा आई नपुगंज्याल ताही थामी राषनु जान नदिनु भनी लेषी पठाउंन्या काम गन्या म वालुंचुङ पुग्या पछि ती चेवा आउन्यालाई सोधपुछ र अरू कफियेत वुझी छोडी पठाउंन्या हो की ञोही रोकी राषन्या हो मर्जि वमोजीम गरूंला मुकाम मैवा षोला शुभ्म्–

## वैसाष शुदी ६ रोज ४ मा

ताहापछि श्री प्राइममिनिष्टर यानवाट श्री जनरल जगत सम्सेरजङ्ग कुवर राणाजीलाई जवाप लेषी गयाको लडाञीका अर्थलाई घटवढ केही भयाको छैन भन्या ताहाको विस्तार लेषी पठाउन्या काम वढीया गन्याछौ घाइत्याहरूमा वेकंम्वा ठहऱ्याकालाई आहा पटाउन्या र १०।१५ दिनमा तयार हुनन् भंन्या ठहरायाकालाई वैद लगाई केरूंमा राषी इलाज गर्न लाउन्या काम वढीया गन्याछौ रवाना भयाका श्री कम्याण्डर कर्णेल २ मा जना १ लाई लडाञीमा पठाउन्या हो की जो मर्जि भनि लेष्याका कुरालाई लडाञीका मालीक भै ताहा रह्यापछी लडाञीमा कम्याण्डर कर्णेल षटाउन्या हो कि भनी आहा साधनु पर्दैन श्री ५ सर्कारको वढीया हुन्या र हाम्रो नेका नामी रहन्या आफुलाई जस हुन्या काममा जसो गरी वढीया हुन्छ सो गर आजकाल तिमी वस्याका ठाउंमा १ पल्टन येक मेजर कपतानलाई राषी लेफटेन्ट जनरल वषतजङ्ग कुवर राणाजीले कर्णेललाई र गैह्र तोप लैगी लडाञीमा तिमी अषतीयार भै सहश्र वाटो गरि भोट्या वस्याका ठाउमा होम गराईकन त्यो जगाली आफ्नु फौज राषन्या काम गर तोप गोलाका दरेससम्म तिमीले जानु तिम्रा कमानमा जुन अफिसरले काम गरैनन उसलाई उसै जगामा फासिदिनु यो लडाञी ३ घडीदेषी वढता लायौ भन्या तिमीलाई वात लागला ३ घडीमा त्यो आड ली तेस जगामा फौज राषी झुगा लिन्या काम गर रसद चावल विग्र्याका पानीले पायाका जती छन् अघीवाट षर्च गर्न्या काम गर धर्माका लामाले आहा पठायाका दोभास्या आइपुग्या नीज लामाले भनी पठायाको सवै विस्तार गन्या अैल्हे आहावाट दोभास्या हस्ते लामालाई चिठी लेषी पठायाको छ. उस्को नक्कल यसै चिठीमा षामी पठायाको छ. विस्तार तेसैले वुझौला धर्माका लामा-वाट आउन्या दोभास्याहरूलाई वाटामा रोकटोक नगर्नु भंन्या राहादानीको दस्षत गरि पठाइ दिञाको छ. ताहा-पुगनी वित्तिकै सेतो झंडा लीन लगाई वाटामा वितवल नपर्न्या गरि झुगा तरफ पठाइ दिनु उतावाट सेतो झंडा ली कोही मानिस आयो भन्या पनी वाटामा केही वितवल

नपर्‍यां गरि झिकाउनु सेतो झंडा ली आउना वितवल पर्न नजावस् शुभ्म्–

वैसाष शुदी ९ रोज ४ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट धर्माका लामालाई लेषी गयाको उप्रान्त तिमीले लडाञी गर्नु नीको छैन दुइ तरफका प्रजाप्रानीको ज्यू जांछ गोर्षाको पनि चित्त वुझन्या भोटको पनि चित्त वुझन्या वेवस्ता सकंज्यालसम्म म गरूंला भनि तिमी गयाथ्यौ हामी भोटको पनि होइनौ गोर्षाको पनि होइनौ देवा धर्माका हुन्याले पच जस्तो मान्याका थिञ्यूं दोभास्या सुनां वाम्दी आई लडाञी गर्न वेस छैन. दुइतिरको मिलाप भया वेस होला भनि धर्माका लामाले विंति गर्छन भंन्या कुरा हामीसंग आई विंति गर्‍यो ताहावाट भन्या तिमी येस्तो लेषछौ. भोट्याहरू भन्या वारंवार लडाञी गर्छन भोट्याले लडाञी गरि हाम्रा मानिस मारि दिदा हाम्रो तंन्धारी भाइ रिसले आगो जस्तो भै मैले गर्‍याको स्मेत नमानी वरोवर लडन लागी रह्याछन् कुतिको भैरव लंगुरदेषी येसतिर झुगाको भैरव लंगुरदेषी येसतिर ताकला षोर येति जगा छोडी दिन्छन् करवड रुपैया दिन्छन् भन्या हामी लडाञी गर्दैनौ जुगजुगसम्म रहन्या घा गर्छौं येति कुरो ता दिर्दैनन् भन्या कि नेपालको ल्हासासम्म अम्वल भयो कि ल्हासाले नेपालसम्म अम्वल गर्‍यो भनी तिमी निश्चये वुझ तेतिं ता दिया छन् भन्या येस्कुराको वन्दोवस्त गरि तिमी र ताहाका भारादार ली कुकुरघाटमा आ लडाञीमा गयाका जवानी भाइहरूसंग कुरो भन्या मिलन्या छैन येतावाट मेरा दाज्यू वुढा जनरललाई रवाना गरी पठाञां यतावाट मैले लेषी पठायाका कुरा तिमीलेभन्दा भोटले ता मानेनन् भन्या तिमीलाई भोट्यासंग मिल्या भंन्या हामीलाई चिसो लागन्या गोर्षासिंग मिल्यो भनी भोट्या चिसो लागन्या येस्ता पछि तिमी नलाग आफ्नु घ्यांमा वसी जपतपपछि लाग दुईतिरको ठुलो झगरा तिमी दुष नपाउ शुभ्म्–

वैसाष शुदी १० रोज ५ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत स्मसेर-जङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठायाको सवैं हाल सुरत त्यो आड फोर्दा भोटेहरू मर्‍याको र तिनीहरूको आल माल लुटियाको वेहोराको कागज माथीवाट मेजर कपतानहरूले पठायाको छैनन् वुझनु पठायाको छु. त्यो वेहोरा वारको पत्र आई पुग्नीमात्र चह्राइ पठाउला अघी पल्टन रसद पांसिङटारवाट येकै चोटी रवाना हुदा अगाडी पल्टनलाई रसद अलिक हडवड पर्न गयो श्री लेफटेन्ट जनरल दाज्यैंज्यू सगर कम्याण्डर कर्णैल सनक सिं षत्रीसंग आयाको गोलंदाज वाहेक पल्टन र पीपालाई वरोवर लाम वाधी केरूंवाट झुगा तरफ रसद वोकाउनु भनी अह्राई पठाउन्या काम गर्‍या सुवेदार लक्ष्मन अधी-कारीलाई केरूं जिल्ला भरका घ्याङ र गाउंका चौरी घोडा गदाहाको गाउं गाउंका लामा मुषीयासंग मुचुल्का लेषीयाको पैल्हे पटक गोहारीमा वोकाउनु दोश्रा पटक वाजादी वोकाउनु तेश्रो पटक अघी अघीका माहाजन्-हरूले दिया वमोजिम मजुरि दी वोकाउनु कम्याण्डर कर्णैल ताहा आयापछि तिमीले आउनु भनी अह्राइ पठाइ राष्या छु झुगा तरफका वेहोरालाई श्री पुराना गोरष श्री भैरव नाथ जङ्गसाथ श्रीनाथ इ चार पल्टनलाई रसद पानी दारुवा गरि पठाइ राष्याछु आज राति केरूंका मुषीया र कोटवाललाई टिगरिवाट डिगर्चा लामाको षजांचि र टिगरीको ताल्वये भन्याको लस्करको मालीक धैवुंले केरूं हेर्न आउछौ रसद पानी वास वस्न्या जगाको ताकीती गर भनी लेषी पठायाको पत्र स्मेत गरि चह्राइ पठायाको छ. औ कुकुरघाटमा वस्याको थिञा सान्है वरफ पर्‍यां जगा रहेछ. आफुलाई पनी लस्करलाई पनी आराम हवैनकी भंन्या झै लागेर वैसाष शुदी ९ रोज ४ का दिन लोन्दामा सरि वस्याको छु मसंग रह्याका फौजलाई केही पिपा रसदमा पठाञा केही पिपा दारुवा मार्न पठाञा केही लस्कर आफुसंग राष्याको छु. मेजर कपतान राम आले सान्है वेरामी भै लडाञीमा जान पनि सकेन अवता केही आराम होलाकी भंन्या जस्तो भै रहेछ मुकाम लोन्दा शुभ्म्–

फैरि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठांयाको छोर्मा गाउं टासी गाउं हामी लडन्या अडाका हाम्रा विकटले

पक्री ल्याया छन् तिमीहरू हामीसंग लडन्या हौ तिमीहरू थुनींछौ भन्दा हामीहरू लडन्या होइनौ लडन्याहरूलाई भोट्याहरूले समाती लगी रहेछ भन्या उसो भया तिमीहरू गाउल्या मुषीया सवै आउ भन्दा सवै हाजीरि भया हामीहरू भोट्याका हुलकुलमा लागी लडनामा पल्या छैनौ भनी मुलचुका पनी लेषी दिया गुन्टा किल्लामा तिमीहरूको हात हतियार सवै वुझाउ भन्दा लौं हामी वुझाउं छौ भनी मेजर कपतान श्री भक्त षडकाका जिम्मा वुझाउन लाग्या सलतन भयापछि तिम्रा हतियार फिर्ता गरि लैं जाउला भंन्या वेहोरा गरि दिञा गुन्टादेषी तल तिरको रैतिले हामीसंग लडनमा पस्याको छैनन् भोट सर्कारलाई जो तिर्दथ्या तस्को आधी तिर्नु पर्ला उनीहरूसंग आधी वुझन्या छौ गुन्टादेषी माथी तिरका रैयत लडनामा पसिरह्या छौ तिमीहरूले भोट सर्कारमा जो दस्तुर तिर्दथ्यौ सो वमोजिम हामीलाई तिर्नु पर्ला तिमीहरूले चौरि घोडा गदाहा लुलु षचर भेडा जो छन केरूंका प्रजाले काम गन्या वमोजिम रसद वोकी काम गरि हामीलाई पत्यार गरिदेषायौ भन्या तिमीहरूले जो विन्ति गरौला सो विन्ति सुनुला भनि उर्दि दिञा ७ गाउंमा हाम्रा पल्टनीयाले नगद जीनसी चौपाया लुटपिट नगर्नु जस्ता हाम्रो केरूंग्या रैयत तस्तै भयौ भंन्या वेहोराको दस्षत गरिदिञा षरीदार कासीनाथलाई साह्रो वेरामी नसकन्या भया र नेपाल तर्फ फिर्ता गरि पठाई दिञा चिठी पत्रका कामलाई राइटर गोविंद पाध्यालाई राष्या छु शुभम्–

उप्रान्त टिगरि तर्फवाट आउन्या डिगर्चा लामाको षजांची टिगरिको टाल्वये लस्करको मालिक सर्दार धैवुन् इनहरू जाहा आउछन् भंन्या १०।१२ जना मुष्य मुष्यलाई ताहा हतियार वुझी जाहा पठाइ दिनु भनी वाहाको मेजर कपतानहरूलाई अह्राइ पठाइ राष्याछु ति आयापछि हजुरले लेषी पठाया वमोजिमको काम गर्न्या छु–

वैसाष शुदी १० रोज ५ मा

---

तस्तै विचमा श्री प्राइममिनिष्टरका हजुरमा श्री मेजर कपतान वलभद्र माझीले लेषी चह्राइ पठायाको आज जहा वेगमका जगामा लडाञी गरूं भनी होइन हामी उभो जान्या उसले लस्कर २ घडी अघी आई आडको जमीन जगा ली वस्याको रहेछ तेस्तै वषतमा अकसमात ३।४ सयका भोट्या छन् भंदामा हाम्रो लस्कर ठुलो छ. नेसै हल्ला गरि पसुंला भंन्या इरादाले वारिपारी केही नदेषीन्या लस्कर चढाइ हेरूं भन्या पनी गम नपर्न्या जगा हुनाले तजवीज गर्दथ्यौ तस्तै विचमा उस्को लस्करले हात छोर्दा हटी आउनु भयेन र हामीले पनि हात छोड्दा हाम्रो तरफका मान्छ्या षेत रह्याका र घाइत्या येति हुन् भनी नामासी म् लेषी चह्राइ पठायाको हो अव पारलाई जगा नहेरी आफ्नु म नपारि हांन्या हटाउन्या छैनौ शुभम–

वैसाष शुदी १० रोज ५ मा

---

तस्तै वषतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजीवाट लेषी चह्राइ पठायाको वाह्र गाउं पाच गाउं थाकका रैयतहरूले येक येक षेप ल्यायाको रसद जमा मुरी ४४६।१६।२ षर्चजाना वत् न्यापाल स्मेत मोस्तांङका जनावरलाई वोकाई वैसाषका १५ दिनको सायत गरि झुगा तरफ पल्टन हिडाउन्या काम गर्‍यौ छार्का मनांवाट हिउले वाटो षुल्याको छैन भनी १ पाथी रसद आयाको छैन छार्कामा पठायाका सिपाही पनी आयाको छैनन् वाह्र गाउ पाच गाउ थाकले अरूसम्ममा तायेदात भयाका जनावर रसद जाहा दाषिल गर्न्या थिया श्री प्राइममिनिष्टर यान साहेवका दस्षत लि डिट्ठा श्री लालभट्टले दानवाट १ भारी रसद ल्याउन नदी रोक्या छन् र रसद जनावर आयेन दस्षत र नीज श्रीलाल भट्टले लेष्याको चिठीको नकल वैसाष शुदी ६ रोज १ मा चह्राइ पठायाको हो दाषील भयो हो आज १ पट्टीका सिपाहीहरूले ज्मादार गजराज कार्किलाई लेषी पठायाका चिठीको नकल चह्राइ पठायाको छ जो मर्जि वाह्र गाउं पाच गाउं थाकका अमाली झुमनहरूलाई वैसाषका १५ दिनको सायेत गरि पल्टन झुगा तरफ कुच भयो तिमीहरूले लेषी दियाको मुचुल्का वमोजिमका रसद जनावर चाडो झुगामा ल्याउनु भनी लेषी पठाउन्या काम गर्‍यौं वैसाषका १५ दिन जादा मोस्ताङ तर्फ तायेदात भयाको चौरी गैह्र जनावरलाई रसद वोकाई

श्री वरष पल्टन ली बाटोमा षवर्दारि पहरा चौकि विकट राषी वहुतै संभारसंग पल्टन् ली चाडो झुगा जान्या काम गर मोस्तांगिले जमायाको र धोर्ज्यां थोपक्याल विष्टले जमायाको पल्टन कति तयारी गर्‍याको रहेछ स्व षसोषास् तिमीले हाजीरी गरि आहा लेषी पठाउन्या काम गर भंन्या श्री प्राइममिनिष्टर यानवाट दस्षत चिठी लेषी वक्सनु भयाको छ मुस्तांका राजासंग तिमीले सिपाही कति तयार गर्‍यौ भनी सोधदा २ सये कुरीया छ २ जवान तयार हुनन् रसदसंग जान्छन् हात हतियारमा लस्करी वन्दुक च्यापसा छ षजाना छैन दिन पर्ला भन्छन धोर्ज्यां थोपक्याललाई कति मानिस ज्मा गर्‍यौ भनी लेषी पठायाको छ पल्टनलाई हडवड हुनाले पाल पुगेन पल्टन षर्षजाना रसद जनावरलाई पहरा चौकी विकट राषी जानत भर भर मगदुर संभार गरि लैजान्या काम गरौला पगरि लगायेत सिपाही तकको गाल जोगाउनु तिमीहरू जांदै छौ भनी लेषी वक्स्याका अर्थ सेवकहरू अजान छौं मेहेर मानगी राषी सिक्ष्याति लेषी षठाइ वक्स्या काज काम चलाउंला भंन्या आधार लागी रहेछ मुकाम मोस्ताङ चलि चलाउ शुभम्–

वैशाष शुदि १० रोज ५ मा

ताहापछि श्री प्राइममिनिष्टर यानवाट श्री जनरल जगत सम्सेरजङ्ग कुवर राणाजीलाई जुवाप लेषीयाको गुन्टामा लडाञी भयाको फौजले हल्ला गरि दुस्मन लाई-डेढ कोससम्म लगाडी जगा सर भयो च्यांग्रासिको पुजा गरि २ पट्टीको वढाइ गराञा भनी लेष्या छौ तिमीले आफ्नु ज्मा मर्दि राषी वाफ ज्यादाको नाउ समझि आफ्ना अकल वुद्धिले मेरो अैन दिलमा राषी फौजलाई समझाई जगाको तजवीज गरी फौज षटाइ दुस्मनलाई हल्ला गरि लगारी मारी गुन्टाको जगा फत्ते गर्‍या छौ येस्कुरामा तिमीले पुर्षाको नेगनामी गर्‍यौ मलाई पनी जस दिलायो जर्णेलले गर्न्या काम गर्‍यौ म वहुत षुसि भञा तिम्रा लडाञीका फत्तेनामाको आहा पनी २१ तोपको सलामी गराञा अव पनि येही तजवीजसंग झुगा-को किल्ला चाडो सर गर्न्या काम गर्न्यै छौ झुगा किल्ला सर भयापछि किल्लाभित्र भोट्याले इनार वनायाको रहेछ की रहेनछ इनार षन्याको रहेछ भन्या तेस्मा विष हाल्याको छ कि छैन विचार गरी १।२ दिनपछि मात्र पानी षुवाउन्या काम गर्नु इनार षन्याको रहेनछ भन्या फौज किल्लाभित्र पुग्यापछि किल्लाभित्र इनार षनाई पानी तयार गर्नु रसद वरावर झिकाई किल्लामा भर्न्या काम गर्नु भोट्याहरूका पायाको दोचा वषु च्यापसा छुरि भाला सवै ज्मा गरि लडाञी गर्न्या अफिसर हुदा सिपाही नपुगर्‍याहरूलाई दी अरू च्यापसा छुरि अफिसर पगरीहरूले लिन्छौ भंन्यालाई दी वोकी रह्याको दोचा वषु च्यापसा छुरि भाला लडाञीमा जान्या पीपा षलासीलाई वाढि दिनु वन्दुक जतिछन् रसुवा अडामा जगेरा राषन पठाइदिनु भोटेका मर्‍याको घाइत्या भयाका येति भंन्या र ति भोट्या भाग्दा छोड्याको वषु दोचा हतियार-को ज्मा येति रहेछ भंन्या लेषी षठाउन्या काम गर्न्यै छौ शुभम्–

येसमा चार गौडा गौडामा लेषी पठाउनु भंन्या मर्जि भै जादा लेषी ये गौडा गौडामा पनि वढाइ भयो–

वैसाषका १५ दिन जादा–

दिन गत घटि ८ पाला १५ जादा श्री राजदल पल्टन् केरू तर्फ रवाना हुनालाई श्री ५ सर्कारमा विदा भयाको सायेत– १

ये रोजदेषी ये शुदी १५ रोजसम्म लडाञी गरी झुगा किल्ला सर भया– १

| | | | |
|---|---|---|---|
| श्री राजदल पल्टन्- | | | ५४४ |
| मेजर कपतान प्रतिमन कुवर राणाजी– | १ | कपतान श्री विलास पाध्या- | १ |
| अजिटन् लालसिं देउजा– | १ | लेफटेन्ट गोपाल षत्- | १ |
| निसान– | २ | लैंन श्री कृस्नज्यू– | १० |
| क ल ज्मादार- | १० | सुवेदार– | १० |
| नाल– | ५११ | वानादार- | ६ |

वैसाष शुदी १० रोज ५ मा

तस्तै वषतमा श्री प्राइममिनिष्टर साहेवका हजुरमा कपतान अम्वरसिं कुवर राणाजीले चह्राइ पठायाको पल्टन

विदा गरि पठाइ वक्सनु हुंदा वैसाषको ३ दिन जादा ८ घडी ११ पालामा पर क्षत्रमा पर्वेस गर्नु १५ दिन जादा झुगा गढी दषल गर्नु भनी सायेतका पुर्जि र सिक्षा मर्जि गरि वक्सनु हुंदा कामभन्दा पछी होला भनि वाटो-मा विस्तार नगरि मोस्ताङ आइ पुग्यापछि हिउंले कतींज्याल षुलन्या रहेछ वासिन्दासंग सोधी जस्ताको तस्तो ठहराई श्री प्राइममिनिष्टर साहेवका हजुरमा र जाहा लेषी पठाउन्या काम गर्नु भंन्या सिक्षाका दस्षत आउदा वासिन्दासंग सोधी हिउको कुरा विन्ति चह्राइ पठायाको हो अव रसद ज्मा गर्‍याकै होला १५ दिन जादा षरीद गर्‍याका रसद जनावरलाई वोकाइ षर्षजाना स्मेत ली झुगा गयनौ भन्या पगरी लगायेत तक्सीर वंद होला स्व जानि चाडो जान्या काम गर भनी लेषी वक्स्याका अर्थ मर्जि तलका सेवक हौ वाह्र गाउं पांच गाउ थाकका रैयतहरूले येक येक षेप ल्यायाको रसद ज्मा मुरी ४४६।१९ चारसये छयालिस मुरी उनिस पाथी र षर्ष-जाना वतन्यापाल स्मेत मोस्ताङका जनावरलाई वोकाइ हजुरका मर्जि वमोजिम वैसाषका १५ दिनको सायेत गरि झुगा तर्फ पल्टन हिडन्या काम गर्‍यौ छार्का मनांवाट रसद हिउले वाटो षुल्याको छैन भनी १ पाथी रसद आयाको छैन छार्कामा सिपाही पनी आयाको छैनन् १२ गाउं थाकले अरूसम्म तायदात भयाका जनावर रसद याहा दाषील गर्न्या थिया श्री प्राइममिनिष्टर साहेवका दस्षत ली डिठ्ठा श्री लाल भट्टले दानवाट १ भारी रसद ल्याउन नदि रोक्याछन् रसद जनावर आयेन दस्षत र नीज श्रीलाल भट्टले लेष्याको चिठीको नकल वैसाष शुदी ६ रोज १ मा चह्राइ पठायाको हो हजुरमा दाषिल भयो हो. आज १ पट्टीका सिपाहीहरूले ज्मादार गजराज कार्किलाई लेषि पठायाको चिठीको नक्कल चढाइ पठायाको छ जो मर्जि वाह्र गाउं पाच गाउं थाकका अमालि झुमनहरूलाई वैसाषका १५ दिनको सायत गरि पल्टन झुगातर्फ कुच भयो तिमिहरूले लेषीया–को मुचुल्का वमोजिमका रसद जनावर चाडो झुगा ल्या–उनु भनी लेषी पठाउन्या काम गर्‍यौ अघि पनी लेषी पठायाको छ वैसाषका १५ दीन जादा मोस्ताङ तरफ तायदात भयाका चौरी गैह्र जनावरलाई रसद वोकाई श्री वरष पल्टन ली वाटोमा षवर्दारीसंग पहरा चौकी विकट राषी वहुतै सम्भारसंग पल्टन ली चाडो झुगा जान्या काम गर मोस्तांगीले जमायाको र धोज्र्या थोप–क्याल विष्टले जमायाको पल्टन कति तयारी गर्‍याको रहेछ सो षसोषास तिमीले हाजीरी गरि जाहा लेषी पठाउन्या काम गर भंन्या श्री प्राइममिनिष्टर साहेववाट सिक्षाको दस्षत चिठी लेषी वक्सनु भयाको छ मुस्तां कारा-जासंग तिमीले सिपाही कति तयार गर्‍यौ भनी सोधदा २ सये कुरिया छन् २ सये जवान तयार हुनन् रसदसंग जां छन् धोज्र्या थोप्क्याल लाई कति मानिस तयार गर्‍यौ भनी लेषी पठायाको छ पल्टनलाई हुडवड हुनाले पाल पुगेन पल्टन षर्षजाना रसद जनावरलाई हजुरका मर्जि वमोजिम पहरा चौकी विकट राषी जानत भर भर मगदुर गरि संभार गरि लैजान्या काम गरौला पगरि लगायत सिपाही तकको गाल जोगाउन तिमीहरू जान्यै छौ. भनी लेषी वक्स्याका अर्थ सेवकहरू अजान छौ निगाहा मेहेरमानगी राषी सिक्षार्ति लेषी पठाइ वक्स्या सिर चह्राई काज काम चलाउला रसदका कुरालाई श्री वरष पल्टन मुस्ताङवाट हिड्दा तायदात भयाका जनावरलाई रसद वोकाई मुष्य वढता गरि लैजानु कदाचित भैसकेन भन्या पल्टनलाई झुगा पुगनजिसम्मा षान पुगन्या गरि रसद षरिद गर्नु अरू रुपैञा जगेरा राषनु भनी वक्स्याका अर्थ मर्जि वमोजिम काम काज गरौला औ ६ पट्टीको सिपाही भक्तवीर थापा पाल्या सुंडाडा वस्न्या संषर्सिं कुलु पाल्पा तान्सेन वस्न्या २ को वेहोरा दानवाट श्रीलाल भट्ट र थाकको घाट पाहरूले लेष्याको पुर्जि चिठी चह्राइ पठायाको छ वेनी विचारी–का जिम्मा छोडी आयाको १० पट्टीको सिपाही वलविर कार्कि पाल्पा जोग्यायानी वस्न्याको वेहोरा नीज विचारी-लाई लेषी पठायाका जवाफ आयाको छैन शुभम्–

स्वस्ति श्री सर्वोपजोग्यत्यादि श्री ज्मादार गजराज कार्किके थाक आथले ४ पाहीको सलाम उप्रान्त जनावर थाक लीन आउंदा हामी पुगी अन्हाया वित्तीकै ३ जना षम्वा जनावर लीन गयाको हो दान भन्सारमा श्री प्राइममिनिष्टर साहेव कांद स्वतली गैन्ह अरू नीज १ माना नछोडनु भंन्या दस्षत देषाई थुनि दिन्दा रसद

ल्याउदा दुनीयाहरू पनी रितो आउछ थाकको घरमा षोलछु भन्दा षोलिहेर भनी छोडि दिन्छ आफु थकालीहरू भोकै भयो भनी कराउछ षम्वाहरू पनी षर्च नभै कसो गरि जनावर लैजाउं भनी अडि गर्छन् नी थकाली भन्छ यस्तो भयापछि श्री ५ सर्कारको काम कसो गरी सोझो गर्न्या हो भनी रैति सवै कराउछ हामीले त साजवेहान षेर्दा गर्दछु घरमा अनाज नदेषदा तलाक भयौ आहा यस्तो भयो अति सिक्षा पाया वढीया होला शुभ्म्–

श्री जनरल धिरसम्सेर जङ्ग कु
वर राणाजीलाई–

श्री ५ वडामहाराजको काज काम गर्न्या सेठाकाजिले चिठी लेष्याको अर्थ श्री ५ वादसाहका हुकुमले नआ आयाका हे अम्वा अघि रहनु भयाका तुइन अम्वा दुइवाट हुकुमको मोहर वक्सी पठायाका चिठीमा गोर्षा. भोट दुषको काम निमित्त मजकुर अम्वा २ का सट्टा टुं तालय टिग्रीवाट रवाना भै केरूङमा जानु भयो सकियो भोट गोर्षा दुई केरू कुरामा दुवै तर्फवाट रिस मारि वन्दो–वस्त सलटन गर्न्या मन्सुवा गरी अघि सिंभुका लामा र तासि लिवुको षजांचि झुगामा पुग्न्या वषतमा दैवसंजोगले गौडा कुन्हन्या लस्कर सित अलिक लडाञी भयाको रहेछ यस पटक तुंतालये केरूंसंमा जानु भयाका वेला कुति–तर्फ हामीहरू दुवैको लडाञी भयो भन्या सलतन्को काम कठिन पर्ला भंन्या निमित्त मेरो चित्तमा निश्चय गरि यो चिठी लेष्याको हो. टुंतालयवाट सल्टन् नहुन्या जो सुकै हवस्त पनि येक ठेगाना नहुंज्याल कुतितर्फ तिमीले फौज वडाउन्या र चलवल नगर्नु होला हामि तर्फवाट पनि चलवल नगर्नु भनि उर्दि पठायाको छ वु ज्याला ह्लाचिवाट वैसाषसुदी १० रोज शुभ्म्–

तस्तै वषत्मा सुवा मानसरोवरलाई कुतीका ढेवाले लेष्याको वेहोरा गोर्षा र भोट्को कचहरीमा वन्दोवस्त गरी लेषी राष्याका सनदमा जेठ महीनादेषी दसैसम्ममा नेवार माहाजनलाई षान्या चावल भरि दिनुपर्छ भंन्या वेहोरा लेष्याको छ यो सालमा पाहाडवाट चावल आउनु कठीन हुनाले जति आयाका चावल दिन्यू तैपनी नेवार माहाजनका कोठी पीछे भारी ५।६ वाहेक पुऱ्याउन सकेन नेवारले दसैसम्ममा चावल ज्मा चुक्ति गरी दियनौ भन्या नेवार कोठीवाल सवै नेवार लैजाउला राहादानी ल्याउ भन्छन् कुतिको रैयत प्रजाहरूसित नेवारलाई षान्या चावल कसो गरू भनी भन्दा रैतीहरूले पाहाड–वाट चावल आयो भन्या दिउंला भनी नेवारहरूलाई भन्यु तैपनी नेवारहरूले चावल ज्मा चुक्ति गरीदियनौ भन्या राहदानी देउ भनी हामी दुईलाई दुख दिछन् चावल अंन गैह्र ताहावाट थुनीकन आयाको हो भन्या कुती कोटका आम्दानी जगात दस्तुर पनी वंध भयापछि नेवारलाई याहावाट चावल नआउंज्याल दिनु सकन्या छैन नेवारले भन्या जस्तो राहादानी दिया वढीया छ की नदिया वढीया हुंछ यस्को उत्राइ मानीस हस्ते पठाइ दिनु हवस् शुभ्म्–

## वैसाष शुदी ११ रोज ६ मा

ताहापछि श्री प्राइममिनिष्टर यानका हजुरमा श्री जन–रल जगत सम्सेरजङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठायाको वैसाष सुदी १० रोज ५ का दिन १० घडी वाकीदेषी साझसम्म झुगा किल्लामा वरावर श्रीनाथ भैरवनाथ पुराना गोरष जङ्गनाथ इ चार पल्टन्ले चारौ तरफ घेरा दी वरोवर जङ्गी गोला हान्दा किल्ला तोडन सक्याको छैन अघीका लडाञीमा र झुगा हान्दा जङ्गी गोला षर्च भै थोर वाकी छ जङ्गीगोला पठाइ वक्सनु हवस भनी झुगावाट मेजर कपतानहरूले भनी पठाउदा तुरंत रात साज गरि २५ भारी जङ्गीगोला पठाउंन्या काम गऱ्या मसंग १२ पंनी तोप रह्याको थियो १२ पंनी तोप र उस्का षर षजाना स्मेत झुगा तरफ रवाना गरि पठाइ दिञा मसंग राषनालाई श्री लेफटेन्ट जनरल दाज्यैज्यूसंग रह्याका हल्का ४ पंनीका तोप २ राष्याको छ श्री लेफटेन्ट जनरल दाज्यैज्यू पनी कुकुर घाटमा आइ पुग्नु भयाको छ याहा पुग्नु भयापछि तोप षजाना झुगा तरफ वरोवर पठाउदै गरौला कम्याण्डर कर्णेल सनकसि षत्री पनी केरू पांसिटारमा आइ पुग्या सांझ सवेरमा झुगा किल्ला सर हुन्या छ मुकाम लुन्दा शुभ्म्–

## षामभित्रका पुर्जिको नकल

उप्रान्त भोट्याले ५।६ दिन अडा लियाको आउ मेजर

कपतानहरूले राती हल्ला गरि त्यो आड मिचनु पर्दा भोट्या भन्याको र मालमत्ताको केही ठेगाना भयेन भनी मेजर कपतानहरूले मसंग विन्ति चऱ्हाइ पठाउदा सो माफिक लेषी चऱ्हाइ पठाआथ्या येस्कुराको तहकित गरि पठाउनु भनी मेजर कपतानहरूले ढिलो गर्दा मेरा आठ पहरिया-लाई पनी पठायाको छ. तहकित आउन्या वित्तिकै लेषी चऱ्हाइ पठाउला झुगा किल्ला वाहीरि पर्षाल माटाको रहेछ ढोका ताकी हान्दा जङ्गीगोला केही माटैमा पचन्या वम हान्दा कैल्हे किल्लाभित्र पसन्या कैल्हे वाहिर जान्या कैल्हे ढोकामा लाग्न्या जङ्गीगोला वरोवर ढोका ताकी हान्दा छन् वम जगा हेरी टापुमा लगी वरोवर किल्लामा हन्दा छन् किल्लाका भित्र भोट्याका फौज ५।६ सये होला भन्छन् किल्लामा घेरा नदीदै किल्लावाट यउटा भोटे पहेलो वषु लायाको घोडा चढी टिगरि तीर गयो भनी आहा मलाई षवर लेषी पठायाको थियो आज भोली मलुन्दमा वस्याको छु वरफ पर्दो रहेनछ परि गयो भन्या पनि थोर वहुत पर्दो रहेछ ४ घडी घाम लाग्यो भन्या साफ होइजादो रहेछ लुन्दादेषी माथीतिर भन्या ज्यादा होला शुभम्–

## वैसाष शुदी ११ रोज ६ मा

तस्तै विचमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजीवाट लेषी चऱ्हाइ पठायाको रसद गैऱ्हको वन्दोवस्त वाधी वैसाषका १५ दिन जादा मुस्ताङवाट श्री वरष पल्टन् ली कपतान अम्वरसिं कुवर राणाजीले जानु भंन्या अघी लेषी गयाको हो हिउले वाटो नषुल्याको भया कठीन पर्न जाला भंना निमित्त नजानु भंन्या विहोराको नीज कपतानलाई लेषी पठा–याको चिठीको नकल पठाइ दियाको छ तैंले पनी सो वमोजिम लेषी पठाउन्या काम गर केरूंवाट झुगा हान्न–लाई पल्टन पठायाको हो झुगादेषी अऱ्हाइ कोसका अडामा भोटेहरू विकट वस्याको रह्या छन् वैसाष वदी ३० रोज २ का दिन ८ घडी वाकीदेषी लडाञी जोरि–याको अरूसम्म वरोवर हुन्यै छ हाम्रा सिपाहीहरू ३५।३६ जना घाइत्या भया छन् भोटतर्फका येति भंन्या थाहा भयाको छैन उस्को हात माथी हाम्रा फौजको हात तल पर्न जादा झुगा लिनलाई अलिक ढिल हुन गैरहेछ अव १।२ दिनमा लिन्या काम गर्नन् लडाञी जोरिरहेछ लदाक पट्टी पनी भोटको फौज जांछ भंन्या षवर सुनिछ मुस्ताङ तर्फ आइ डाक दिनन् आफना हुसियारिसंग रहनु भन्ये ताकितीको तेरो चिठी लेषी पठाई दिन्या काम गर भनी लेषी वक्स्याका कुरालाई हजुरवाट मज–कुर कपतानलाई लेषी वक्स्या नकल वमोजिम जान त भर पल्टनलाई चाहीन्या दोचा वषु पाल जनावर रसद गैऱ्हको ततयारी र पहरा विकटको षवर्दारि गरि रहन्या काम गर केही कुरावाट गाफिल नहवस भनी लेषी पठाउन्या काम गऱ्या विकट जगा पर्न जानाले साऱ्है लडाञी भयेछ तेसवेलामा जो चाहिन्या काम कुराको वन्दोवस्त गरि वक्सनु भया कै हाला श्री इश्वरका कृपा-ले मनसुप पुग्येछ वैसाष शुदी ५ रोज ७ मा ल्हासाको मुलुक धाक्च्यां साट्या १०।१५ वर्ष अघी वस्न्या आज-काल आही मोस्ताङ वस्याको उत्तर तरफ वेपार गर्न जान्या मुस्तांगि राजाकी रानीका फुपैका छोरा थुतौ लामा मुस्ताङदेषी उत्तर व्रह्मपुत्रका किनारसम्म डिगर्चा-को टुसौलामाका गोठमा गयाको थिया नीज गोठका मालीक समदेन सित वातचीत गर्दा नीज टुसौलाको अषतीयार लामा नेपाल श्री प्राइममिनिष्टर यान साहेव–का हजुरमा घा गर्न गयाका छन् घा होला मिलनन् तिमीहरूले संदेह नमांनु भागनु पर्दैन भनी नीज टुसौ–लामाको चिठी आयो भनेछ नुन षानी वस्न्या भुंवा झुगातर्फ वेपार गर्न गयाको १ दिनको वाटो वढी अंन साटी फर्कि आउदा सुन्याको षवत झुगा गढीमा सिपाही ५।६ जना आयाका थिया गरे चिवा गर्न आयाका हुनकी भन्थ्या नीज भुंवालाई नीज थुतौ लामाले षवर क्या छ भनी सोद्धा टिगरि मैदानमा ल्हासाको चिनिञा कपतानी दर्जाको अम्वा १ डिगर्चाको सुवेदारी दर्जाको ढालो १ नीज टुसौलामाको अषतीयार लामा १ ल्हासाको काजी पीसीकटु १ इ चारजना आइ सि भुछेत्रका देवा धर्माका लामालाई झिकाई घा गर्न लागी रहेछ दुनीयाले हड्वडा-उनु पर्दैन भनी भन्थ्यो दुनीञाले हराई व्रह्मपुत्रवारका गोठ सवै व्रह्मपुत्र पार लैगया गरे कांही छैनन सुन्य छ यस्तरफको षवर यतिकै हो मुकाम तानसेन सुभम्—

### वैसाष शुदी ११ रोज ६ मा

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा मेजर कपतान हरिहरसि वस्न्यातले लेषीचह्लाइ पठायाको षरषजाना स्मेत पल्टन ली संम्भानसंग वैसाष शुदी २ रोज ४ का दिन लामा वगर पुगन्या काम वेस भयेछ वाटो हेर्न. जादा २ षंड पहरो विकट रहेछ तल्ला षंडमा हात २१६ माथील्लो षंडमा सान्है विकट रहेछ भंन्या कुरालाई वनाउन लागन्या काम वढीया गन्याछौ.काटन हुन्या नहुन्या कुराको तजवीज गरि लेषी पठाउन्या काम गर्न्यैछौ रसदको तावि ति गर्न्या काम वेस भयेछ कागत्या हुलाकका कुरालाई दोलषादेषी ताहासम्म पनि कागत्या हुलाकी राषन्या काम गर्नु आहा सदर दफदर षानामा भनी हुलाकको वन्दोवस्त गरि दिनु भनि अह्राई दियाको छ येक सरा कपरा हिउमा कस्ता रितसंग हामी पुन्याउन्या हो भनि दुनिया विन्ति गर्दछन् भनि लेष्याका कुरालाई हिउ गल्यापछि पुन्याउन लाउनु. ताहा वस्न आउन्या भोट्याका रैतीलाई तिरो भरो गन्याका जगामा सोहि वमोजिम र वाझोमा येक साल नतिर्नु भनि सल्लाह गरी राषनु भरियाको रसदमा केही पल्टनलाई पनि षान दिया निर्वाह हुन्या रहेनछ. कति पाथीका दरले दिन्या हो भनि लेष्याका कुरालाई रुपैयाको तिन पाथीका दरले दिन्या काम गर वाकि केरूंवाट झुगा चडाई गर्न जादा झुगा किल्लादेषि अह्राइ कोस ओढो गुंता भंन्या जगामा घाटि पर्न गयाको विकट जगा रहेछ तेस ठाउंमा वैसाष वदी ३० रोज २ का दिन ८ घडी वाकीदेषी लडाञी हुंदा दुस्मनको हात माथी हाम्रो हात मनि पर्न जादा फौज वढाई लैजानु नहुदा माथि लडाञी गर्दै थिञा पछि वाटो पहिल्याई तिन मुष भै फौजले हल्ला गरि जाइ लागी वैसाष शुदी ८ रोज ३ का दिन गुंता भंन्या जगा फत्त्य भयो दुस्मनका सिपाही पनी ढेरै मान्या छन् हात हतियार पनी ढेरै हात लाग्या छन् हाम्रो फौजलाई कसैलाई केही भयेन भंन्या फत्त्यनामाको षवर श्री जनरल भाइ जगत्सम्सेरजङ्ग कुवर राणाजीवाट लेषी आउदा अहा फत्त्यनामाको २१ तोपको वढाई भयो दुस्मनसंग वेस गरी लडाञी जोरियाको षवर सवै कुराको आफु होसियार राषी वहुतै सैचन्संग रहन्या काम गन्या वढीया होला शुभम्—

### वैसाष शुदी ११ रोज ६ मा

तस्तै वीचमा श्री प्राइममिनिष्टरवाट श्री जनरल जगतसम्सेरजङ्ग कुवर राणाजीलाई जुवाप लेषी गयाको झुगा तरफको जो भयाको षुलासा षवर लेषी पठाउन्या काम वढीया गन्याछौ सिभुका लामालाई चिठी लेषन्या डिगर्चाको लामाको मानिस रहेछ तेसले घा गरि होइ—सकन्या छैन भोटका र चिनका घा गर्न्या आयाका छैनन् तिम्रो दोभास्या नेपालवाट आयापछि तिमी पनी जाउंला अहिले लडाञी थामीदैन भनी भन्या भनी लेष्याका कुरा—लाई वढीया जवाप दियाछौ लामाको दोभास्यालाई पनी आहावाट पठाइ दियाको छ आइपुग्ला लडाञीमा षेत र घाइत्याहरूको नामासीर गोला गिराफ षर्च भयाको नञा भर्ति भयाको व्येहोरा वारको कागज पठाउंन्या काम वढीया गन्याछौ सवै विस्तार वुझी यो झुगा अम्वल भयापछि पाङसिटारमा दुई सय नाल राषी तोप वंन्दुक षजाना रसद गैह्र झुगामा ज्मा गरी राषनु भंन्या हाम्रा तजवीजमा यस्तो लाग्छ. तिम्रा तजवीजमा जो ठहर्छ सो वमोजिम मिलाई गर्न्यै छौ गुन्टा आडसर गर्दा दुस्मनका तर्फका कती मन्याछन् तिनका नाउं ज्यादामा पनी कोही पन्याछन् कि कसो हो वुझी लेषी पठाउंन्या काम गन्या वढीया होला. उपरका कुरा सवै तजवीज मिलाई झुगा लिन्या काम गर्नु तिमि जांन्यैछौ शुभम्—

### वैसाष शुदी १२ रोज ७ मा

तस्तै वषतमा श्री प्राइममिनिष्टर यानका हजुरमा श्री जनरल जगत सम्सेरजङ्ग कुवर राणाजीवाट लेषी चह्लाइ पठायाको श्री ५ सर्कारको वढीया हुन्या हाम्रो नेगानामी रहन्या आफुलाई जस हुन्या काम जसो गरि हुंछ सो गर कम्यांडर कर्णेल कर्णेलहरू षटाउनालाई षटाउंन्या हो की भनी लडाञीको मालीक भै आहा सोधनु पर्दैन भनी मर्जि भै वक्स्याका अर्थलाई ३ जना कर्णेलहरू आहा मसंग हाजीर भयाका भया म षटाइ हाल्दथ्या ति हाजीर नहुनाले अर्जि लेषदा कुरा वढन गयेछ तिनीहरू हाजीर भयापछि षटाउनु पर्न्या ठहर्‍यो भंन्या म षटाइ हालन्या

छु अफिसरदेषी सिपाही तकलाई उर्दि दिया वमोजिमको काम गऱ्यानन् भन्या अैन वमोजिमको सजाय गर्न्या छु इनलाई सजाये गर्न सकीन भन्या म कसो गरी काम चलाउंला तोपको गोलाको दरेसमा गै श्री लेफटेन्ट जनरल र तोप षजाना ली तिन घडीमा त्यो आड होम गराईकन त्यो आडली आफ्नु फौज राषी झुगा हांन्या काम गर्नु त्यो आड ३ घडीमा लिन नसक्या वात लाग्ला भनी लेषी वक्स्याका अर्थलाई त्यो आडली सवी वरावर झुगामा लडाञी परिरहेछ. भोट्याहरूले आड मार किल्लामा आड गरिवस्दा होम गर्दा ति भोट्याहरू सहजै मिचीन्छन् तर हात उन्को थापलो आफ्नु पर्नु जादो रहेछ होम दाषेर घाइत्या र षेत आफ्ना ढेर हुन जान्याछन् घाइत्या र षेत भंकन पनी फत्य ता आफ्नै हुन्या रहेछ तर कमांडीयरलाई फौज ढेरै म राइ सर गऱ्यो भंन्या वदनामी हुन्छ की भन्या झै लाग्दछ गप साहेवलाई पनी समझन्छु वैसाष शुदी १० रोज ५ का १० घडी दिन वांकीमा भोट्याले किल्लावाट वरोवर हान्न लाग्यो हामीले पनी डेराडंडा गऱ्यौ र फौज ली हल्ला गरौ भन्या फौज ढेरै विग्रन जाला भनी २ तिरवाट जंगी गोला र फुटन्या गोला किल्ला मार किल्लाका ढोकामा किल्लाभित्रका घरलाई हान्यौ किल्ला वाहीर माटाको जवरै रहेछ घर भन्या जगा जगामा फुट्यो हामीले पनी हान्दै रह्यौं साज पऱ्यापछि दुवै तरफवाट मा कुप भयो अवर चारै तरफवाट किल्लामा घेरा दी राष्या छौ वैसाष शुदी ११ रोज ६ का दिन वेहान १०।८ गोली उस्तर्फवाट हान्यो हामी र षानापिनामा लाग्याका थिञ्यूं फेरि गोलीले वरावर हान्दा हाम्रा तरफवाट पनी जंगी गोलाले र फुटन्या गोलाले हान्यौं घरमा भन्या जतातते सान्है विग्र भत्क्यो वाहापछि वन्दुक हान्न छोड्यो २ दिन घेरा दी फुट्न्या गोला जंगीगोलाले र वमले वरावर किल्लामा हानी सिकिस्त गर्दामा सर भया भैगयो नभया जिल्लाभित्र लस्करको तहकित गरि हल्ला गरि वस्न्या मद्दत गऱ्याको छु. अघील्ला आडमा रह्याको दुस्मन्को फौजभन्दा कम छ भनी पक्रीयाका २ जना भोट्याले भंछन् इ क्या वेहोराले कम भयाका हुन् भनी सोद्धा इ गवैया गाउका १८ वर्षदेषी उभो ६० वर्षदेषी उधोका झारालाई ल्याउदा रह्या छन् चौरि अंन घर भत्काई दारूवा पानी उनैको उनैका चौरिका मासु षान्या येस्तो वेहोरा गरि दिदामा भोट्याका रैयत सान्है दुष पाउदा रह्याछन् उसैमा तलवाट लडाञी हारिया-पछि ञाहावाट भाग्याका हुन् भनी भन्दछन्. हामी आया पछि हिजो केही भोट्या निस्की गयाछन् किल्ला भित्र र जागीरदार मात्र छन् भन्छन् कति हुनन् भन्दा ७ सयेको अंदाज वताउछन् हामीले वाहीरवाट देषदा २५।३० जनामात्र देषींछन् अस्तिका किल्लामा पऱ्याको मानीस र हतियार व्येहोरा षोली चह्राइ पठायाको छ भोट्या षेठ भयाका जना १६ मुकाम लुंदा शुभम्-

षामभित्रको पुर्जि

अघि लडाञी भयाका आडमा लुटीयाको मालको तपसिल-

| | | | |
|---|---|---|---|
| लस्करी वंदुक- | १४ | च्यापसा- | ९ |
| फलामको वधान्- | ५ | विडस्मेतको भाला- | ३० |
| ऐ चीनीञा हिउ सोहर्‍या दाविला- | १७ | फलामको ताला- | १५ |
| फलामको डाडु- | ७ | फलामको छुरि २ स्मेत | |
| ऐ-को टुक्राटुक्री- | ३३ | चान्चुन् टुक्रा- | १० |
| सर्पो स सराजाम स्मेत कमान्- | २ | तावा पितलका गरि थान्- | १० |
| सिपा विटा- | १ | तावाको ढोप स्मेत- | ४ |
| कोदाली- | ६ | पीतलको- | ६ |
| फलाम्या पाता र हसिया स्मेत्- | १ | चान्चुन् फलाम्या तावाको भाडा स्मेत्- | ११ |
| ऐ- का मुन्द्री- | १ | | |
| फलामको दियो र कराही स्मेत- | २ | कडान भयाको षर्कुडा स्मेत- | २ |
| दफे कोदाली- | ३ | पीतल्या वाटा- | १ |
| वंन्दुकका कोठी र रिकावी स्मेत- | ४ | करनाली स्मेत् छुरि- | २ |
| वारूढका थैला- | १ | फलाम्या चान्चुन् टुक्रा- | ५ |
| वषु- | ४० | पाल्- | ३० |

चौरि घोडा गदाहा केही तल विकट अडामा पनी छन् केही ञाहा छन् येति हो भंन्या ठेगाना भयाको छैन-

मर्न्या षवर

भोट्या मर्याका १६ जना रह्याछन्. फलाना सस्त्रले फलाना अंग लागी मर्यो भंन्या षुलस्ता भै आयाको छैन षुलस्ता आयापछि विन्ति चह्राइ पठाउला–

वैसाष शुदी ८ रोज ३ मा श्री जंगनाथ ७ पट्टीको सिपाही कर्णसिं नर्जा भोट्याको विकट धपाउन जादा भीरवाट लडी मर्याको– १

वैसाष शुदी १२ रोज ७ मा

ताहा पछि श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत सम्सेरजङ्ग कुवर राणाजीलाई लेषी गयो झुगा तरफको जो भयाको षवर षुलासा लेषी पठाउन्या काम वढीया गर्याछौ पत्रले सर्वं विस्तार वुझियो सिभुका लामालाई चिठी लेषीन्या डिगर्चाको लामाको मानिस रहेछ तेसले घा गरि होइ सकन्या छैन भोटका र चिनका घा गर्न्या आयाका छैनन् तिम्रा दोभास्या नेपालवाट आयापछि तिमि पनी जाउला अइले लडाञी ठामिदैन भनि भन्या भनि लेष्याका कुरालाई वढीया जवाप दियाछौ. लामाको दोभास्यालाई पनि ञाहावाट पठाइ दियाको छ. आइपुग्ला लडाञीमा षेत र घाइत्याहरूको नामासिर गोला गिराफ षर्च भयाको वेहोरा वारको कागज पठाउन्या काम वढीया गर्याछौ आइपुगी सवै विस्तार वुझियो झुगा अम्वल भयापछि पार्सिटारमा दुइ सये नाल राषी तोप वन्दुक षजाना रसद गैह्र झुगामा जमा गरि राषनु भंन्या हाम्रा तजवीजमा यस्तो लाग्छ तिम्रा तजवीजमा जो ठहर्छ सो तजवीज मिलाई गर्न्यैछौ. गुन्टा अडासर गर्दा दुस्मनका तरफको कति मर्याछन् निकानाउ ज्यादमा पनि कोही मर्याछन् की कसो वुझि लेषी पठाउन्या काम गर्या वढीया होला उपरका कुरालाई र सर्वं तजवीज मिलाई झुगा लिन्या काम गर्न तिमी जान्यै छौ शुभम्–

वैसाष शुदी १२ रोज ७ मा

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चह्राइ पठाया-को झुगा किल्ला दक्षिण तरफ हाम्रो मुल वाटो जादा उचा पर्दो रहेछ पूर्वतिरवाट जंगीगोला र फुट्न्या गोला हान्दा जगै उचो पर्न गयाको हुनाले झुगा किल्लाभित्रका घर सवै देषिन्दा आधा भत्क्यो भोट्या सहे घरमा मर्या-को पनी देषींदो रहेछ उत्तर तरफवाट पनि किल्ला थोर उचै देषीन्छन् पश्चीम तरफवाट जंगी गोला हान्नलाई किल्ला अगलो हुनाले वडो गम् छैन झुगा किल्लामा जिन्दा रानीका जत्तो घर यौटा रहेछ दुइ गोटा उसभन्दा थोरो साना रह्या छन् अरू सहलीया घर अंदाजले ८०।६० जती हुनन् भंन्याझैं लाग्छ जंगी गोला र फुट्न्या गोला पुर्व दिसावाट वरोवर हानिन्छ आज श्री लेफटेन्ट जनरल दाज्यैज्यूसंग आयाका ६ तोपमध्ये २ तोप ६ पंनीका फलाम्या झुगातर्फ रवाना भयो पश्चीम तिरको अडामा वलभद्र माझी उत्तरको अडामा रामु आले दक्षीण पट्टीको अडामा श्रीकृस्न साही पुर्व-तिरको अडामा सम्सेर वस्याका छन् दुस्मनले भाग्न्या वाटो पनी पाउदैन तोपषानाको अरू अफिसर र जस धीरसिं वस्न्यात पुर्व तरफवाट वरावर फुट्न्या गोला र जंगीगोला हान्दछन् मद्दतलाई तोप र जंगीगोला हर्षत् भयाको छैन थोर नगीच भिडीयेर हान्दा वन्दुकले हान्दो रहेछ उकलेर हल्ला गरौभन्दा किल्लाको पर्षाल अगलो हुनाले अलीक गमन पर्न्या जंगीगोला र फुट्न्या गोला हान्दा अघी १५।२० षेर गया छन् ज्मा हानियाका गोला २६० हानीया भरे भोलीमा सर हुन्छ आड किल्लाको नकसा चित्रकारी सार्है ढिलो हुनाले उतिसक्याको छैन उती सक्यापछि विन्ति चह्राइ पठाउला लेफटेन्ट जनरल दाज्यैज्यू तोप ४ वम २ ज्मा ६ ली ञाहा आइ पुगनु भयो १ तोप मसंग १ तोप गुन्टा किल्लामा राषी वाकी तोप २ वम २ ली झुगाका मदत्लाई झुगादेषी ३ कोस वढो घोर्मा गाउंमा वस्न भोली रवाना हुंछ तोपको र वमको षजाना जो अफिसरले माग्छ. जो चाहिन्छ तपाञी-ले पुर्याउनु भनी उर्दि दिञा रसुवामा रह्याको ६ पंनी १२ पंनी १८ पंनीको वम पनि पार्सिटारमा आइ पुग्या भोलिपर्सिमा आइ पुग्छन् ञाहा आइ पुग्नी वित्तिकै घोर्मा गाउंमा दाज्यैज्यू भयाका ठाउमा पठाइ दिन्याछु तोप १० वम ३ येति ञाहा मसंग र झुगा तरफ गरि गयाका छन् रसद थोर नपुग्नाले फौजलाई माथी वढाउनु भयेन र म ञाहा वस्याको छु रसद वरोवर ताकीती भयापछि म पनी लेफटेन्ट जनरलसंग घोर्मामा वस्न जांछु मुकाम लुंटा शुभम्–

६१) **वैसाषका १८ दिन जांदा**

लेटर पल्टनका सायेत्–

दिन गत घटी ७ पला ५७ जादा केरूंतर्फ रवाना हुनालाइ श्री ५ सर्कारमा विदा भयाको— १

दिन गत घटी ११ पला ४२ जादा लेटर पल्टन् केरूं तरफ रवाना भयाको—

| | | | |
|---|---|---|---|
| मेजर कपतान प्रभु अधिकारी— | १ | कपतान विरूधोज भडारी— | १ |
| लेफटेन् अँ वर्ण वस्न्यात् | १ | अजिटन् षम्वसेर षत्री— | १ |
| लँन् लछिमन् थापा— | १ | निसान् | २ |
| सुवेदार— | १० | कप्रेल ज्मादार— | १० |
| नाल— | ५११ | वादसाही वाजाका वानादार— | २६ |

**वैसाष शुदी १३ रोज १ मा**

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत सम्सेरजङ्ग कुबर राणाजीवाट लेषी चह्राइ पठायाको गुन्टामा लडाञी भयाको फौजले हल्ला गरि दुस्मन्लाई ११। कोसम्म लगाडी जगा सर भयो श्री च्यांग्रासि देवताको पुजा गरि २ पट्टीले वढाई गरायाछौ. तिमीले आफ्नु ज्मा मर्दि राषी वाफज्यादाको नाउं समझि आफ्ना अकल वुद्धिले मेरो अैन उर्दिमा राषी फौजलाई समझाई जगाको तजवीज गरि फौज षटाई दुस्मनलाई हल्ला गरि लगारि मारि गुन्टा जगा फत्ये गऱ्या छौ येस्कुरामा तिमीले पुर्षाको नेगनामी गऱ्यौ मलाई पनी जस दिलायौ जनरलले गर्न्या काम गऱ्यौ म वहुत षुसि भञा तिम्रा लडाञी फत्येनामाको २१ तोपको सलामी गराञा भनी लेषी वक्स्याका अर्थ यो काम साध्ये भयाको हजुरका तालीमले र प्रतापले हो हजुरका तालिम जति मसंग छ ता साज वेहानमा झुगा किल्ला पनी सर हुन्या छ तोप षजाना र रसद पानी मद्दतलाई फौज वरोवर रमाना गर्दछु अघी गयाका पल्टन्का अफिसरहरूलाई पनी वषत विचार गरि षपकीर स्यावासी गर्दछु. उनीहरू पनी वरावर मिहीनतँमा छन् झुगा किल्ला सर भयापछि किल्लाभित्र भोट्याले ईनार षनायाको रहेछ भन्या तेसमा विष हाल्याको छ कि छैन भनी विचार गरी १२ दिनपछि मात्र पानी षुवाउनु इनार षन्याको रहेनछ भन्या फौज किल्लाभित्र पुग्यापछि किल्लाभित्र इनार षनाई पानी तयार गर्नु रसद वरोवर झिकाई किल्लामा भन्याँ काम गर्नु भोट्याहरूको पायाको दोचा वषु च्यापसा छुरि भाला सर्व ज्मा गरी लडाञी गर्न्या अफिसर हुदा सिपाही नपुगन्याहरूलाई दी अरू च्यापसा छुरि अफिसर पगरीहरूले लिन्छौ भन्यालाई दी वाकी रह्याको दोचा वषु च्यापसा छुरि भाला लडाञीमा जान्या पिपा षलासिलाई वाडी दिनु वन्दुक जतीछन् रसुवा अडामा जगेरा राषनु पठाउन्या काम गर्नु भनी लेषी वक्स्याका अर्थ मर्जि वमोजिम मुद्दा मुद्दा समझी काम गर्न्या छु. वंदुक रसुवा पठाउन्या छु मुकाम लुंदा शुभम् — (क्रमशः)

# ABOUT THE AUTHORS

| | |
|---|---|
| Mrs. Shobha Shrestha | —Deputy Research Officer, Department of Archaeology, HMG/Nepal. |
| Mr. Sukra Sagar Shrestha | —Archaeological Officer, Department of Archaeology, HMG/Nepal. |
| Mr. Janak Lal Sharma | —Ex-Acting Director-General, Department of Archaeology, HMG/Nepal. |
| Mr. Mohan Prasad Acharya | —Research Scholar Nepal |

'**प्राचीन नेपाल**' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
**पुरातत्त्व विभाग**
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field -archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
**Department of Archaeology**
Ramshahpath
Kathmandu, Nepal.